# अध्याय एक
# परिचय

## १.१ पृष्ठभूमि

विवाह एउटा त्यस्तो संस्था हो जसले स्त्री र पुरुषलाई पारिवारिक जीवनमा प्रवेश गराउँछ र पारिवारीक विकास चक्रमा महत्वपूर्ण भुमिका खेल्दछ (फ्रिकी, १९८६) । विवाहलाई सामाजिक मान्यता र आज्ञा एवं धार्मिक स्वीकृति प्राप्त हुन्छ । वास्तवमा समाज शास्त्रीहरुले विवाहलाई दुई वा दुई भन्दा विपरित लिङ्गीहरुको बीचमा समाजद्वारा अनुमोदित, औपचारिक र अपेक्षकृत स्थायी सम्बन्धको एउटा व्यवस्था मानेका छन । विवाहले स्त्री र पुरुषको यौन सम्बन्ध भई समाजलाई निरन्तरता दिने गर्दछ ।

समाज परिवर्तन सँगै विवाह प्रतिको बुझाइको विश्लेषणमा पनि परिवर्तन आउछ । विवाह प्रथा विश्वव्यापी भएता पनि विवाहको प्रकार र पद्धति भने समय, परिवेश, समाज र संस्कृति अनुसार फरक र विशिष्ट हुने गर्दछ (मोर्गन, १९८८) । अर्को शव्दमा भन्नेहो भने विवाहका स्वरुप एउटा उत्पादन प्रकृयमा एक किसिमको हुन्छ भने अर्को उत्पादन प्रकृयामा पृथक किसिमको पाइन्छ (ऐगेल्स, १९८६) । यसै गरि एउटै समुदायमा एउटै समयमा विभिन्न स्थान विशेषमा विभिन्न प्रकृतिका विवाहका रुपहरु भेटिन्छ ।

आजको विश्व पूँजीवादी उत्पादनबाट कुनै पनि समाज अलग रहन सकेको देखिदैन (मिश्र, २०६२) । त्यसैले झापा जिल्लाका राजवंशीहरु पनि पुजिवादी उत्पादनबाट अलग रहन सक्दैनन् । केहि वर्ष अघि सम्म तराइका जमिन्दारका रुपमा रहेका राजवंशीहरु आज जमिन विहिन हुदै गएका छन । जीविकोपार्जनका लागी खेतीपाती भन्दा अन्य आर्थिक पक्षहरु जस्तै ज्यालादारी, वैदेशिक रोजगार, व्यापार-व्यावसाय आदीमा निर्भर बन्दै गएका छन । यसरी उनीहरुका उत्पादन को स्वरुपमा परिवर्तन सँगै तिनीहरुको सामाजिक, सास्कृतिक पक्ष जस्तै विवाहमा पनि परिवर्तन आएको हुन सक्छ र छ पनि । जस्तैः- उनीहरुको विवाह गर्ने उमेर, जीवन साथी छनोट गर्ने पद्धति, विवाहको स्वरुप आदी पक्षहरु परिवर्तन भएको देखिन्छ । त्यसैले यो अनुसन्धान यिनै विषयबस्तुलाई विस्तृत रुपमा केलाउने प्रयास गरिएको छ । अझ भन्ने हो भने यो अनुसन्धान झापा जिल्ला, डाँगिवारी गाउँ विकास समिति, वडा नं. १ मा बसोबास गर्ने राजवंशी समुदायको आर्थिक पक्षमा आएको परिवर्तनले उनीहरुको विवाहमा पारेको प्रभावको बारेमा व्याख्या र विश्लेषण गर्ने

प्रयास गरिएको छ ।

**१.२ समस्याको कथन**

नेपालको अस्तित्व यहाँका भाषा, जातजाती, धर्म तथा संस्कृतिमा गासिएको हुन्छ । प्रत्येक जातिका बेग्लाबेग्लै संस्कृति, परम्परा, मूल्य-मान्यताले आफ्नो-आफ्नो अलग पहिचान स्थापित गरेका छन । यि परम्पराहरु समाजको उत्पादन प्रकृयामा आएको परिवर्तन संगसगै परिवर्तन हुदै गएको हुनसक्छ । त्यसैले उनीहरुको मूल्यमान्यता र त्यसमा आएको परिवर्तनको बारेमा समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोण बाट केहि अध्ययन अनुसन्धान भएको पाइए पनि सुक्ष्म रुपमा कुनै पनि जाति विशेषलाई केन्द्रित गरी बदलिदो उत्पादन प्रकृयाले परम्परागत मूल्य-मान्यतामा पारेको प्रभाबको बारेमा अध्ययन गरेको पाइदैन । यस्तो अवस्थामा यो अध्ययन राजवंशी जातिको आर्थिक पक्षमा आएको परिवर्तनले विवाहमा पारेको प्रभावलाई हेर्ने प्रयत्न गरिएको छ ।

विभिन्न समाजशास्त्री तथा मानवशास्त्री र विद्धानहरुबाट राजवंशी जातिका बारेमा अहिले सम्म धेरै किसिमबाट अध्ययन, अनुसन्धान भएका छन । (पन्त, २०४१), (विष्ट, २०५५), (धिमिरे, २०६७), (चौधरी, २०६४), (श्रेष्ठ, २०६४) यी अध्ययन अनुसन्धानले राजवंशी जातिको इतिहास, परिचय, धर्म, सस्कृति आदिमा मात्र केन्द्रित भएको देखिन्छ । राजवंशीहरुको संस्कृति अन्तर्गत पर्ने एउटा मूख्य परम्परा विवाह संस्कारका विषयमा हाल सम्म ज्यादै कम अध्ययन अनुसन्धान भएको पाइन्छ । त्यसैले यो अनुसन्धान राजवंशी जातिको विवाह संस्कारलाई केन्द्रविन्दु बनाई अध्ययन गर्ने प्रयास गरिएको छ ।

मार्क्सले भनेझै समाज परिवर्तनशिल छ । आर्थिक पक्षमा आएको परिवर्तनले उनीहरुको सामाजिक, सास्कितक पक्षहरु निकै परिवर्तन भएको हुन्छ । तसर्थ राजवंशी जातीको विवाह संस्कारमा के-कस्ता कारणले गर्दा परिवर्तन भए र कस्ता परिवर्तन आए त्यसलाई केलाउनु आफैमा समाजशास्त्रीय दृष्टिकोणबाट महत्व राख्दछ ।

मार्क्सवादी दृष्टिकोण अनुसार उत्पादन प्रणालीले समाजमा सम्पूर्ण सामाजिक, राजनैतिक, सास्कृतिक एवं धार्मिक, शैक्षिक लगायत सम्पूर्ण संस्थालाई निर्धारण गरे जस्तै कसरी राजवंशी समाजमा पनि अर्थिक पक्ष सँगै समाज परिवर्तन हुदै जाँदा उनीहरुको परम्परागत विवाह संस्कार परिवर्तन भइरहेको छ । त्यसलाई केलाउने प्रयास गरिएको छ । यिनै माथि उल्लोखित अनुसन्धानको समस्यालाई विश्लेषण गर्दै निम्न प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१) राजवंशी जातिको जीविकापार्जनको साधन पहिला के थियो र अहिले के छ ? ति साधनहरु के कसरी परिवर्तन आएको छ ?

२) राजवंशी जातिको परम्परागत विवाह कस्तो थियो ?

३) हाल आएर राजवंशी समाजमा प्रचलित विवाह कुन हो ? परिवर्तन को कारण के-के हुन ?

४) विवाह प्रति उनीहरुको बुझाइ के हो ? किन परिवर्तन आयो ?

५) उत्पादन प्रणालीमा आएको परिवर्तनले राजवंशी जातिको विवाह पद्धतिलाई कसरी प्रभाव पार्दो रहेछ ?

## १.३ अध्ययनको उद्देश्य

जुनसुकै अध्ययनमा कुनै पनि किसिमको केही न केही उद्देश्य अन्तरनिहित रहेका हुन्छन । त्यसै अनुरुप राजवंशी जातिको विवाह संस्कारमा गरिएका यस अध्ययनमा मुख्य दुई वटा उद्देश्य निर्धारित गरिएको छ ।

- राजवंशी जातिको आर्थिक पक्ष र त्यसमा आएको परिवर्तनका बारेमा बुझ्ने र
- अर्थिक पक्षमा आएको परिवर्तनले र त्यसले विवाहमा परेको प्रभाव बारेमा अध्ययन गर्ने ।

## १.४ अध्ययनको महत्व

राजवंशी पनि नेपालको एउटा महत्वपूर्ण अदिबासी हो जो पूर्वी नेपालको झापा, मोरङ्ग जिल्लामा बसोबास गर्दै आएका छन । यिनीहरुको अध्ययन बाट विभिन्न किसिमका तथ्य पत्ता लाग्दछ । सभ्यताको विकास सँगै उनीहरुमा आएको परिवर्तन र परिवर्तनलाई स्वीकार गर्ने उनीहरुको व्यवहार बारे शोध कार्य हुनु महत्वपूर्ण छ । समाज स्थीर नभइ परिवर्तनशिल छ । जस अनुसार राजवंशी समाज पनि परिवर्तन हुदै आएको छ । राजवंशी जातीको आर्थिक पक्षमा आएको परिवर्तनले उनीहरुको सामाजिक, सास्कृतिक पक्षहरुमा पनि परिवर्तन हुदै आएको पाइन्छ । तसर्थ यो अध्ययन केवल राजवंशी जातिको विवाह संस्कारको बारेमा मात्र नभई राजवंशी जातिको परम्परागत विवाह के-कस्ता थिए र उत्पादनमा आएको परिवर्तनसँगै विवाहमा कसरी परिवर्तन आएको छ ? त्यसलाई अध्ययन गरिने हुनाले राजवंशी जातीको विवाहको बारेमा इच्छुक व्यक्ति, संघ-संस्था र भावी पिढीलाई समेत यो शोधपत्र महत्वपूर्ण स्रोत बन्न सक्छ ।

### १.५ सैद्धान्तिक अवधारणा

समाजशास्त्र तथा मानवशास्त्रमा देखा परेका विभिन्न दृष्टिकोणहरु मध्ये मार्क्सवादी दृष्टिकोण पनि एक हो । जसलाई कार्ल माक्सबाट प्रतिपादित विचार तथा सिद्धान्तका पद्धति भनेर बुझ्ने गरिन्छ । जसमा उहाँका अभिन्न सहयोगी ऐङ्गेल्सको पनि महत्वपूर्ण योगदान रहेको छ । यो सिद्धान्त सन १९५० पछि समाजशास्त्र तथा मानवशास्त्रमा देखा परेका सिद्धान्त हो । समाज र संस्कृतिलाई व्याख्या र विश्लेषण गर्ने प्रकार्यात्मक दृष्टिकोणले समाजको गतिशिलतालाई ध्यान दिन नसकेको एउटा अवस्था र विशेषगरी पूँजीबादी उत्पादन प्रर्णाली समाजमा देखिएका व्यापक परिवर्तनमा उत्पादन सयन्त्र तथा व्यवस्थाले सामाजिक व्यवस्थालाई प्रभाव पार्न सक्छ भन्ने बस्तुगत तर्कको विकास भइनसकेको सन्दर्भमा समाजलाई व्याख्या र विश्लेषण गर्ने नयाँ दृष्टिकोणको रुपमा मार्क्सवादी उपागमनको विकास भएको हो । जसले दोस्रो विश्वयुद्ध पछि शैक्षिक आधार बनाउन सक्यो । मार्क्सवादले समाज विकासको प्रत्येक कालखण्डको चर्चा गर्दछ । उत्पादन व्यवस्थाको परिवर्तन सँगै सामाजिक व्यावस्थामा आएको परिवर्तनका बारेमा बुझ्न माक्सवादी दृष्टिकोण उपयुक्त उपागमन हो । यसले समाज र संस्कृतिलाई व्याख्या र विश्लेषण गर्न ऐतिहासिक द्वन्द्वात्मक भौतिकबादी दृष्टिकोणको अबलम्बन गर्दछ । जसले समाजको विकास र परिवर्तनको प्रत्येक कालखण्डमा उपस्थिति उत्पादन प्रर्णाली र त्यस भित्रको द्वन्द्वको स्वरुपलाई महत्व दिन्छ ।

यस अध्ययनका लागि राजवंशी समाजको सामाजिक संरचना कसरी निर्माण भएको छ भन्ने कुरालाई देखाउने प्रयास गरिएको छ । जसमा विवाहलाई केन्द्र विन्दु बनाएर राजवंशी जातिको विवाह आर्थिक, पक्षसँग कसरी जोडिएको छ त्यसलाई केलाउने प्रयास गरिएको छ ।

### १.६ अवधारणात्मक संरचना

यो अनुसन्धान राजवंशी जातिको आर्थिक पक्षमा आएको परिवर्तनले उनीहरुको सामाजिक तथा सास्कृतिक पक्ष, त्यसमा पनि विवाहमा कसरी प्रभाव पार्दछ भन्ने कुरालाई समाज शास्त्रीय दृष्टिकोणबाट हेरिएको छ । यसलाई बुझ्नको लागि एक अवधारणत्मक प्रारुप तयार पारिएको छ ।

**चित्र १**

**राजवंशी जातिको उत्पादन स्वरुप र त्यसमा अवस्थित विवाहको स्वरुप**

विवाहको स्वरुप
- बहु विवाह
- सानो उमेरमा विवाह
- वुहारी छान्ने प्रकृया

→ **परिवर्तन** →

विवाहको स्वरुप
- एक विवाह
- ठूलो उमेरमा विवाह
- श्रीमान श्रीमती छान्ने

उत्पादन स्वरुप
- कृषि

→

उत्पादन स्वरुप
- बजार केन्द्रित

चित्र १ मा उत्पादन प्रणालीले विवाहको स्वरुपमा पारेको प्रभावलाई देख्न सकिन्छ । मार्क्सवादी ढाँचाको मान्यता अनुसार उपरी संरचनालाई आधार संरचनाले निर्धारण गरेको हुन्छ भनेझै उत्पादन प्रणाली अनुरुप विवाहको स्वरुप देख्न सकिन्छ । पहिला समाज कृषि उत्पादन प्रर्णालीमा आधारीत थियो । त्यसैले विवाहका स्वरुप पनि उत्पादन प्रर्णालीले नै निर्धारण गरेको देखिन्छ । जस्तैः- बहु विवाह, सानो उमेरमा विवाह गर्ने अथावा बालविवाह र बुहारी छान्ने प्रकृया जुन केटा र केटीको लागि नभएर बाबु-आमा र घरपरिवारको रोजाइमा हुने गर्दथ्यो भने हाल उत्पादन प्रर्णालीमा परिवर्तन भई कृषि बाट बजार केन्द्रित उत्पादन प्रर्णालीमा रुपान्तरण भएको पाइन्छ । त्यसै अनुरुप विवाहमा पनि परिवर्तन भएको देख्न सकिन्छ । जस्तैः- एक विवाह प्रर्णाली, ठूलो उमेरमा विवाह गर्ने प्रकृया र बुहारी छान्ने नभई श्रीमान वा श्रीमती छान्ने प्रकृया बढेको देखिन्छ ।

### १.७ अध्ययनको संगठनात्मक स्वरुप

यस अध्ययनको स्वरुप अनुसार पहिलो अध्यायमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, महत्व, सैद्धान्तिक अवधारणाका बारेमा चर्चा गरिएको छ । दोस्रो अध्यायमा पूर्व साहित्यको समिक्षा गरिएको छ । तेस्रो अध्यायमा अध्ययन अनुसन्धान पद्धतिको बारेमा चर्चा गरिएको छ । चौथो अध्यायमा अध्ययन क्षेत्रको सामाजिक तथा सांस्कृतिक अवस्थाको बारेमा चर्चा गरिएको छ । पाँचौ अध्यायमा यस समुदायको आर्थिक

अवस्थाको बारेमा प्रस्ट पार्ने प्रयन्त गरिएको छ । छैठौं अध्यायमा विवाहको बारेमा अध्ययन गरिएको छ । सातौ अध्यायमा अध्ययनको निष्कर्ष र सारांश प्रस्तुत गरिएको छ । अन्ततः परिशिष्टाङ्कमा यस अध्ययन संग सम्बन्धित सामाग्री, प्रश्नावली, र राजवंशी जातिको तस्विरहरु प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

## साहित्यको समिक्षा

### २.१ मार्क्सवाद एक सैद्धान्तिक विश्लेषण :-

कालमार्क्सबाट प्रतिपादिन विचार तथा सिद्धान्तका पद्धतिलाई नै माक्सवाद भनिन्छ । जसमा उहाँका अभिन्न सहयोगि ऐङ्गेल्सको पनि महत्वपूर्ण योगदान रहेको छ । यो सिद्धान्त सन १९५० पछि समाजनशास्त्र तथा मानव शास्त्रमा देखा परेको सिद्धान्त हो । मार्क्सले आफु भन्दा पहिलेका आर्थिक, सामाजिक, राजनीतिक तथा दार्शनिक ज्ञानको प्रशस्त मात्रामा अध्ययन गरेर त्यसको निष्कर्षको रुपमा मार्क्सवादको रचना गर्नु भएको हो । उन्नाइसौ शताब्दीमा विश्वका सबैभन्दा विकसित मुलुकहरुमा यि मुख्य तीन विचार धारालाई बस्तुगत एवं वैज्ञानिक विश्लेषणका साथ पूर्णता दिने प्रतिभा मार्क्समा थियो । मार्क्समा रहेको विलक्षण तर्कशिलता र पूर्णतालाई उहाँका विरोधीहरु समेतले स्वीकार्न बाध्य थिए । तत्कालीन विचार प्रतिको मार्क्स र ऐङ्गेल्सको बैज्ञानीक दृष्टिकोणको समष्टिगत रुप नै मार्क्सवाद हो । जो विश्वका सबै राष्ट्रको मजदुर आन्दोलनको सैद्धान्तिक आधार र कार्यक्रम बनेको छ । यो सर्वहारा श्रमविवी वर्गको मुत्ति को सिद्धान्त र मानवीय विज्ञान पनि हो । वास्तवमा माक्सवाद एक वैज्ञानिक दर्शन, राजनीतिक अर्थशास्त्र र क्रान्तिकारी समाज विज्ञान हो (मार्क्स र एंगेल्स, १९८६, अनुवादः कृष्ण प्रसाद श्रेष्ठ) ।

समाज र संस्कृतिलाई व्याख्या र विश्लेषण गर्ने प्रकार्यात्मक दृष्टिकोणले समाजको गतिशिलतालाई ध्यान दिन नसकेको एउटा अवस्था र विशेष गरि पूजीबादी उत्पादन प्रणालीसँगै समाजमा देखिएको व्यापक परिवर्तनमा उत्पादन संयन्त्र तथा व्यवस्थाले सामाजिक व्यावस्थालाई प्रभाव पनि पार्न सक्छ भन्ने बस्तुगत तर्कको विकास भइनसकेको सन्दर्भमा समाजलाई व्याख्या र विश्लेषण गर्न नयाँ दृष्टिकोणका रुपमा माक्सबादी उपागमनको विकास भएको हो । जुन दोस्रो विश्वयुद्ध अघिदेखी चलेको मार्क्सवादी र गैर मार्क्सवादीहरु बीचको बैचारिक द्वन्द्वको परिणती थियो । उत्पादन व्यवस्थाको परिवर्तन सँगसगै सामाजिक व्यवस्थामा आउने परिवर्तनका बारेमा बुझ्न मार्क्सवादी दृष्टिकोण उपयुक्त उपागमन हो । जसले समाज र संस्कृतिलाई व्याख्या र विश्लेषण गर्न ऐतिहासिक द्वण्द्वात्मक भौतिकबादी दृष्टिकोणको अबलम्बन गर्दछ । जसले समाजको विकास र परिवर्ततन्का प्रत्येक कालखण्डमा उपस्थिति उत्पादन प्रणली र त्यस भित्रको द्वन्द्वको

स्वरुपलाई महत्व दिन्छ । सामाजिक जीवनमा विकसित सामाजिक घटनाक्रमले चेतजाको निरुपण गर्दछ भन्ने दृष्टिकोणको विकास मार्क्सवादको ऐतिहासिक द्वन्द्ववादमा पाइन्छ । जसले एउटा सामाजिक, आर्थिक व्यवस्थाका ठाउँमा अर्को बढी नियमित र व्यवस्थित समाजको उपस्थितिलाई परिवर्तन मान्दछ । यसमा उत्पादन शक्ति र उत्पादन सम्बन्धका बारेमा चर्चा गरिएको छ । यसमा उत्पादन सम्बन्धले उत्पादनका साधनहरुको स्वामित्वबाट उत्पन्न सामाजिक सम्बन्धलाई जनाउँछ भने उत्पादनका शक्तिहरु भन्नाले भूमि, श्रम, पूँजी, संगठन तथा उपकरणलाई जनाउँछ (मार्क्स र एंगेल्स, १९८६, अनुवादः कृष्ण प्रसाद श्रेष्ठ) ।

सामाजिक, सास्कृतिक अध्ययन र विश्लेषणमा माक्सवादी उपागमन निकै उत्तम मानिएको छ । मूलरुपमा यस सैद्धान्तिक ढाँचाको समाज र सस्कृतिको व्याख्या गर्ने सम्बन्धमा प्रकार्यावादी विश्लेषणले समेट्न नसकेको पक्षलाई आधार बनाउदै सामाजिक परिवर्तनको यथार्थ नियमलाइ आत्मसाथ गर्दै विकसित भएको छ । जहाँ समाजको विकासको नियमका बारेमा विवेचना तथा विश्लेषण गर्ने सैद्धान्तिक ढाँचा तयार पार्न वर्ग संघर्षको रुवरुप, आर्थिक विकासको स्वरुप, राजनैतिक व्यवस्था तथा सामाजिक संस्थाको गठबन्धनको स्थिति र नियम आदिलाई आन्तरिक विश्लेषण्को विषय वस्तु बनाउनु पर्नेमा जोड दिएका छन भने पूँजीवादी विश्व अर्थतन्त्रको प्रभाव र यसको विकासको प्रक्रिया, वृहत आर्थिक विश्लेषणको विषयवस्तु बनाउनु पर्ने तथ्यमा जोड दिएको छ (मार्क्स र एंगेल्स, १९८६, अनुवादः कृष्ण प्रसाद श्रेष्ठ) ।

मार्क्सवादी मोडेलले सामाजिक संरचनालाई स्थिर नभई परिवर्तनशील मान्दछ । समाजको हरेक सामाजिक, सास्कृतिक तत्वहरुको अवस्थितिलाई आर्थिक व्यवस्था तथा तत्वले प्रभाव पार्ने हुँदा आर्थिक विकासको संरचना परिवर्तन हुँदा सामाजिक संरचनामा परिवर्तन आउछ भन्ने द्वन्द्ववादको नियम यस मोडेलमा प्रयोग गरिन्छ । जुन ऐतिहासिक घटनाक्रमबाट प्रभावित भएको पनि हुन्छ । प्रत्येक समाज द्वन्द्व र परिवर्तन बाट अलग रहन नसक्ने भएका कारण द्वन्द्व र परिवर्तनको स्थिति बुझ्न समाज विकासको नियमलाई बुझ्नु पर्दछ । जसमा विभिन्न कालखण्डमा विकास भएका उत्पादन व्यवस्थाबाट प्रत्येक समाजिक ढाँचा प्रभावित भएको छ । भन्ने सामाजिक यथार्थलाई उच्च महत्व दिन्छ । कुनै पनि सामाजिक घटनाको उत्थानमा ऐतिहासिक पक्षको विश्लेषण अनिवार्य मानिन्छ । यसैबाट घटनालाई पूर्वानुमान गर्न सकिन्छ । त्यसैले यसका परिवर्तनका नियमहरुलाई खोज्नु पर्दछ र विश्लेषण गर्नुपर्दछ । सामाजिक द्वन्द्ववादको नियमलाई अलग गरेर सामाजिक विकासको

नियम बुझ्न सकिदैन भन्ने तथ्यमा यसले जोड दिन्छ । यस उपागमनले समाजको परिवर्तनलाई दैविक मान्दैन । तर यस्तो परिवर्तनमा एकरुपता र नियमबद्ध हुन्छ भन्ने तथ्यलाई आत्मसाथ गरिएको हुन्छ । मार्क्सवादी मोडेलका आधारभूत दार्शनीक विश्लेषण, ऐतिहासिक भौतिकवादमा आधारित छ । जस अन्तर्गत समाज विकासमा आर्थिक तत्वलाई मूल कारक तत्व मानिएको हुन्छ र वर्ग संघर्षबाटै समाजको विकास आगाडी बढेको हुन्छ भन्ने विश्वास गरिन्छ । यही वर्ग संघर्षबाट केही विकास र केहीको उत्पति हुन सक्छ (रिट्जर, २०००) ।

विस्तृत रुपमा भन्ने हो भने कार्लमाक्सले सामाजिक व्यवस्थालाई पूजीवादी रुपमा विश्लेषण गरेका छन । जहाँ समाजमा केही व्यक्तिले सिङ्गो समाजका व्यक्तिहरु माथि नाङ्गो शोषण गरेका हुन्छन । सामाजिक अन्तर विरोध समाजमा रहन्छन । जसबाटै सामाजिक व्यवस्थामा द्वण्द्वका सृजना हुन्छ । यही प्रक्रियाबाट समाज परिवर्तनको प्रक्रिया शुरु हुन्छ । यही परिवर्तनको प्रकृती सँगै सामाजिक व्यवस्था, मूल्य-मान्यता, पद्धति, प्रथा, सामाजिक संगठन र संस्था, दृष्टिकोण परिवर्तन आउदै नयाँ व्यवस्था र दाँचाको विकास हुन्छन (रिट्जर, २०००) ।

मार्क्सवादमा समाजको ऐतिहासिक विकासक्रमको अध्ययन गरिन्छ जसमा उत्पादन व्यवस्थाले सामाजिक व्यवस्थालाई के-कसरी प्रभाव पार्दछ भन्ने बारे द्वन्द्ववादी अवधारणालाई केन्द्रिय दृष्टिकोण मानिएको हुन्छ । यसैगरी आधासंरचनाले उपरीसंरचनालाई निर्धारण गर्दछ । मार्क्सवादमा समाजको परिवर्तनशिलतालाई जोड दिएको हुन्छ । जुन परिवर्तन उत्पादन शक्ति र उत्पादनको सम्बन्धको अन्तरक्रियाबाट प्रकट हुन्छ । वर्गिय आधारमा पूँजीपति र श्रमिक वर्ग बीच वर्गिय स्वार्थको कारण द्वन्द्व र यसबाट परिवर्तन हुन्छ भन्ने मान्यता राखिएको हुन्छ (रिट्जर, २०००) ।

## २.२ भौतिक बादी दृष्टिकोण बाट विवाह

भौतिक तत्वले नै समाजको सामाजिक मूल्य-मान्यतालाई निर्धारण गर्दछ (मार्क्स) । अर्थात समाजमा रहेको उत्पादन प्रर्णालीले नै अधार संरचनाको रुपमा विचार, चाहाना, आदर्श, धारणा, दर्शन आदी प्रकृतिको निर्धाण गर्दछ साथै उत्पादन प्रर्णालीमा आएको परिवर्तनले नै उपरी संरचनाको स्वरुपमा निश्चित प्रकारको फेरबदल ल्याउछ भन्ने मान्यता माक्सवादी ढाँचाको रहेछ । यसैको आधारमा विवाह भन्ने संस्थालाई हेर्दा निश्चित कालखण्डमा निश्चित खालका विवाहका स्वरुप रहेको पाइन्छ । जस अनुसार इतिहासको

कुन कालखण्डमा कस्तो खालको विवाह पद्धति थियो र वर्तमानमा किन फरक-फरक विवाह पद्धति हुन्छन भन्ने सम्बन्धमा विद्धानहरुले आ-आफ्नै विचार व्यक्त गरेका छन ।

मार्क्सका अनुसार सिङ्गो मानव सभ्यता परिवर्तनशिल हुन्छ । परिवर्तन वा इतिहासको वर्गिकरणको आधार उत्पादन प्रणालीमा आएको ऐतिहासिक पुनर्गठनलाईै नै मान्नु पर्ने हुन्छ । अर्थात उत्पादन प्रणालीमा विगतमा भएका र भविष्यमा हुने परिवर्तन र पुनर्गठनलाई नै मानव इतिहासको वर्गिकरणको आधार मान्नु पर्दछ । उत्पादन पणालीको पुनर्गठनले नै नयाँ समाज र नयाँ अर्थतन्त्र, राजनीतिक परिपाटी, सास्कृतिक संरचना लगायत नयाँ मानव परिवार, समुदाय विवाह पद्धति,विवाह प्रतिको बुझाई, राष्ट्र र विश्वको सृष्टी गर्दछ (मिश्र, २०६२) ।

मोर्गनले पनि भौतिक वस्तुमा आएको परिवर्तनले विवाहमा परिवर्तन आउछ भनेका छन । उनका अनुसार विवाह परिवर्तनशिल छ । प्रारम्भमा विवाह रुपी कुनै संस्था थिएन । त्यस समयमा यौन स्वतन्त्रता थियो कुनै पनि महिला वा पुरुषले कुनै पनि महिला वा पुरुष सँग स्वतन्त्र रुपमा यौन सम्बन्ध राख्न सक्थे । समयको विकास सँगै स्वास्नीलाई ऋणमा दिने चलन पनि विकास भयो । प्रारम्भमा समाजमा बाबुको विशेष स्थान पनि थिएन । समाज मातृसत्तात्मक थियो । जस अनुसार बढी जसो सन्तान आमाबाट नै चिनिन्थे । समाज विकास हुदै जाँदा क्रमशः रक्त सम्बन्धमा आधारित विवाह, समुह विवाह, अस्थायी विवाह, पितृप्रधान विवाह र हाल प्रचलित रहेको एकलगामी विवाह चलनमा आएको हो मोर्गन(१९८८) ।

मिश्र(२०५७) का अनुसार विवाहलाई उत्पादन प्रणालीले निर्धारण गर्दछ । जस अनुसार सामन्तीवादी युगमा कुल घरना चोखो राख्न मागी विवाह पद्धति प्रचलनमा थियो । विवाह गर्दा बेहुला-बेहुलीको नभएर परिवारको मूली, नातागोता एवं कुलका अन्य मूलीहरुको भूमिका प्रवल रहनु र निर्णयशक्ती उनीहरुमा नै रहनु स्वभाविक थियो । उता स्वआर्जन नभइ पुर्खौली सम्पति, पुर्खौली राजनिती शक्ति र पुर्खौली सामाजिक हैसियत तय हुने परिपाटीमा बेहुलाले आ-आफ्नो बेहुलीको चयन गर्ने अधिकार नराख्नु स्वभाविक बन्यो भने पूँजीबादी युगमा नयाँ पद्धतिको सृजना भयो - प्रेम विवाहको । जन्मेको परिवारबाट छुट्टिएको, भिन्दै इलाका, शहर र देशमा काम गर्ने र बसोबास गरेको भविष्यमा पनि घर नफर्कने नयाँ ठाउँ, नयाँ सामाजिक सम्बन्ध स्थापित गर्नुपर्ने स्थितिमा आफ्नो वैवाहिक साथी चयन आफैले नै गर्नुपर्छ वैयक्तिक प्रेमको आधारमा । यस स्थितिमा प्रेम-विवाह गर्न

ऊ बाध्य पनि हुन्छ । सामन्तबादी अर्थराजनीतिको वैवाहिक पाटो मागी विवाह बनेझै पूँजिबादी अर्थराजनीतिको वैवाहिक पाटो प्रेम विवाह बन्छ ।

आदिम समाजको इतिहासको अध्ययन गर्दा हामी यस्ता अवस्थाहरुको संकेत भेटाउछौ, जहाँ लोग्नेहरुले धेरै स्वास्नी राखेका छन । उनीहरुको स्वास्नीहरु मध्ये प्रत्येकका धेरै लोग्ने हन्छन । तसर्थ यी सबै स्त्री, पुरुषका छोरा छोरी समान रुपले सबैका छोराछोरी मानिन्छन । यस अवस्थामा धेरै परिवर्तन हुन्छन र त्यसवेला सम्म यस्ता परिवर्तन हुदै जान्छन जबसम्म यस प्रथाले एक विवाह प्रणालीमा पूर्ण रुपमा संक्रमण गर्दैन । यी परिवर्तन कस्ता देखिन्छन भने सामुहिक विवाहको घेरा शुरुवातमा निकै व्यापक थियो तर पछि गएर झन झन साघुरिदै गयो र अन्तत्वगत्वा वर्तमान समयमा प्रचलित युग्म परिवार स्थितिमा नपुगुन्जेल यो प्रक्रिया चालुनै रहयो (मार्क्स र ऐङ्गेल्स, १९८६) ।

## २.३ नेपालमा जनजाति सम्बन्धि अध्ययन :-

समाजशास्त्रीय तथा मानवशास्त्रीय अनुसन्धान नेपालको सन्दर्भमा नया घटना होइन । यी कार्य दुइ शाताव्दी अघि देखिबाट नै विदेशी अनुसन्धानकर्ता बाट भैसकेको छ । जसलाई समयको आधारमा तीन चरणमा विभाजन गरिएको छ । जुन (सन १८११ देखि १९५०), (सन १९५० देखि १९९०) र (१९९१ बाट हाल सम्म) रहेको छ दाहाल, (२००८)। विदेशी अनुसन्धानकर्ताको दाजोमा नेपाली अनुसन्धानकर्ता थोरै भएता पनि यो प्रक्रिया निरन्तर रुपमा अघि बढिरहेको छ । यस क्रममा नेपालमा रहेका जनजातिय अध्ययनको सन्दर्भलाई हेर्दा शुरुमा यस्ता जातीय अध्ययनले निकै स्थान पाएको थियो । नेपाली अनुसन्धान कर्ताले जनजातीय आदिवासीको विवरणात्मक अध्ययन, द्वन्द्वात्मक एवं संरचनात्मक ढाँचाका साथ सामाजीक परिवर्तन, जनजातीय द्वन्द्व, सास्कृतिक द्वन्द्व र सामाजिक सर्वेक्षणका आधारमा थुप्रै अध्ययनहरु गरेका छन ।

यस क्रममा विशेष गरी तराईको जनजातिको बारेमा अध्ययन गर्ने क्रममा सबैभन्दा पहिले डोर बहादुर विष्टले (१९६६)मा राजवंशी लगायत बाइसवटा जनजातिको अध्ययन गरी 'एभयउभि या ल्भउबा' नामक ग्रन्थ प्रकाशित गरेको पाइन्छ । विष्टको प्रस्तुत पुस्तकमा राजवंशी जातिको बारेमा सामान्य वर्णनात्मक तरिकाले परिचय प्रस्तुत गरेको पाइन्छ । जुन सबैको लागी अति उपयोगी सावित भएको छ । यसैगरी विष्टको (२०५५) 'सबैजातको फुलबारी' नामक पुस्तक लेखी नेपालमा रहेका विभिन्न जान जाति जस्तो : राजवंशी,

जिरेल, नेवार, बाहुन, क्षेत्री, किरात, राइ, लिम्बु, तामाङ्ग, मगर, सुनुवार, सतार, खस, गुरुङ्ग, चेपाङ्ग आदिको जनजातिय अध्ययन ९भ्तललयनचबउष्अ कतगमथ० गरेको पाइन्छ । यो कितावमा मानवशास्त्री विष्टले जात जाति भित्रको सामाजिक तथा सास्कृतिक संस्थाहरुको अन्तर सम्बन्धलाई देखाउन खोजेका छन । त्यस्तै गोपालसिङ्ग नेपालीले (१९६५)मा प्रकार्यात्मक एवं संरचनात्मक ढाँचामा अध्ययन गरी 'त्जभ ल्भधबच' नामक पुस्तक लेखेका छन । जुन स्वदेशी विद्धानबाट नेपाली समाज र संस्कृतिको अध्ययनमा संरचानात्मक प्रकार्यात्मक ढाँचा प्रयोग गरि तयार पारिएको यहि मात्र कृति हो । यसैगरी दाहाल (१९७९) 'धिमाल लोक जीवन अध्ययन' मा धिमालका बारेमा, गौतप र थापा मगरले (१९९४) 'त्चष्दबी भ्तजलयनचबउजथ या ल्भउबी' राईले, (१९८५) मा चेपाङ्गको बारेमा, रेग्मी (१९७१) ले धिमालको परिचय, उनीहरुको सिङ्गो सामुदायिक प्रणालीलाई अगाडी बढाउन धर्म, अर्थ, राजनीति, जाति, पर्व आदि इकाइले लेखेको भूमिकाको बारेमा प्रष्टाएका छन ।

विभिन्न विदेशी विद्धानहरुले विभिन्न समयमा नेपालका विभिन्न जात जातिको समाजशास्त्रीय/माजवशास्त्रीय अनुसन्धान गरेको छन । जसमा हेमिन्ड्रले (१९६४) जसमा शेर्पाका बारेमा, हिचकच (१९६६) ले मगरको बारेमा, मेकफार्लेन (१९७६) ले गुरुङ्गका बारेमा, रजउरे (१९८१)ले थारुहरुका बारेमा, हल्बर्ग (२००७)ले तामाङ्गहरुको बारेमा, ब्रोवर (१९९१)ले शेर्पाको बारेमा, स्टेभेन (१९९६)ले प्रसिद्ध आरोली शेर्पा जाति जो तिब्बतसँगको सिमाना जोडिएको खुम्बुवान क्षेत्रमा अवस्थित समुदायमा बसोबास गर्दछन । उनीहरुको सामाजिक, सास्कृतिक, आर्थिक र भौगोलिक अवस्थाको बारेमा चर्चा गर्दै तिनीहरुको जीवनशैलीमा आएको परिवर्तनलाई देखाउन खोजिएको छ । त्यस्तै अट्नर (१९७८) ले उत्तरी भेगमा बसोबास गर्ने शेर्पा जातिहरुको संस्कार एवं सास्कृतिक मूल्य-मान्यतालाई आधार मानेर त्यस जातिको सामाजिक, आर्थिक, सास्कृतिक, धार्मिक, नैतिक एवं दैविक पक्षलाई झल्काएका छन । यसमा शेर्पाहरुको संस्कृतिको निग्ने संस्कृतिलाई विवाह सँग जोडेर व्याख्या गरिएको छ । संस्कारलाई 'साङ्केतिक', 'व्याख्सयात्मक' उपागमबाट हेरिएता पनि धर्म र विवाह बीचको सम्बन्धलाई सुक्ष्म रुपमा केलाएको देखिन्छ । उनका अनुसार शेर्पा समुदाय बौद्ध धर्मालम्बी भएको हुदा लामा र आनीलाई सबैभन्दा माथिल्लो तहमा राखिएको पाइन्छ । विवाह गर्नु भनेको शेर्पा समुदायमा भौतिक संसारमा अलमलिनु हो । तर 'निग्ने' संस्कारमा विवाहित शेर्पा समुदायका मानिसले चार दिन सम्म उपबास बस्दछन । उपवास बस्नु भनेको 'लामा' र 'आनी' बन्नु झै हो । त्यस्तैः- फ्रेक (१९८७)ले तिमलिङ्ग

भन्ने स्थानका तापाङ्गका बारेमा लेखेका छन । उनले विवाहलाई एउटा घरधुरी निर्माणको प्रक्रियाको रुपमा व्याख्या गरेका छन । उनका अनुसार त्यहाँका तामाङ्ग जातिमा विवाह भएपछि छोरा धरबाट छुट्टिएर नयाँ घरको निर्माण गर्दछन । यसले नयाँ घरधुरी निर्माण हुन्छ ।

## २.४ राजवंशी जातीको उत्पति :-

राजवंरी पूर्वी नेपालको आदिवासी जाति भएता पनि परापूर्वकालमा यिनीहरुको मूल थलो भारतमा रहेको कुरा यस जातिको नेतृत्व गर्ने वर्गबाट थाहा हुन आउछ । राजवंशीको प्राचीन ऐतिहासिक सामाग्रीहरुको अध्ययनका आधारमा भारतको बङ्गाल, आसाम, मेघालय, त्रिपुरा, नागलेण्ड, मणिपुर राज्यहरुमा यिनीहरुको बसोबास रहेको देखिन्छ । राजवंशी कहिले कहाँबाट आए भन्ने कुरा विभिन्न विद्धानहरुको आ-आफ्नो विचारहरु रहेका छन । ती सबै मतबारे विचार गर्दा बिक्रम संवत शुरु हुनु भन्दा एक हजार वर्ष अगाडी पूर्वतिर बाट 'बोडो' जातिको मानिस भारत प्रवेश गरेका थिए । तिनीहरु प्रथमतः ब्रह्मपुत्र नदिका किनारमा बसोबास गर्न थाले । कालान्तरमा विस्तारै यिनीहरु उत्तर आसाम तथा पुर्वी बङ्गाल तिर फैलदै गए । यिनीहरु नै विस्तारै विहार र नेपालको भू-भागमा झापा, मोरङ्ग र सुनसरीमा आइ बस्न थाले (श्रेष्ठ, २०६४) ।

सन्याल (१९६७) को बिचारमा राजवंशीको उत्पत्तिको इतिहास रहस्यपूर्ण छ । यिनीहरु महान 'बोडो' परिवारका थिए । जो इशापुर्व दशौ शताब्दीतिर पूर्वबाट भारत प्रदेश गरी ब्रह्मपुत्रका नदिका किनारमा बसोबास गरी विस्तारै आसाम भरी र उत्तरी र पूर्वी बंगालमा फैलिए (उदृतः श्रेष्ठ, २०६४) ।

वि.स. भन्दा एक हजार वर्ष पूर्व पूर्वी भारतबाट एक हुल 'बोडो' जाती ब्रह्मपुत्रका मैदानमा फैलिदै फैलिदै बसे । त्यहीबाट उक्त हुल पूर्वी फैलदै गएको एक छेउ झापा नै यिनीहरुको बासस्थान हो भने एकथरी विद्धानहरुको भनाइ छ भने अर्काथरीको वि.स. १२६३ तिर बख्तियार खिलजीले भोट हमला गर्न जादा लखनावली र भोटका बीचमा मङ्गोल जातिका कोचे, मेचे, थारु थिए भन्ने भनाई छ (श्रेष्ठ, २०३२) ।

ह्यामिल्टन (१९७१)का अनुसार राजवंशीहरु नेपालको मेची र कोशी नदिको किनारमा फैलिएर बसेका छन । भारत तिर पनि यिनीहरुको बसोबास प्रसस्तमात्रामा पाइन्छ । भारतमा मुख्य गरी यिनीहरु विहार, बंगाल र आसाम प्रान्तमा बसोबास गरेका छन । राजवंशी थर भएका काठमाण्डौमा एक थरी नेवारहरु छन । यी नेवार र झापाका

राजवंशी बीच मोटामोटी रुपमा हेर्दा कुनै प्रकारको समानता पाइदैन । यी नेवार राजवंशीहरु झापाका राजवंशीहरु सँग कुनै पनि प्रकारको सम्बन्ध या समानता नरहेको कुरा बताउछन । 'काठमाडौंका राजा प्रताप मल्लले कोच विहारका राजा वीरनारायण की छोरी रुपमती सँग विवाह गरेको कुरा पुष्टि गर्ने अभिलेखहरु' गौतमबज्र बज्रचार्य, हनुमानढोका राजदरबार हामीसँग छन । जसले मल्ल तथा कोच 'राजवंशी' जातजातिमा समानता थिए भन्ने देखाउँछ । सम्भवत आज नेपाली समाजमा बोलिने राजवंशी त्यसैबेलाको वैवाहिक सम्बन्धको फलस्वरुप यहाँ आएका हुन । यसरी मल्ल राजाहरु र राजवंशीहरु या कोचहरु बीच सम्बन्ध देखिन्छ । यि विषय वर्तमान प्रश्न को रुपमा छोडेर राजवंशीहरु कहिले कहाँबाट आए र यिनीहरु कुन मुलका सन्तान हुन भन्ने कुरामा विभिन्न विभिन्न विद्धानहरुको मतलाई यहाँ राखिन्छ । उनले विजयपुर राज्यको पूर्वी भागमा बंगालीको एउटा भाषा बोल्ने यि कोचे अथवा राजबंशीहरु मुख्य निवासी हुन् र उनीहरु शुरुका कामरुपका निवासी हुन भनेर उल्लेख गरेका छन (उदृतः काफ्ले, २०५७) ।

डाल्टनका (१८७२) का अनुसार कोचहरुको अनुहारले नै उनीहरु गैर आर्य भएको बताउछन । उनी के ठान्छन भने उनीहरु द्रविडियन हुन र सम्भवत : महान 'भुइया' परिवारका शाखा हुन । अथवा राजवंशीहरु बोडो, मेचे, कोचे यी तीन भित्र पर्दछन (उदृतः श्रेष्ठ, २०६४) । पूर्व झापा, मोरङ्ग र भारतका सीमा जोडिएका जिल्लामा प्रमुख बसोबास गर्ने राजवंशीहरु पश्चिम बंगाल र आसामको सीमामा बस्ने कोचहरुको वंशज हुन (चौधरी, २०६४) ।

सन्याल (१९६७) का अनुसार पहिले यिनीहरु कोच भन्ने जाति मात्र थिए र नेपाल भारतको यस क्षेत्रमा कोचहरुको एउटा शक्तिशाली रान्य थियो । जसलाई 'हाजो' भन्ने व्यक्तिले स्थापना गरेका थिए । उक्त हाजोको नाति 'खिसु' पराक्रमी भएकाले वापरका स-साना रजौताहरुलाई हराएर कोच विहार नामको एउटा राम्रो शहर बसाले जुन स्थान आज पनि भारतमा मौजुद नै छ । यस पराक्रमलाई देखेर ब्राम्हणहरुले उक्त कोच शासकलाई क्षेत्री वर्गमा मिसाएर कोचको सट्टामा संस्कृतमा आधारित क्षेत्री जातिसुचक राजवंशी भन्ने पदवी दिए र त्यसवेला देखि यि कोचहरु राजवंशी भए । राजा स्वयं पनि विशुबाट विश्वासी भए (गौतम र थापा मगर, सन १९९४) ग्रियर्सन भन्दछन खास कोचहरु बोडो जस्तै भएकोमा कुनै शंका छैन । कोच, मेचे, वाडा र वोडो एउटै जनजाति वा एउटै जनजातिका विभिन्न उपजाति हुन कोच भन्ने नामले हिन्दुकृत बोडोलाई बुझाउछ । जसले आफ्नो

आनुवंशिकता र धर्म हिन्दु धर्मका लागि त्यागेका थिए । राजवंशीहरु रंगपुर र गोल्पाडाका हिन्दुकृत कोच नै हुन । ती कोचहरु जो अहिले हिन्दु छन । सिद्धान्तत : तिनै राजवंशीका रुपमा परिचित छन । राजवंशी भाषिकाले पूर्वी बङ्गाली भाषिका निकट सम्बन्ध राख्दछ (उदृत: श्रेष्ठ, २०६४) ।

एच. बोहुल्यले भनेका छन-कोच अथवा राजवंशीहरु पहिले देखि हिन्दु थिएनन् । पछि हिन्दु भएका आदिवासी हुन । जलपाइगुढी कुच विहारका राजाहरु एउटै वंशजका हुन र आफुलाई (जलपाइगढीका राजाहरु) शिव र योगिनी देवीका सन्तान सम्भन्छन । तिनीहरु शिववंशी भन्दछन । त्यसैले कोचहरु आफुलाई राजाको वंश अथवा राजवंशी भन्दछन । त्यसैले काचहरु आफुलाई राजाको वंश अथवा राजवंशी भन्न लागेका हुन । आजकल कोही कोही राजवंशीहरु आफूलाई परशुरामले क्षेत्रीहरु सक्कल ध्वज गर्दा भागेर बसेका क्षत्रियहरुको सन्तान भन्न लागेका छन (उदृत: श्रेष्ठ, २०३२) ।

पन्त(२०४१) का अनुसार राजवंशीहरुको उत्पत्ति थलो भारतको ‘कोच विहार’ भन्ने ठाउँलाई मान्दै त्यस ठाउँमा पूर्वकालमा बसोबास गर्ने ‘कोच’ जातिकै परिस्कृत रुप आजका ‘राजवंशी’ भएको उल्लेखित गरेका छन । यसरी तीन चार सय वर्ष पहिले यिनीहरु मोरङ्ग भापा देखि दक्षिण भारतको पूर्व उत्तर विहार देखि आसाम सम्म फैलिएको ‘कोच विहार’ राज्यमा सबोवास गर्दै आएको उल्लेख गरेका छन ।

बज्राचार्य (२०५१) का अनुसार राजवंशीहरुको पुर्ख्यौली केलाउदा प्राम्भमा यिनीहरु कोच जाति भएको पुष्टि हुन आउँछ भनेका छन । यद्यपी वर्तमानमा उनिहरु यो ’कोच’ चिनारी बाट धेरै ताढा भईसकेका छन । एक जनश्रुती अनुसार जब परशुरामले क्षत्रीय वंशको विनास गर्न थाले तव प्राण बचाउन क्षेत्री राजाहरु यत्रतत्र भाग्न थाले । राजवंशी जातिको तिनै पुर्खा जङ्गल, पहाड हुदै नेपालको भापा, मोरङ्ग आई बसोबास गर्न थाले भने पछि यिनीहरु भारतको विहार, पूर्वोत्तर क्षेत्र, पश्चिमबङ्गालको दार्जिलिङ्ग जिल्लाको दक्षिण मैदान क्षेत्र जलपाइगुढी, आसाम, मेघालय, मणिपुर, मिजोरोम र अरुणचल प्रदेशका साथै बंगलादेशको रंङपुर, दिनाजपुर जिल्ला र भुटानको दक्षिणपूर्वी पहाडी क्षेत्रमा बसोबास गर्न थालेको कुरा उल्लेख गरेका छन ।

माथिको विद्धानहरुको अध्ययन र अबलोकन सँग यसरी दाजेर हेर्दा कोच, राजवंशी जो सुकै नामले पुकारिए पनि यि सबै द्राविडियन उद्भवका हुन भन्न सकिन्छ । आर्यहरुको बङ्गाल आगमन हुँदा सम्भवत : गङ्गा उपत्यकामा बसोवास गर्दथे । यिनीहरुको बसोबास

भएको ठाउँमा आक्रमण भएपछि यिनीहरु उत्तरपूर्वी बङ्गालका विभिन्न ठाउँमा जान बाध्य भए जहाँ यिनीहरु मंगोलियनहरुको सम्पर्कमा आए । रहदै बस्दै जादा यिनीहरुमा मंगोलियनहरुको पनि रक्त मिश्रण हुन पुग्यो तापनि यिनीहरुमा द्राविडियन प्रजातिको शारीरिक लक्षणको वर्चस्व छ ।

## २.५ राजवंशी जातिको विवाह संस्कार

श्रेष्ठ (२०६४) का अनुसार राजवंशी समाजमा हिन्दु परम्परा अनुसार विवाह गर्ने गरेको पाइन्छ । राजवंशी समुदायमा विवाह हुँदा आफ्नो जातिमा नै हुन्छ । राजवंशीहरुले विवाह गर्दा हाडनाता जोगाएर गर्दछन । मामाचेली तथा फुपुचेली विवाह हुदैन । बाबु पट्टि सात पुस्ता र आमा पट्टि पाँच पुस्ता सम्म विहे हुदैन । यस्तै गुरु बाबुसरह भएकाले गुरुकुलमा सात पुस्ता सम्म र मीतपट्टि तीन पुस्ता सम्म विवाह हुदैन भन्ने प्रचलन हुदाहुदै पनि नियम मिचेर विवाह गर्ने गरेको पाइन्छ । राजवंशी जातिमा केटी किनेर विवाह गर्ने प्रचलन छ भन्दा पनि हुन्छ । यसलाई राजवंशी भाषामा ‘चुमता’ प्रथा भनिन्छ । यो प्रथा विस्तारै हट्दै गइरहेको छ ।

घिमिरे (२०६७) का अनुसार राजवंशी जातीमा सात प्रकारका विवाह हुन्छन ।

१) फुल (मागी) विवाह

२) धन्जिया विवाह

३) डाङ्गुवा विवाह

४) दामिए-दुमिए विवाह

५) घरढुकी विवाह

६) टानिए (जबरजस्ती)  विवाह

७) मागी विवाह

लेखकका अनुसार माथी उल्लेखित विवाहहरु मध्ये राजवंशी समाजमा फुल (मागी) विवाहलाई समाजले मान्यता दिएको र सबैले स्वीकारेको विवाह हो । यस बाहेक अन्य विवाहलाई समाजले विस्तारै त्याग्दै गरेको र सामाजिक नियम र आचारण अनुसार मान्दछन।

राजवंशी केटाले बिहे गर्नका लागी ‘चुमना’ दस्तुर तिर्न पर्दछ । राजवंशी विधवा महिलाले ‘डगुवा’ भन्ने रखेल पुरुष राख्ने गरेको पाइन्छ (चौधरी, २०६४) । विष्ट (२०५५) का अनुसार ’कति केटाले मन परेकी केटी विहे गर्न केटीको घरमा गएर दुई तीन वर्ष सम्म

काम गरिदिनु र रिझाउनुपर्छ तर आजकाल यो चलन छोडेर हुने खाने राजवंशीहरुले शुरुमा नै केटीकी आमालाई पैसा दिएर केटी लिने गर्दछन' तर आजभोली राजवंशी समाजमा विष्टले भनेजस्तो पैसा दिएर केटी विवाह गर्ने चलन हट्दै जादैछ । सबै राजवंशीहरु एउटै काश्यप गोत्रका हुन्छन । सिद्धान्ततः उनीहरुले बाबुतिर, आमातिर सात पुस्ता र काकी तिरका तीन पुस्ता विवाह बर्जित गर्दछन । तर व्यावहारमा सगोत्रिय पनि विवाह गर्दछन ( रिजले, १८९१) ।

राजवंशी जातिमा पनि विवाहका प्रक्रिया र केही धार्मिक परम्परामा आधारित विधि, विधानहरु प्रचलित छन । राजवंशी समाजमा विवाहको कुरा चलाउदा करुवा (लमी) द्वारा चलाइन्छ । विवाहमा विधि-विधानको कार्य ठाकुर (कुल गुरु) बाट गाराइन्छ । त्यस्तै बाजा कीर्तिनियाहरुबाट बजाउन लगाइन्छ । यो बाजा विशेष रुपमा पूजाको समयमा बजाउने गर्छन । विशेषत : विवाहताका हाडी जातिका मानिसले बाजा बजाउछन (श्रेष्ठ, २०६७) ।
राजवंशी समाजमा विवाह प्रक्रिया आफ्नै प्रकारको देखिन्छ । सामान्यतया : केटाका घरबाट केटीको घरमा विवाहको प्रस्ताव लिएर जाने चलन छ । अथवा कन्या माग्ने वा कुरा चलाउने करुवा (लमी) द्वारा गरिन्छ । दुवै पक्षमा कुराको आदान-प्रदान गर्ने काम लमीले गर्छ । सुरुमा कसको छोरा विवाह गर्न योग्य छ र कसकी छोरी विवाह गर्न योग्य छैन भन्ने कुराको जानकारी पनि लमी मार्फत नै आउने गर्छ । राजवंशी जातिमा विवाह गर्दा लमी अनिवार्य रुपमा आवश्यक हुन्छ (श्रेष्ठ, २०६४) ।

राजवंशी चलनमा १६ वर्ष उमेरका केटा र १३/१४ वर्ष भन्दा माथीका केटी सँग विवाह गर्ने सामान्य प्रचलन भए पनि आजकल १६ देखि १८ वर्ष उमेर पुगेका युवायुवती बीच विवाह हुने चलन बढी देखिन्छ । राजवंशीहरुको समाजमा दुई दशक भन्दा अगाडी बालविवाह गर्ने चलन अत्यधिक रुपमा थियो भन्ने बिचार बुढापाका बताउछन । तर आजकल बालविवाह प्रचलन हराई सकेको छ । ऐन कानुनल निषेध गरेको हुनाले समाजबाट यो प्रचलन हराउदै गएको हो । यो जाति प्रहरी, प्रशासन, ऐन, कानुन भनेपछि औधी डराउने भएकाले पनि बालविवाह लोप भएको हो (श्रेष्ठ, २०६४) ।

विवाहको कुरा चलेपछि राजवंशी समुदायमा आजकल आएर पान्जी (पात्रो) हेर्ने प्रचलन चलेको देखिन्छ । यो प्रचलन विशेष गरेर पहिला धनी मान्छेहरुले प्रयोगमा ल्याउथे । गरीब परिवारमा मानिसहरुले पान्जी हेर्ने चलन थिएन । यसरी पात्रोबाट नाम हेरि राशि मिलाएर विहे गर्ने चलन पनि चलाएका छन । विवाह गर्दा केटापक्ष र केटीपक्षका ठाकुर

देवता मिलाउने काम गरिन्छ । केटाका ठाकुर (पूर्वगुरुहरु) १) नितानन्द २) सद्‌गुरुवा ३) चैतन्य ४) आदित ५) ठुनठुनिया ६) रामाउत ७) गोदाघर ८) चतुरमारिया ९) सिजुरठाकुर आदि मिलाउनु पर्ने हुन्छ । आफ्ना १६ नाम भएका देवता (सोलोनामी) मान्ने समुह बीचमा मात्र विवाह हुन्छ । अरुसँग विवाह हुदैन । यी सोलोनामी बीच मनि तहतह हुन्छ । तर चैतन्य ठाकुर, नितानन्द ठाकुर, सतगुरु विच विवाह हुन्छ तर चैतन्य र दुनदुनिया बीच विवाह हुदैन । सगोत्री विवाह हुन्छ, गोत्रको खोजी खासै गरिदैन । राजवंशीहरुको गोत्र मुलतः काश्यम, धनेश्वरी, भारद्वज र सान्दीप गोत्र भएको पाइन्छ । राजवंशी समुदायमा एउटै ठाकुरका केटाकेटी परेमा उत्तम विवाह ठानिन्छ । जस्तै : चैतन्य+चैतन्य=उत्तम विवाह, नितानन्द+सद्‌गुरुवा=मध्ये, नितानन्द+आदित विवाह हुँदैन । चैतन्यवालालाई छोरी दिदा हुन्छ तर बुहारी ल्याउनु हुदैन । रामाउतीले चाही चैतन्यलाई विवाह गर्न सक्दछ (श्रेष्ठ, २०६४) ।

राजवंशी जातीमा विवाहमा प्रकार अथवा विवाह गर्ने तरिका एक भन्दा बढि प्रचलन छन । जस्तै : मागी विवाह, धन्जिया विवाह, दुमेदुमे विवाह र डंगुवा विवाह आदि । यि बाहेक आधुनिक युवा-युवतीहरुले प्रेम विवाह पनि गर्दछन । राजवंशी समुदायमा सबभन्दा राम्रो विवाह मागी विवाहलाई मानिन्छ । मागी विवाह भन्नाले केटा र केटी पक्षबीच सरसल्लाह भएर हुने विवाहलाई भनिन्छ । विवाहको समयमा बिसरी पूजा गरिन्छ । यो बिसरीपूजा बाजा बनाउने शास्त्रीय गीत गाउनेहरु मार्फत गराइन्छ । यसलाई 'गाइन' भनिन्छ । यस्तो गाइन विवाहको अन्तिम दिनमा बजाउने गरिन्छ । अधिकाशं राजवंशीहरुका विवाहका अबसरमा यो गाइन बाजा बजाउने प्रचलन यथावत छ (श्रेष्ठ, २०६४) ।

यो समुदायको विवाह हिन्दुपरम्परा अनुसार हुने गरेको पाइन्छ । वैवाहिक सम्बन्ध जोड्दा यिनीहरुमा सगोत्री विवाह चल्छ तर एउटै गाउँमा भए सात पुस्ता पछि र बाहिर टाढै बसेका भए तीन-चार पुस्ता पछि सगोत्रिमा विवाह चल्ने गरेको बताउछन । यिनीहरुमा तिलक लिने चलन चैन, बरु उल्टै केटाको तर्फबाट केटीका बाबुआमालाई पैसा दिने चलन छ । अर्थात केटी किनेर विवाह गर्ने चलन छ । यसलाई राजवंशी भाषामा 'चुमना' भनिन्छ तर यो प्रथा उन्मुलन भइसक्यो । यिनीहरुको विवाहमा सुनको गहना भन्दा चादीको गहना रुचाउँछन । विवाहको समयमा दुलहीपक्षहरुले दुलहा पक्षको हुर्मत लिने आशयमा व्यङ्ग्यात्मक गीतहरु गाई रमाइलो गर्ने मौलिक परम्परा रहेको पाइन्छ (पन्त, २०४१) ।

माथिको लेखहरुमा राजवंशी उत्पत्ति र विवाहको बारेमा विस्तृत अध्ययन अनुसन्धान

भएता पनि आर्थिक पक्ष र त्यसमा आएको परिवर्तनले उनीहरुको सामाजिक पक्ष जस्तै विवाहका कस्ता परिवर्तन ल्यायो त्यसलाई हेरेको देखिदैन । त्यसैले यस अनुसन्धानमा भौतिक बस्तु वा उत्पादनको साधनमा आएको परिवर्तनले राजवंशीज जातिको विवाह पद्धतिमा कसरी परिवर्तन आउदैछ त्यसलाई हेर्ने प्रयास गरिएको छ ।

# अध्याय तीन

## अनुसन्धान विधि

कुनै पनि अनुसन्धान सम्पन्न गर्न निश्चित किसिमको शोध प्रक्रिया हुन्छ । जसलाई अनुसन्धान विधि भनिन्छ । शोध अनुसन्धान पुरा गर्न अवलम्बन गरिने पद्धति नै अनुसन्धान पद्धति हो । यिनै प्रक्रिया पूरा गर्ने क्रममा यस अध्ययन अन्तर्गत अध्ययन क्षेत्र छनौट, अनुसन्धान ढाँचा, अनुसन्धानको स्रोत र प्रकृति, समग्रता र नमुना छनौट, तथ्याङ्क संकलन पद्धति, घरधुरी सर्वेक्षण, समुह छलफल, अवलोकन, मुख्य जानिफकार सँगको अन्तवार्ता तथ्याङ्क विश्लेषण र अन्त्यमा अध्ययनको सीमाका बारेमा चर्चा गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्र र राजवंशी जातिको छनौट गर्नुका कारणहरु :-

प्रस्तुत अध्ययनका लागि झापा जिल्ला, डाँगिबारी गाउँ, विकास समिति वडा नं. १ लाई अध्ययन क्षेत्र छनौट गरिएको छ । यस अन्तर्गत राजवंशीहरुको घनावस्ती जो राजमार्गबाट केही टाढा रहेको छ । साथै अर्को दृष्टिकोणले यो क्षेत्र किन छानियो भने यो क्षेत्रमा समय सँगै परिवर्तन हुदै जादा यस डाँगिबारी गाँउ विकास समिति वडा नं. १ का राजवंशीहरुको विवाहमा कस्तो परिवर्तन आए त्यसलाई हेर्न यस अध्ययन क्षेत्र छनौट गरिएको छ । यस अध्ययन क्षेत्र छनौट गरिनुको लागि प्रस्ताव गर्नुको कारणहरु निम्न छन-

१) यस क्षेत्र झापा जिल्लाको राजवंशीहरुको पुरानो घनावस्ती भएको क्षेत्र भएकाले उनीहरुको विवाहको बारेमा बुझ्न यो क्षेत्र बढि उपयुक्त देखियो । डाँगिबारी गाउ विकास समिति का अरु वडा भन्दा यो वडा नं. १ मा राजवंशीहरुको घना वस्ती भएकाले यो क्षेत्रलाई विस्तृत अध्ययनको लागि छनौट गरिएको थियो । जसबाट राजवंशी जातिको विवाहमा आएको परिवर्तन बारे बुझ्न समाजशास्त्रीय मार्क्सबादी दृष्टिकोण उपयुक्त थियो ।

२) झापा जिल्ला एउटा विकास र शहरीकणको प्रक्रियामा धेरै अगाडी देखिन्छ । जस अनुसार डाँगिबारी गाउँ विकास समिति पनि समय सँगै परिवर्तन हुदै अघि बढिरहेको छ । यसरी विश्वव्यापीकरण, शहरीकरण, बजारीकरण, औधोगिककरण सँगसगै राजवंशी जातिले पनि आफ्नो परम्परागत पेशा छोडी ज्याला, मजदुरी, वैदेशिक रोजगार, व्यापार व्यावसाय, रोजगार आदि कार्यमा सहभागी हुन थालेका छन । यस्तो उनीहरुको अर्थिक प्रणालीमा

क्रमश परिवर्तन आउदै गएका देखिन्छ । जसले गर्दा उनीहरुको सिधै अन्य सामाजीक-सास्कृतिक पक्ष जस्तै विवाहमा विशेषगरी परिवर्तन ल्याएको हुन सक्छ । त्यसैले के-कस्तो परिवर्तन ल्यायो त्यसलाई बुझ्नका लागि पनि यो क्षेत्र उपयुक्त थियो ।

३) शोधकर्ता यस झापा जिल्ला, डाँगिबारीमा जन्मी स्थायी बसोबास गर्नुका साथै उनीहरुको भाषा, संस्कृति सँग राम्ररी परिचित भएको हुदा हाल आएर उनीहरुको आर्थिक परिवर्तन सँगै परम्परागत शैली, संस्कृति, परम्परामा क्रमिक रुपमा परिवर्तन आएको देखेको हुनाले ।

## ३.२ अनुसन्धान ढाँचा

यो अनुसन्धान वर्णनात्मक विधिबाट गरिएको छ । जस अन्तर्गत राजवंशी समुदायको आर्थिक पक्ष, त्यसमा आएको परिवर्तनले विवाहमा पारेको प्रभावबारे गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

तथ्याङ्क संकलन विभिन्न विधिहरुको प्रयोग गरी अनुसन्धानको उद्देश्य र अनुसन्धानको समस्याको व्यापक खोजी गरी अनुसन्धानको उद्देश्य र अनुसन्धानको समस्याका व्यापक खोज तथा विश्लेषण गर्ने उद्देश्यले संख्यात्मक र गुणात्मक तथ्याङ्क संकलन गरिएको थियो । तथ्याङ्क संकलनको लागि प्राथमिक र द्वितिय श्रोतहरुको प्रयोग गरिएको थियो । प्राथमिक स्रोग भन्नाले घरधुरी सर्वेक्षण, अबलोकन, समुह छलफल, मुख्य सुचनादातासँगको अन्तरवार्ता हुन । द्वितिय स्रोत भन्नाले राजवंशी जाति र विवाह संस्कार सम्बन्धी विभिन्न लेख, रचना, पुस्तक तथा शोधपत्रहरु, जिल्ला विकास समिति र गाउँ विकास समिति बाट आवश्यक तथ्याङ्क संकलन गरिएको थियो ।

## ३.४ समग्रता र नमुना छनौट

नेपालमा विशेषगरी राजवंशी जातिको बसोबास झापा, मोरङ्ग र सुनसरीमा रहेको पाइन्छ । अध्ययनको लागि झपा जिल्लालाई उद्देश्यमुलक रुपमा छनौट गरियो । झापा जिल्लाको प्राय जसो सबै नगरपालिका र गाउँ विकास समितिमा धेर थोर रुपमा राजवंशीहरुको बसोबास रहेको नै पाइन्छ । यि गाउँ विकास समिति नगरपालिका मध्ये डाँगिबारी गाउ विकास समिति वडा नं. १ लाई अनुसन्धानकार्ताले उद्देश्यमुलक रुपमा छनौट गरेको थियो । डाँगिकारी गाउ विकास समिति राजवंशीको घना वस्ती रहेको त्यसमा पनि अन्य वडामा भन्दा वडा नं. १ मा राजवंशी बसोबास धेरै भएको हुदा र

शोधकर्ताले समय र साधनको सिमितताले गर्दा सबैलाई नसमेटी वडा नं. १ लाई मात्र नमुनाको रुपमा छनौट गरियो । जस अनुसार डाँगिबारी गाउ विकास समिति वडा नं. १ मा ५८ वटा घरधुरी भएको हुँदा । अनुसन्धानकर्ताले सबै घरधुरीलाई अध्ययनको लागि छनौट गरिएको थियो । सबै घरधुरीबाट घरधुरी सर्वेक्षण गरियो

## ३.५ तथ्याङ्क संकलन पद्धति

उदेश्यपरक र वास्तविक तथ्याङ्क प्राप्त गर्नको लागि यस अध्ययनमा तथ्याङ्क संकलनका निम्न पद्धतिहरु अपनाइएको छ :-

### ३.५.१ घरधुरी सर्वेक्षण

यस विधिमा अनुसन्धालकर्ताले राजवंशी घर संख्या ५८ वटा थियो । जसमा सम्पूर्ण जनसंख्या थाहा पाउन सम्पूर्ण घरको घरधुरी सर्वेक्षण गरिएको थियो । प्राय सबै घरबाट घरमूलिबाट नै तथ्याङ्क  लिइएको थियो । तर वर्षायामको खेतीको समय भएको हुँदा घरधुरी सर्वेक्षण गर्न पटक-पटक जनु परेको थियो । किनकि राजवंशीहरु खेतीपाती तथा ज्यालामजदुरी गर्ने भएकोले प्राय दिउसो घरमा नभेटिने हुँदा समयमिलाएर विहान र बेलुकी जानु परेको थियो । घरधुरी सर्वेक्षणबाट पारिवारिक विवरण, उमेर, लिङ्ग, पेशा, शैक्षिक अवस्था विवाहको स्वरुप, आर्थिक, सामाजिक अवस्थाको बारेमा सूचना प्राप्त गर्न घरधुरी सर्वेक्षण फारमको प्रयोग परिएको थियो । उक्त फारमको माध्ययमबाट राजवंशी जातिको जनसंख्या सम्बन्धी सुचनाहरु प्राप्त भएका थिए । तर त्यो अनुसन्धानमा घरधुरी सर्वेक्षण गर्दा शिक्षित महिला, पुरुष बाहेक प्राय जसो धेरै राजवंशीहरुलाई आफ्नो वास्तविक उमेरको बारेमा थाहा नभएको पाइयो । तसर्थ अनुसन्धानकर्ताले केहि अवस्थामा सहि र वास्तविक तथ्याङ्क लिनलाई उनीहरुको नागरिकताको प्रमाण पत्रलाई पनि अधार मानिएको थियो ।

### ३.५.२ सामुह छलफल

यस विधिमा अनुसन्धानकर्ताले सम्पूर्ण जनसंख्यालाई ८/८ जनाको ९ वटा समुह बनाई छलफलबाट तथ्याङ्क संकलन गरिएको थियो । यस समुहमा बुढा-पाका, युवा-युवती, विवाहित-अविवाहित राजवंशीहरुको समुह बनाइएको थियो । यो समुहबाट अनुसन्धाकर्ताले विवाह केन्द्रित भएर राजवंशी जातिको विवाहका प्रकार, प्रक्रिया र यसमा आएका परिवर्तनका बारेमा तथ्याङ्क प्राप्त गरेको थियो । यस क्रममा राजवंशी समुदायमा विवाह गर्दा केटा-केटीको मन्जुरी विवाह सम्पन्न गर्दा लाग्ने समय, विवाह सम्बन्धी धारणा,

परिवर्तनका कारण, आर्थिक पक्ष जस्ता विषयमा छलफल राजवंशी बस्तीमा नै बसेर गरिएको थियो ।

### ३.५.३ अवलोकन

अवलोकन विधिबाट शोधकर्ताले राजवंशीको आर्थिक अवस्था, पेशाहरु, सामाजिक अवस्था, घरको बनावट, लवाई-खुवाई, रहनसहन, घरको सरसफाई, घरको प्रकार जस्ता पक्षमा तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.५.४ मुख्य सुचनादातासँगको अन्तरवार्ता

यस विधिमा अनुसन्धानकर्ताले राजवंशी समुदायका जमिन्दार, गाउँका बुढापाका, लामो समय देखि सम्बन्धित क्षेत्रमा अनबरत रुपमा बसोबास गर्दै आएका जान्नेबुझ्ने व्यक्ति, राजनैतिक नेता, समाजसेवी, शिक्षित, धामी जस्ता व्यक्तिहरुलाई यहाँ मूख्य जानिफकार व्यक्तिका रुपमा रुपमा लिइएको थियो । यसमा उनीहरुको समय मिलाएर घर-घरमा गई राजवंशी समाजमा विवाह गर्ने उमेर, विवाहको प्रकार, जीवन शाथी छनौट गर्ने प्रक्रिया, आर्थिकपक्ष, चुमना प्रथा, पेशा र विवाहका आएको परिवर्तन आदिका बारेमा प्रश्न सोधी तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.६ तथ्याङ्क विश्लेषण

अनुसन्धान गरी संकलन गरेको तथ्याङ्कलाई वर्गिकरण गरी विश्लेषण गरिएको थियो । सामान्य तथ्याङ्क शास्त्रीय विधिबाट कुनै संख्यात्मक र कुनै प्रतिशतमा निकाली प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । यसैगरी गुणात्मक तथ्याङ्कलाई विषयवस्तुको आधारमा वर्गीकरण गरिएको छ । सोही अनुरुपम तिनलाई तर्कपुर्ण विश्लेषण गर्ने प्रयास गरिएको छ । यि तथ्याङ्कलाई लिपिबद्ध गरिएको छ ।

### ३.७ अध्ययन सीमा

कुनै पनि अनुसन्धानको आफ्नै प्रकारका सीमा विर्धारण गरिएको हुन्छ । राजवंशी जातिको विवाहमा गरिएको यस अनुसन्धानमा पनि आफ्नै सीमाहरु छन । जस्तै :-
१) नेपालको पूर्वी तराई क्षेत्रमा पर्ने झापा, मोरङ्ग र सुनसरी जिल्लामा राजवंशी जाति छरिएर वसेका छन । त्यस्तै भारतको पश्चिम बङ्गागमा पनि राजवंशी जाति छरिएर बसेका छन । त्यस्तै भारतको पश्चिम बङ्गालमा  पनि राजवंशीहरु प्रशस्त मात्रामा बसोबास गरेको पाइन्छ । ती मध्ये यहाँ नेपालको झापा जिल्ला, डाँगिबारी गाउ विकास समिति वडा नं. १

मा बसोबास गर्ने राजवंशीहरुको मात्र अध्ययन गर्न खोजिएको छ । तसर्थ प्रस्तुत अध्ययनमा विषयबस्तु बताईएको राजवंशी जातिको विवाहले झापा जिल्ला, डाँगिबारी गाउ विकास समिति वडा नं. १ का राजवंशी जातिको विवाहलाई मात्र प्रतिनिधित्व गर्दछ ।

२) यसमा राजवंशी जातिको आर्थिक पक्ष र त्यसमा आएको परिवर्तनले विवाहमा पारेको प्रभाव बारेमा अध्ययन गरिएको छ ।

३) यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलनको रुपमा घरधुरी सर्वेक्षण, समुह छलफल, अवलोकन, मुख्य सुचनादातासँगको अन्तरवार्ता तथा पुस्तक, लेख, रचना, शोधपत्रबाट प्राप्त गरिएको थियो ।

४) यो अनुसन्धान वर्णनात्मक विधिद्वारा गरिएको छ ।

५) यो समाजशास्त्रीय मार्क्सवादी सिद्धान्तको आधारमा अध्ययन गरिएको छ ।

६) यो अध्ययन विशेष रुपमा समाजशास्त्र तथा मानवशास्त्र स्नाकोत्तर तहको आंशिक कार्य परिपुर्ती गर्न तयार पारिएको छ ।

# अध्याय चार

## सामाजिक तथा सांस्कृतिक अवस्था

यस अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक अवस्था, हावापनि, जनजीवन र प्राकृतिक अवस्थाको बारेमा चर्चा गरिएको छ । अध्ययन क्षेत्रको जिल्लाको समेत सामान्य परिचय दिने प्रयास गरिएको छ । नेपाललाई भू-धरातलिय आधारमा हिमाली, पहाडी र तराई प्रदेश गरी तीन भागमा विभाजन गरिएको छ । यही भौगोलिक विभाजनका आधारमा जात जातिहरुको बसोबास, हावापानी, धरातल, उत्पादन र संस्कृतिमा समेत फरक रहेको पाइन्छ । यस अध्ययन क्षेत्रको केन्द्र विन्दु झापा जिल्लाको महेन्द्र राजमार्गबाट ९ कि.मि. दक्षिण भागमा अवस्थित डाँगिवारी गाउँ विकास समितिको राजवंशी जातिको विवाह संस्कार र त्यसमा आएको परिवर्तनमा आधारित रहेको छ ।

### ४.१ अध्ययन क्षेत्र र राजवंशी जातिको सामान्य परिचय

झापा जिल्ला नेपालको पूर्वाञ्चल विकाश क्षेत्र अन्तरगत सुदुरपूर्वी तराइको सबभन्दा बढी जनघनत्व भएको एक विकशित जिल्ला हो । क्षेत्रफल र जनसख्याको हिसावमा ४७औं र चौंथो स्थानमा पर्ने यो जिल्ला पूर्वमा ८६.३९ देखि ८८.१२ देशान्तर सम्म र उत्तरमा २६.२० देखि २६.५० अंक्षास सम्म फैलिएको छ । यो जिल्ला समुन्द्र सतहबाट ५८ मि. देखि ५०० मि. सम्मको उचाइमा अवस्थित छ । यस जिललाको पूर्व पश्चिम लम्बाइमा अवस्थित छ । यस जिल्लाको पूर्व पश्चिम लम्बाई ४६ कि. मि. र उत्तर दक्षिण सरदर २९ कि. मि. रहेको र जम्मा क्षेत्रफल १६०६ वर्ग कि.मि. रहेको छ । यहाँ साल, सिसौ, कदम, सीमल जामुन जस्ता वनस्पति पाइने सदावहार जंगल पाइन्छ । यो जिल्लाको मुख्यवाली धान, मकै थियो (जि.वि.स., २०५८) ।

नेपालको मेची अञ्चल भित्रका चार किल्लाहरु मध्ये तराई क्षेत्रमा पर्ने जिल्ला झापा एक हो । मेची अञ्चलका चार जिल्लाहरु मध्ये सबै भन्दा बढी जनघनत्व भएको जिल्ला यही हो (तथ्याङ्क विभाग, २०५८) । सरकारबाट यसै क्षेत्रमा पुनर्वास सुविधा मिलाएको

कारणबाट पनि यहा बढि बसोबास भएको हो । यस जिल्लामा विभिन्न सुविधाहरु जस्तै : समतल जमिन, अस्पताल, खानेपानी, यातायात, विद्यालय, बाटो-घाटो, बाली-नाली आदि जस्ता सुविधाले अन्य छिमेकी पहाडी जिल्लाको तुलनामा पहाडी जिल्लाहरुबाट बसाइ-सराई गरी आउने क्रम जारी रहेको कुरा अनुसन्धानको क्रममा पाइयो । यसरी बसाई-सराई सँग सगै झापा जिल्लामा पहाडी मुलुकका जातजातिको आगमन संगै स्थानीय जातिहरुको विशेषता सामाजिक, सास्कृतिक तथा आर्थिक पक्षहरुमा पनि निरन्तर परिवर्तन हुदै अएको पाइन्छ । जसलाई पछिल्ला अध्यायमा विस्तृत रुपमा व्याख्या गरिएको छ ।

झापा जिल्लामा ४६ गाउँ विकास समिति र ३ नगरपालिका रहेका छन । झापा जिल्लाका अधिकांश गाउ विकास समिति र नगरपालिकामा राजवंशीहरुको बसोबास रहेको पाइन्छ । तिनीहरुमा मेची नगरपालिका, ज्यामिरगढी, धाइजन, दुहागढी, अनारमनी, गरामुनी, हल्दीवारी, सुरुङ्गा, महेशपुर, चन्द्रगढी, भद्रपुर, शरणामती, कुमरखोद, ताघनडुव्वा,राजगढ, चारपाने, घैलाडुव्वा, डाँगिवारी, चकचकी, गौरादह, वनियानी, कोरोवारी, जुरोपनी, कोहोवरा, पाँचगाछी, गौरिगञ्ज, खजुरगाछी, शिवगञ्ज, ग्वाल्डुव्वा आदि गाउँ विकास समितिमा राजवंशीहरु छरिएर बसेका छन । यसका अतिरिक्त मोरङ्ग र सुनसरीका विभिन्न गाउँ विकास समितिमा पनि राजवंशीहरुको बसोबास रहेको पाइन्छ (तथ्याङ्क विभाग, २०५८) ।

झापा जिल्लाको जम्मा जनसंख्या-२०५८ सालको जनगणना अनुसार ६३३०४२ रहेको छ । जसमा राजवंशीको जम्मा ५८०२४ छ । जुन सम्पुर्ण जनसंख्याको ९.१६ प्रतिशत रहेको छ (जि.वि.स., २०५८) ।

यो अनुसन्धान झापा जिल्लाको डाँगिबारी गाउँ विकास समिति, वडा नं. १ मा बसोबास गर्ने राजवंशी जातिको विवाहमा केन्द्रित रहेको छ । यस गाउ विकास समिति मा विभिनन जात जातिहरुको बसोबास पाइन्छ । यस गाउ विकास समितिमा ब्राम्हण, क्षेत्री, राजवंशी, सतार, थारु, राई, लिम्बु, नेवार, तामाङ्ग, कामी, दमाई, सार्की, कुमाल, माझी, मुस्लिम, मधेसी आदि रहेका छन । राजवंशी जातिको बसोबास डाँगिवारी गाउँ विकास समितिको विभिन्न क्षेत्रमा भएता पनि वडा नं. १ मा सबैभन्दा बढी जनघनत्व रहेको छ ।

डाँगिवारी गाउ विकास समितिको मूख्य बालीमा धान, मकै, गहुँ, कोदो, सनपाट, उखु, चिया, फापर, तोरी, आँप, सुपारी, लिची, नरिवल र तरकारी बाली विशेष रहेको छ । यहाँका मानिसका मानिसहरु खेती-पाती, व्यापार तिर परनिर्भर भएर बसेका हुन्छन । खेतीपाती लगायत यहाँका मानिसहरु खुद्रा व्यापार-व्यावसाय, रोजगार, श्रमिक तथा विशेष

गरी यो गाउँ विकास समितिमा वैदेशिक रोजगारले महत्व पाउदै आएको छ । यहाँका मानिसहरुलाई विभिन्न भौतिक सुविधाहरु रहेको -व्यावसाय, रोजगार, श्रमिक तथा विशेष गरी यो गाउँ विकास समितिमा वैदेशिक रोजगारले महत्व पाउदै आएको छ । यहाँका मानिसहरुलाई विभिन्न भौतिक सुविधाहरु रहेको छ । जस्तै : यातायत, स्कुल, कलेज, स्वास्थ्य चौकी, टेलिफोन, विजुली, बाटो-घाटो लगायत अन्य मानविय ावश्यकताको राम्रो सुविधा हुदै गएको छ । शहरीकरण तथा विश्वव्यापीकरणको प्रभाव सँगसगै मानिसहरु क्रमिक रुपमा परम्परागत पेशा खेतीलाई छोडी नयाँ पेशा, व्यापार-व्यावसाय, रोजगार, ज्यालादारी आदि तर्फ लाग्न थालेको छन ।

यो डाँगिवारी गाउँ विकास समिति भौगोलिक दृष्टिकोणबाट हेर्ने हो भने विर्तामोडबाट पश्चिम-दक्षिण १३ किलोमिटर र महेन्द्रनगर मार्ग बाट ९ किलोमिटर दक्षिण रहेको छ । राजवंशीहरुको बसोबास बहिले बाट भएको भन्ने कुरा उनीहरुले यकिन गरेर भन्न नसकेको पाइयो । राजवंशी बुढा-पाकाहरुका अनुसार पहिला-पहिला यहाँ राजवंशी बस्ती एकदमै बाक्लो (ठुलो घनावस्ती) थियो । अन्य जातको आगमन साथै आर्थिक उपार्जनको कारणले र १/२ वर्षयता स्थानिय विरिङ्ग खोलाको वर्षायामको प्रभावले गर्दा यहाँका राजवंशीहरु अन्य ठाउँमा बसाई सरेर जाने क्रम संगसगै यिनीहरुको वस्ती पनि पातलिदै र सानो हुदै गएका बताउछन ।

यस क्षेत्रमा राजवंशी लगात अन्य जातिहरुको पनि बसोबास रहेको पाइन्छ । अन्य जातिमा ब्राम्हण, क्षेत्री, थारु, नेवार, तामाङ्ग, राई लिम्बु लगा्यत अन्य जातका मानिसहरुको बसोबास रहेको छ । तर पनि राजवंशीहरुको घरप्राय गरेर एकै ठाउँमा झुरुप्प भएर एक अक घरको आगन अर्को घरमा जोडिएको पाइन्छ । प्राय जसो राजवंशीहरुका घर माटोले बनेका चिटिक्क र सफा सुग्घर देखिन्छन । केही धनी र हुने खानेले मात्र पक्की र काठले बनाएको पाइन्छ । खेतीपाती साधै खुद्राव्यापार, कृषि मजदुर, चिया बगानमा मजदुर, ज्याजादारी, मिस्त्रिको काम, रोजगार र हाल आएर वैदेशिक रोजगारमा जानेको संख्या बढ्दो रहेको पाइन्छ ।

राजवंशी आफ्नो जाति भित्र बोल्दा प्राय गरेर आफ्नै भाषा राजवंशी नै बोल्ने गरेको पाइन्छ । भने अन्य जातिमा बोल्दा नेपाली भाषा नै बोल्ने गरेको पाइन्छ । यसले के स्पष्ट हुन्छ भने नेपाल सरकारले नेपाली भाषालाई राष्ट्रिय भाषाको रुपमा अंगिकार गरेपछि राजवंशी जातिमा पनि यसको प्रभाव देखिएको छ । जसको परिणाम स्वरुप यिनीहरुमा

नेपालीकरण प्रक्रिया बढ्दै गएको देखिन्छ । जुनकुरा अन्य जातिमा पनि देख्न सकिन्छ (शर्मा, १९९७) ।

अनुसन्धानकताले पनि उनीहरु सँग कुराकानी गर्दा नेपाली भाषा नै प्रयोग गरेको थियो ।

**४.२ अध्ययन गरिएको जनसंख्याको विवरण**

कुनै पनि समाजको संरचना त्यहाँको जनसंख्या र जनसंख्याको संरचनात्मक स्वरुप उमेर, लिङ्ग, पेशा, परिवार आदिमा भर पर्दछ । त्यही जनसंख्याको संरचनात्मक स्वरुप अनुसार र सास्कृतिक पक्षहरु प्रभावित हुन्छन । यहाँ डाँगिबारी गाँउ विकास समिति, वडा नं. १ मा रहेका जम्मा ५८ वटा राजवंशी घरपरिवारको जनसंख्या जसलाई उमेर समुहको आधारमा पहिला र पुरुषको जनसंख्यालाई तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका १**

**उमेरका आधारमा लिङ्गगत र उमेरगत विवरण**

| उमेर | महिला संख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-४ | ११ | ४.४१ | १३ | ५.२२ | २४ | ९.६३ |
| ५-९ | १५ | ६.०२ | ४ | १.६० | १९ | ७.६२ |
| १०-१४ | १२ | ४.८१ | ८ | ३.२१ | २० | ८.०२ |
| १५-१९ | १६ | ६.४२ | १६ | ६.४२ | ३२ | १२.८४ |
| २०-२४ | ९ | ३.६१ | १५ | ६.०२ | २४ | ९.६३ |
| २५-२९ | १२ | ४.८१ | ७ | २.८१ | १९ | ७.६३ |
| ३०-३४ | ९ | ३.६१ | ९ | ३.६१ | १८ | ७.२२ |
| ३५-३९ | १० | ४.०१ | १२ | ४.८१ | २२ | ८.८२ |
| ४०-४४ | ७ | २.८१ | ६ | २.४० | १३ | ५.२१ |
| ४५-४९ | ११ | ४.४१ | ७ | २.८१ | १८ | ७.२२ |
| ५०-५४ | ६ | २.४० | ९ | ३.६१ | १५ | ६.०१ |
| ५५-५९ | ५ | २.०० | १ | ०.४० | ६ | २.४ |
| ६०-६४ | २ | ०.८० | ४ | १.६० | ६ | २.४ |
| ६५-६९ | ४ | १.६० | २ | ०.८० | ६ | २.४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७० भन्दा माथि | ४ | १.६० | ३ | १.२० | ७ | २.८ |
| जम्मा | १३३ | ५३.३२ | ११६ | ४६.५२ | २४९ | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन २०६८*

यस तालिका १ का अनुसार अध्ययन क्षेत्रका जम्मा घरपरिवार ५८ मा पुरुष संख्या १३३ र महिला संख्या ११६ गरि जम्मा जनसंख्या २४९ रहेको छ । जसमा पुरुषको जनसंख्या महिलाको जनसंख्या भन्दा बढि देखिन्छ ।

यस तालिका नं. १ मा हेर्दा ०-१९ वर्ष उमेर समुहको संख्या बढी पाइन्छ । जसबाट स्पष्ट हुन्छ कि अध्ययन क्षेत्रका राजवंशी समुदायमा अझ सम्म पनि बालजन्मदर बढी रहेको छ । यसका कारणहरुमा यहाँका मानिहरु बढि ज्याला मजदुरीमा आश्रित भएको हुदा छोरा छोरीको आर्थिक महत्व बढि भएकोले पनि हुन सक्छ ।

## ४.३ परिवार

राजवंशी समुदायमा बाबुको थर छोरामा हस्तान्तरण हुने, सम्पत्ति बाबुबाट छोरामा हस्तान्तरण हुने गरेको अध्ययनको क्रममा देखियो । यस समाजमा लोग्ने मानिसले नै सामाजिक सम्बन्धको नेतृत्व गरेको देखियो । त्यसैले राजवंशी परिवारमा छोरा ्जन्मदा विशेष महत्व दिने गरेको देखिन्छ । यसैगरी यिनीहरुको समुदायमा समाजको अगुवा व्यक्ति पनि पुरुष नै हुने, धार्मिक कार्य सम्पनन गराउन तथा समाजको राजनैतिक नेतृत्वमा पनि पुरुष नै छनौट हुने गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने राजवंशीहरुमा पितृसत्तात्मक समाज रहेको छ भन्न सकिन्छ । घरमा सम्पूर्ण अधिकार बाबुमा हुने कुरा राजवंशीहरुले बताए । बाबुको शेषपछि जेठो छोरा नै घरको हर्ताकर्ता हुने गरेको पाइन्छ । हुन त घर व्यवहार चलाउने र निर्णय गर्ने जस्ता कुरामा राजवंशी समुदायमा महिलाको भुमिका उच्च रहेको नै अध्ययनको क्रममा पाइयो । तर तुलनात्मक रुपमा परिवारको हर्ताकर्ता भने पितृसत्तात्मक समाज भएकाले पुरुष नै देखियो । पितृसत्तात्मक समाज भएकोले बाबुको आफन्ततिरका परिवार नै नजिक हुने बताए । सर्वप्रथम बाबु-आमा त्यसपछि क्रमशः दाजु-भाई, दिनी-बहिनी हजुरबा-आमा, काका, फुपु नजिकका मानिन्छन भने त्यसपछि आमाका परिवार नजिकका मानिने यहाँका राजवंशीहरुले बताए । 'राजवंशी' समुदायको परिवारिक बनौटलाई तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

**तालिका २**

**राजवंशी जातिको परिवारीक प्रकारको विवरण**

| पारिवारीक संरचना | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक परिवार | ४२ | ७२.४२ |
| संयुक्त परिवार | १६ | २७.५८ |
| जम्मा | ५८ | १०० |

*श्रोत : कार्य क्षेत्र अध्ययन २०६८*

तालिका नं. २ का अनुसार यस क्षेत्रमा एकात्मक र संयुक्त परिवार गरी दुई खाले परिवार रहेको पाइयो । एकात्मक परिवारमा आमा-बाबु र छोरा, छोरी(विवाह नभएका) पाइयो भने यसको संख्या ७२.४२ प्रतिशत छ । अर्को सयुक्त परिवारमा आमा, बाबु, हजुरआमा, हजुरबुबा, नाती नातिना आदि रहेको छ । आर्थिक विपन्नताले पिरोली रहेको यस समाजमा संयुक्त परिवारमा सबै आर्थिक बोझ बहन गर्नुपर्ने र सानातिना समस्यागत कुरामा समेत दिनदिनै झगडा र मनमुटाव हुने र हाल आएर यहाँका बासिन्दा आफ्नो पुर्खौली पेशा कृषिलाई छाडेर अन्य पेशामा जस्तो : रोजगार, व्यापार, व्यवसाय, मजदुरी, वैदेशिक रोजगार जस्ता पेशामा सम्लग्न हुँदा उत्पादनको प्रारुपका परिवर्तन संगसँगै समाजको सुामाजिक तथा सास्कृतिक पक्षहरु जस्तो परिवारको स्वरुपमा पनि परिवर्तन हुँदै जान थालेको स्थानिय राजवंशीहरुले बताए । जसको फलस्वरुप एकात्मक परिवारको बनौटमा बृढि हुन गएको छ । यस तालिका नं. २ ले पनि यहि कुरालाई पुष्टि गरेको छ ।

राजवंशीहरु रगतको नातालाई बढि नजिकको मान्ने गरेको बताए । यिनीहरुको कुटुम्बसँग पनि सुमधुर सम्बन्ध रहेको पाइयो । राजवैशीहरु अतिथि सत्कार र सेवालाई विशेष महत्व दिने गरेको अध्ययनका क्रममा पाइयो । राजवंशी परिवारमा बुढा-पाकाको बढी सम्मान हुने गरेको बताए । यिनीहरुको परिवारमा घरमुलिको भूमिका र स्थान महिला र अन्यको भन्दा उच्च रहेको बताए । राजवंशीहरु ठूलाबडालाई आदर सम्मान गर्ने आफ्नै परम्परा रहेको बताउँछन । उनीहरु सानाले ठूलालाई आदर गुर्नपर्छ भन्ने मान्यता रहेको बताउँछन । जस अनुसार विशेष अबसर जस्तो : चाड, पर्व, विवाह जस्ता कार्यक्रममा साना

व्याक्तिले ठूला व्यक्तिको गोडामा निहुरिएर ढोग्ने गरेको बताए । त्यस्तै गरी यदि छोरा, छोरीले संयोगबस बाबु-आमालाई कुल्चिए भने निहुरिएर गोडा ढोग्नु पर्ने बताउछन । यसप्बाट के स्पष्ट गर्दछ भने राजवंशी समाजमा ठूला व्यक्तिको स्थान साना व्याक्तिको भन्दा उच्च रहेको हुन्छ ।

## ४.४ शिक्षा

राजवंशी समुदायमा शिक्षाप्रतिको बुझाइ अलग-अलग रहेको अध्ययनको क्रममा पाइयो । कसैले शिक्षालाई ज्ञानको ज्योति र अध्यारोबाट उज्यालो तर्फ लैजाने माध्यमका रुपमा बुझेको पाइयो भने कसैले शिक्षाको महत्वलाई खासै नबुझेको पाइयो । यस सन्दर्भमा स्थानिय शिक्षक हेम राजवंशीका अनुसार केहि वर्ष अगाडि सम्म राजवंशी जातीका छोराछोरीहरु विशेषत ठूलो भएपछि मात्र स्कुल जाने गर्दथे । राजवंशी जाती परम्परागत शिकाइ शिक्षा पद्धति अनुरुपको नै जीवन चलाउदै आएका थिए । यिनीहरु वालवालिकाहरुलाई विद्यालय पठाउने भन्दा घरको तथा खेतीको कामकाज गरेमा बढि उपयोगी हुने धारणा राख्दथे । पुरानो पद्धतिलाई परिवर्तन गरी आधुनिक शिक्षाको महत्व प्रति त्यति विघ्न अग्रसर भएको देखिदैनथ्यो भनी बताउछन । खेतीमा आश्रित भएकोले होला राजवंशी बुढापाकाहरु छोरा-छोरीलाई स्कूल पठाउनु पर्छ भन्दा राजवंशी भाषा “पढिए लिखिए कि काम, हाल जुतिए खाइ भात” नेपाली भाषा “पढे गुने के काम हलो जोति खायो माम” भन्ने गरेको पाइयो ।

तर हाल आएर जनचेतनाको बृद्धि र शिक्षा नीति अनुरुप घरदैलो कार्यक्रमले पहिलेको  तुलनामा अहिले विद्यालय आउने विद्यार्थीको संख्या उच्च नै रहेको बताए ।  प्रा. वि. र नि. मा. वि. तह सम्म अध्ययनरत भएता पनि मा.वि. तह सम्म पुग्दा क्रमश अध्ययनको संख्या घट्दै जाने शिक्षक राजवंशीले बताए । यसको कारण विद्यालय जानु भन्दा कामको लागि बाहिर जानु पर्ने भएकाले गर्दा यो अबस्था सृजना भएको हो भन्ने कुरा बताउछन । आर्थिक स्थिति कमजोर भएको कारणले गर्दा नै मा. वि. तह सम्म आइपुग्दा विद्यार्थी संख्या न्यून हुने बताउछन । तालिका ३ मा अध्ययन क्षेत्रका राजवंशी जातिको शैक्षिक स्तरलाई देखाएको छ ।

**तालिका ३**

**अध्ययन क्षेत्रको साक्षरता स्थिति (५ वर्ष भन्दा माथीको उमेर समुह)**

| पेशा | संख्या | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | महिला संख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत | जम्मा | |
| साक्षर | ११ | १०.६७ | १५ | १२.२९ | २६ | ११.५५ |
| निरक्षर | २३ | २२.३३ | १९ | १५.५७ | ४२ | १८.६६ |
| प्रा.वि. तह | १९ | १८.४४ | २६ | २१.३१ | ४५ | २० |
| नि.मा.वि. तह | १८ | १७.४७ | २० | १६.३९ | ३८ | १६.८८ |
| मा.वि. तह | १८ | १७.४७ | १९ | १५.५७ | ३७ | १६.४४ |
| उच्च मा.वि.तह | १५ | १४.५६ | १९ | १५.५७ | ३४ | १५.११ |
| उ.मा.वि भन्दा माथि | २ | १.९४ | १ | ०.८१ | ३ | १.३३ |
| जम्मा | १०३ | १०० | १२२ | १०० | २२५ | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन २०६८*

तालिका ३ का अनुसार उच्च मा.वि. भन्दा माथि पुरुष र महिला तर्फ क्रमश: ०.८१ र १.३३ रहको देखिन्छ । जस अनुसार माथिल्लो तहमा आउदा पुरुषको तुलनामा महिला केहि बढि रहेको पाइन्छ । यसको कारण यस समुदायका यूवाहरु प्राय गरेर वैदेशिक रोजगारमा जाने प्रचलन बढ्दो छ । जसको कारण माथिल्लो तह सम्म आइपुग्दा पुरुषको तुलनामा महिलाको संख्या बढि रहेको पाइयो । यसले के देखाउछ भने पूँजीवादी अर्थतन्त्रबाट राजवंशी समुदाय अछुतो रहेको देखिदैन ।

यस समुदायमा युवा-युवतीहरुमा शैक्षिक स्थिति बढ्दै गएको देखिन्छ । यस समुदायमा वरिपरि ब्राहमण, क्षेत्री आदि रहनु र उनिहरुको शिक्षाको स्तर उच्च रहनु जसको प्रभाव राजवंशी समाजमा पनि परेको कारणले शिक्षाको स्तर बढेको बताउछन । साथै अविभावकले शिक्षाको महत्व बुझ्दै जानु, अनिवार्य प्राथमिक शिक्षा, सिमान्तकृत विद्यार्थीको लागि छात्रवृत्ति, रोजगारको लागि शिक्षाको आवश्यकताले गर्दा शैक्षिक स्थिति बढ्दै गएको शिक्षक हेम राजवंशीले बताए ।

### ४.५ विवाहको उमेरमा आएको परिवर्तन

राजवंशी प्रचलनमा १६ वर्ष उमेर पुगेका केटा र १३/१४ वर्ष भन्दा माथि केटीसँग विवाह गर्ने सामान्य प्रचलन भए पनि अध्ययन गरेको समयमा प्रायः गरेर १६ देखि १८ वर्ष उमेर पुगेका युवा-युवतीबीच विवाह गर्ने गरेको राजवंशी बुढापाकाले बताए । यि उमेरगत वैवाहिक स्थितिमा आएको परिवर्तनलाई हेर्दा यो परिवर्तन आउनुको कारण आर्थिक पक्षमा आएको परिवर्तनले गर्दा हो भन्न सकिन्छ । राजवंशी समुदायमा विवाहको उमेरमा आएको परिवर्तनलाई तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४**

**दश वर्ष अघिको विवाह र हालको विवाह**

| उमेर | दश वर्ष पहिला विवाह गर्नेको संख्या | | | प्रतिशत | हालको विवाह गर्नेको संख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | | पुरुष | महिला | जम्मा | |
| १०-१४ | ६ | ८ | १४ | १८.६६ | ३ | ४ | ७ | ११.४७ |
| १५-१९ | ६ | १० | १६ | २१.३३ | ६ | ८ | १४ | २२.९५ |
| २०-२४ | ९ | ९ | १८ | २४ | ६ | ७ | १३ | २१.३१ |
| २५-२९ | ८ | ६ | १४ | १८.६६ | ५ | ५ | १० | १६.३९ |
| ३०-माथि | ७ | ६ | १३ | १७.३३ | ९ | ८ | १७ | २७.८६ |
| जम्मा | ३६ | ३९ | ७५ | १०० | २९ | ३२ | ६१ | १०० |

*श्रोत: कार्यक्षेत्र अध्ययन २०६८*

तालिका ४ अनुसार आज भन्दा दश वर्ष पहिला १०-१९ वर्ष उमेर समुह बीच विवाह गर्नेको संख्या ३९.९९ प्रतिशत रहेको देखिनछ । तर अहिले त्यसमा परिवर्तन भएर ३४.४२ प्रतिशत मात्र रहेको अध्ययनको क्रममा पाइयो । यिनीहरु बीचको अन्तर ५.५७ प्रतिशत रहेको देखिन्छ । त्यस्तै दश वर्ष पहिला २० देखि माथि उमेर समुहको विवाह गर्ने संख्या ५९.९९ पतिशत रहेको थियो भने अहिले बढेर ६५.५६ प्रतिशत पुगेको पाइयो ।

यो परिवर्तन आउनुको कारणमा अन्तर्वार्ताको क्रममा स्थानिय टोम राजवंशी, राजु राजवंशी, तुलसी राजवंशी, कल बहादुर राजवंशी जस्ता उत्तरदाताल आधुनिकरणको प्रभावले, शिक्षाको विकास, यूवा पिढीहरुको केहि गरौं भन्ने भवना, जीवन यापनको क्रममा कृर्षिलाई मात्र मुख्य पेशा नमानी विभिन्न पेशा अगाल्ने क्रममा घर बाहिर बस्ने प्रचलन

बढ्नु, बाह्य संस्कृतिको प्रभाव हो भनि बताए ।

## ४.६ राजवंशी जातिको थर, गोत्र र गुरु (ठाकुर)

हिन्दु धर्मशास्त्रअनुसार गोत्र भन्ने वित्तिकै कुनै पनि जातिको थर वा उपथरको पूर्वजलाई मानिन्छ । सगोत्रीलाई एउटै वंश भित्र लिइन्छ । संस्कृतिमा 'गोत्र' शब्दको अर्थ वंश हो । त्यसैले हिन्दु उच्च जातिका ब्राम्हण, क्षेत्री, ठकुरी सगोत्रीहरुको आपसमा विवाह चल्दैन । सामाजिक मानवशास्त्रीहरुले गोत्रलाई यस रुपमा मात्रै नस्वीकारी कुनै पनि काल्पनिक निर्जीव वा सजीव बस्तुबाट गोत्र निर्माण भएका हुन सक्दछन भनेका छन । त्यसैले उनीहरुका अनुसार गोत्र पुख्यौली नामबाट, टोटमबाट वा कुनै भू-भागीय नामबाट आएको हुन सक्दछ -दाहाल, २०३६) । राजवंशी जातिमा उपजातिहरु देखिदैन । भाषिक रुपमा राजवंशीहरुलाई झापाली र मोरङ्गेली भने पनि यो उनीहरुको जातिय विभिन्नता नभई भौगोलिक विभाजन मात्रै हो । वास्तविक रुपमा हेर्दा यी दुवै झापामा बस्ने र मोरङ्ग, सुनसरीमा बस्ने राजवंशीमा सामान्य भाषिक विभिन्नताहरु पाइए तापनि यो विभिन्नता त्यस क्षेत्रमा बसोबास गर्ने अन्य जातिहरुको साँस्कृतिक समीकरणको परिणाम हो । झापा तिर बङ्गाली (भारतिय) प्रभाव बढी छ भने मोरङ्गतिर थारु जातिको प्रभाव छ भन्न सकिन्छ ( श्रेष्ठ, २०६४) ।

पन्त (२०४१) ले राजवंशीका साधारण चार गोत्र हुन्छन । ती हुन भारद्वाज, काश्यप, धनेस्वर र सान्दीप भनी उल्लेख गरेका छन । तर मैले अध्ययन गरेको अध्ययन क्षेत्रमा बसोबास गर्ने राजवंशी समुदायका सबै उत्तरदाताहरुलाई आफ्नो 'थर' र गोत्र बारे सोध्दा उनीहरु एउटै थर 'राजवंशी' र 'गोत्र' काश्यप भएको बताउछन । अध्यन क्षेत्रका सबै उत्तरदाता हरुलाई आफ्नो गोत्र थाहा भएको पाईयो । स्थानिय राजवंशी समुदायका अगुवा टोम राजवंशीका अनुसार थर र गोत्र एउटा-एउटा मात्र हुने तर उनीहरुको गुरु भने विभिन्न १६ प्रकारका हुने बताए उँहाका अनुसार राजवंशीका गुरुहरु यस प्रकार रहेका छन :-

१) चैतन

२) नितानन्द

३) आदित

४) सत्गुरु

५) रामाउत

६) ठुन-ठुनिया

७) लखिगदाघर

८) चतुरमारिया

९) बोलोराम

१०) चतनखेला

११) उदित

१२) जगबन्धु

१३) ढाडिगर

१४) कविर

१५) सीताउदित

१६) तुल्सिया

राजवंशी जातिभित्र जातिय भिन्नता नहुने बताए । साथै ठूलो सानो, उच र नीचको भेदभाव पनि उनीहरुको व्यवाहरमा नपाइने बताए । ब्राम्हण, क्षेत्री समाजमा जस्तो छुत-अछुत जस्ता सामाजिक स्तरीकरण पनि राजवंशीहरुमा नरहेको राजवंशीहरु बताउछन । यिनीहरुका बीचमा खानपान र उठबसदेखि लिएर विभिन्न चाडपर्व र संस्कारहरुमा सबै उत्तिकै सहभागी हुने गरेको पाइन्छ । उनीहरुका अनुसार राजवंशीहरुमा एउटै मात्र गोत्र भएको हुदा एक आपसमा वैवाहिक सम्बन्ध जोड्नुपर्दा अरु हिन्दु जाति झै गोत्रलाई महत्व नदिने बताए । यद्यपी यस गोत्र भित्र उनीहरु कसरी परे वा उनीहरुको यो गोत्र कसरी भयो भन्ने बारेमा भने उनीहरुलाई केही थाहा नभएको पाइयो ।

### ४.७ घरको संरचना

राजवंशीहरु घर बनाउँदा पञ्जियार(राजवंशीको पुरोहित) लाई देखाएर सम्बन्धित जमिनका बारेमा जानकारी लिन्छन । पन्जियारले ज्योतिष विद्या अनुसार घर बनाउन सो स्थान उपयुक्त छ वा छैन भनी सल्लाह दिन्छन । पन्जियारको विचार र सल्लाह बुझेर मात्र राजवंशीहरु उपयुक्त स्थानमा घर निर्माण गर्छन । घर बनाउदा भूतप्रेमको बासस्थान नभएको ठाउँमा बताउने सल्लाह दिन्छन । घर बनाउदा घरको मुल ढोका कता फर्काउने हो भन्ने समेत पन्जियारले तोक्ने गर्दछ । राजवंशीहरु घर बनाउँदा स्थानिय स्रोत र साधनको प्रयोग गर्दछन । यिनीहरुको घरको निर्माण काठ, बाँस, खर र माटोबाट हुन्छ । केही सम्पन्न वा आधुनिक वा आधुनिक बिचार धारा तिर आउन लागेका राजवंशीहरुको मात्रै दुई या तीन तले पक्की या टिनको छानो भएको घर देखिन्छन । यस बाहेक अधिकांस राजवंशिहरुका घर फुसको छानो भएको सनपाटको (सुन्ती) झिक्रा बाँसको टाँटी लगाएर

बनाइएको हुन्छ । यस बाहेक गोबर र माटोले लिपिन्छ । घर सिगार्ने सफा सुग्घर राख्ने काम मा बढि भन्दा बनी महिलाहरु खटेका पाइन्छन । यसैले झट्ट हेर्दा सानो झुपडी जस्तो देखिए पनि सफा सुग्घर र लिपपोत गरेर बनाउने चलन छ । राजवंशी समुदायमा चारै दिशामा घर बनाउने चलन छ । यदि केहि कारणवश चारै दिशामा घर बनाउन नसकेमा तीन दिशामा भने घर बनाउनु अनिवार्य सम्झिन्छन । यि घरहरुको आ-आफ्नै काम हुन्छन । एउटा घरमा भान्सा बनाइन्छ, त्यस्तै अरु घरहरु खाधान्न राख्न र सुत्ने, बस्ने काममा प्रयोगमा ल्याइन्छ । यो बाहेक सम्पन्न राजवंशी परिवारमा एउटा बाहिरीया घर पनि हुन्छ । बाहिरीया घरको प्रयोग खासमा माग्ने मान्छेका लागि र अपरिचित मानिसहरुका लागि पर्खने यो बैठक कोठाको रुपमा लिएको पाइन्छ । घरहरु माटो उठाएर सफासँग गोबर माटोले लिपेको र घरका खाँवाहरुमा माटोले निर्मित विभिन्न फूल, बुट्टा र सजावत गरेको देखिन्छ । त्यस्तो प्रकारको सजावत खाँवा बाहेक कहि कहि भित्तामा पनि हुन्छ । घर वरीपरि चारैतिर बाँस या सुन्ठीको तातीले घर धेरेको हुन्छ । तीन या चार घरको बीचमा सफा र फराकिलो आगन हुन्छ । जाडो महिना भए आँगनको बीचमा अंगेनु बनाई आगो ताप्ने ठाउँ बनाएको हुन्छ । पिउने पानीको लागि घर छेउमा इनार वा ट्युवेल बानाइएको हुन्छ । आगनको छेउछाउमा परेवा तथा हाँसको खोर बनाईएको हुन्छ । गाई बस्तुको कटेरो घरबाट नजिकै कम्पाउण्ड भन्दा बाहिर हुन्छ । प्रत्येक राजवंशी घरको पूर्व दक्षिण दिशामा ठाकुरको थान राखिएको हुन्छ । ठाकुरको थान सानो छाप्रो बनाएर राखिएको हुन्छ । ठाकुरको प्रतिकको रुपमा माटो उठाएर चिल्लो पारेर लिपिएको हुन्छ । यसको छेउछाउमा तुलसी पनि रोपिएको हुन्छ । 'ठाकुर' राजवंशीहरुको कुल देवता हुन । उनको पूजा हरेक परिवार मूलिले दिनहुँ केही प्राथनाका साथ गर्दछन । घर वरिपरि आँप, लिची, कटहरु, सुपारी, नरिवल, केरा आदि फलफुल लगाउँछन । व्यवस्थित तरिकाले बरबगैचा लगाउन नसके पनि बरबगैचा लगाउन यिनीहरु सौखीन देखिन्छन । झट्ट हेर्दा राजवंशी गाउँ रमाइलो नै देखिन्छ ।

## ४.८ भेषभूषा गरगहना

राजवंशीहरुको प्रारम्भिक पहिरन आफ्नै किसिमको भएपनि आधुनिक तवरका लुगाहरु पनि आजभोली चेतनशिल र शिक्षित युवा वर्गले लगाएको पाइन्छ । यसको प्रभाव राजवंशी पुरुषमा पूर्ण रुपमा देखिए पनि स्त्री जातिमा पनि केही मात्रामा आएको पाइन्छ । खेतीमा काम गर्ने पुरुषहरु प्रायः लगौटी (धोती) मात्र लगाउँछन । औपचारिक पोषाक धोती र कमिज भए पनि धोतीका रुपमा केवल छोटो लगौटी बेरेर हिडेने पुरुषहरुको संख्या धेरै

देखिन्छ । राजवंशी युवकहरु जो आधुनिक हावाबाट प्रभावित भएकाले उनीहरु पेन्ट, सर्ट, दौरा सुरुवाल, कोट टोपी सबै पहिरनको प्रयोग गर्दछन । राजवंशीहरुको पहिरन बढी सादा देखिन्छ । यिनीहरुको पहिरनको कुरा अत्यन्त सरल र सिमित छ । राजवंशी आइमाइहरु चौडा पारी भएको घुँडा सम्म छोप्ने कपडा छातीमा बेर्छन । त्यो कपडा प्रायः ५ हाते हुन्छ । यसलाई यिनीहरु 'पेटानी' भन्दछन यो पोशाक घरमा तयार भएको मोटो कपडाको हुन्छ । तर आजभोली घरमा त्यस्तो कपडा बनाउन छोडेका हुँदा अरुनै कपडाको लगाउने चलन छ । घरमा बस्दा हाटबजार जाँदा पनि यिनीहरु प्रायः पेटानी नै लगाएको पाइन्छ । जाडोको बेला यिनीहरु ओड्नेका पनि प्रयोग गर्दछन । तर आज भोली कसैकसैले सारी, चोलो र राजवंशी युवतीहरु कुर्ता सलवारको र पेन्ट सर्ट पनि प्रयोग गर्न थालेका छन ।

राजवंशी पुरुषहरु प्रायः कुनै प्रकारको गरगहना लगाएको पाइदैन साधारण औठी भने लगाएको पाइन्छ । राजवंशी महिलाहरुमा पनि बढी गरगहनाको प्रयोग देखिदैन तर गरगहना प्रयोग गर्दा सुन भन्दा बढी चाँदीका गरगहना प्रयोगमा देखिन्छ । विवाहित महिलाहरुको घाँटीमा सधै नै चाँदीको सिक्री लगाएको पाइन्छ । विवाहमा चाँदीको सिक्री, बाला र चाँदीकै चुरीहरु दिने चलन छ । औपचारिक अवसरमा लगाइने चाँदीका सिक्रीहरु निकै ठुला सम्म पनि पाइन्छ । कोही-कोही पढे लेखेका युवा वर्गले विशेष गरी महिलाहरुले भने सुनको सिक्री आजभोली लगाउन थालेको देखिन्छ । अरु आदिवासी जाति झै खुट्टा र पाखुरामा भारी गहना लगाउने चलन भने यस जातिमा पाइदैन । सिंगारको रुपमा छातीमा पाखुरामा छिपाएर हान्ने बुट्टा (निला नदिना) को चलन यिनीहरुमा अरु तराई बासीहरुमा जस्तो देखिदैन । राजवंशी महिलाहरु यी सबै प्रकारका गहना प्रायः एकै पटक लगाउँदैनन । कुनै उत्सव, मेला, पर्वहरुमा मात्र गहना लगाउने चलन रहेका पाइन्छ । जुत्ता र चप्पल प्रयोग यी महिलाहरुमा कमी रहेको पाइन्छ । एक त गाउँमा लगाउने बातावरण नै हुदैन । त्यसमा पनि महिला वर्ग हमेसा काममा नै व्यस्त रहेका हुन्छन । त्यसैले पनि यिनीहरुको खुट्टामा चप्पल रहेको पाइदैन । तर केही आधुनिक महिला, पुरुष र युवा युवतीहरुले भने आजभोली फेशनका जुत्ता, चप्पल लगाएको पाइन्छ ।

यिनीहरुमा निधारमा टिका र सिउदोमा सिन्दुर पनि हाल्दैनन तर सिउदो काटेर कपाल पनि कोर्दछन । केहि शिक्षित र आधुनिकता तिर आउन लागेका राजवंशी युवतीहरुले भने सिउदो काटेर कपाल कोर्ने तथा सिउदोमा सिन्दुर हाल्ने चलन भने बढेको पाइन्छ । राजवंशी महिलाको कपाल लामो, मुलायम र कालो हुन्छ । केश प्राय सबैको नै आकर्षक

देखिन्छ । जहिले पनि यिनीहरु कपाल सपक्क पारेर कोर्दछन र पछाडी लगेर जुरो बनाउछन । आफ्ना इच्छा अनुसार कपाल विभिन्न खोपाहरु बनाउँछन, केश खुला छाडेको त्यती राजवंशी महिलामा पाइदैन । कपालमा नरिवत तथा बजारमा पाइने विभिनन प्रकारको तेल प्रयोग गर्दछन । तर पनि नरिवतको तेल प्रयोग बढी मात्रामा पाईन्छ । त्यती सिंगार पटार यिनीहरु रुचाउदैनन र साधारण देखिन्छन ।

## ४.९ खानपान

राजवंशी जातिको प्रमुख भोजन दाल, भात तथा तरकारी हो । गहुँ र मकैको खेती यिनीहरुल त्यति गरेको पाइदैन तर आजभोली भने त्यो प्रचलन हटेको छ । यिनीहरु खानामा मुख्यत : चामल कै प्रयोग गरेको पाइन्छ । यिनीहरु चामललाई उसिना गरेर खान मन पराउछन भने अलुवा चामलको प्रयोग त्यति नगरेको पाइन्छ । गहुँ या मकैको परिकारले बढि तिर्खा लगाउने र स्वास्थ्यलाई फाइदा नगर्ने कुरा यिनीहरुको भनाई छ । खाजाको रुपमा या विभिन्न पर्वमा रोटी, मालपुवा आदि बनाउँदा पनि चामलदकै पिठो प्रयोग गरेको पाइन्छ । झापाको मुख्य उब्जनी धान भएकाले पनि चामलको प्रयोग बढि भएकोले हुन सक्छ ।

चामलको परिकार मुरही, भुजा, रोटी, चिउरा बढी प्रयोगमा आएको पाइन्छ । खाजाको रुपमा मुरही, भुजा र चिउरा खान्छन भने विहान, बेलुकाको खानामा दाल, भात, तरकारी मन पराउछन । रोटी बनाउने चलन विशेष चाड पर्व या छोरी चेली आएको बेलामा हुन्छ । यस जातिको अर्को सर्वाधिक खाना ‘पन्ता भात’ -बासी भातमा पानी, नुन, तेल, प्याज, खुर्सानी हाली खाने खाना) हो । विशेष गरी गर्मी महिनामा विहानको खाजाको रुपमा पन्ता भातलाई प्रयोगमा ल्याउछन । बेलुका भातलाई पानीमा डुवाएर राख्दछन त्यही पानीमा डुबाएको भात बिहान थोर्र पानी फ्याकेर नुन, तेल, प्याज, खुर्सानी हाली खान्छन । यसैलाई ‘पन्ता’ भात भन्दछन । राजवंशी समाजमा साना, ठूला सबैको लागि स्वास्थ्य प्रद र अडिलो खाजाको रुपमा पन्ता भातलाई प्रयोगमा ल्याइन्छ ।

चामलको अतिरित्त दाल हरियो तरकारी र चनाको परिकारले बाहुल्यता धैरै देखिन्छन । पाटाको आलो र सुकाएको साग दुबै यिनीहरुले तरकारीको रुपमा प्रयोग गर्दछन । राजवंशीहरुको खानामा तेल, मसला र खुर्सानीको अत्यधिक प्रयोग गर्दछन । माछा, मासु (परेवा र खसी) यिनीहरुको प्रिय खाद्य हो । माछा, मासु प्राय छाकै पिच्छे खान्छन ।

माछा, मासु किन्ने क्षमता नभएमा खेतमा जमेको पानी, नदीकै छेउछाउ गएर माछा समात्ने काम यस जातिमा सबै जनाले गर्दछन । राजवंशीहरु गाई, बस्तु पाल्छन तर प्राय जसो राजवंशीहरुले दुध, दहीको प्रयोग खानामा त्यति ल्याउदैनन । दुध, दही बेचेर नुन, मसला र अन्य घर व्यवहारका समान किन्छन । राजवंशीहरुको समाजमा खसी, परेवा, हाँस र माछा बाहेक हरिण, खरायो आदि जंगली जनावरको मात्र खाने चलन छ । सुगुर, राँगा, भैसी कुखुराको मासु खाने तथा मादक पदार्थको सेवन गर्ने व्यक्तिलाई आफ्नो समाजमा त्यति रुचाउदैनन । पान, सुपारीको प्रयोग भने राजवंशी समाजमा साना ठूला सवैले गरेको पाइन्छ ।

# अध्ययन पाँच

## आर्थिक अवस्था

प्रस्तुत अध्यायमा राजवंशी जातिको आर्थिक अवस्था अध्ययनको क्रममा आर्थिक पक्षका बारेमा सामान्य जानकारी, भू-स्वामित्व वितरण, उत्पादन स्थिति, खाद्यान्नको पर्याप्तता, उत्पादन प्रकृया, पेशा, पशुपालन, परम्परागत पेशा, परम्परागत पेशा छाड्नुका कारणहरु र यसका असरबारे चर्चा गरिएको छ ।

### ५.१ आर्थिक पक्ष

आदिवासी राजवंशीहरु प्राचिन समय देखि नै कृषिमा निर्भर रहि आएका र यिनीहरुको मुख्य पेशा कृषि भएको बताउछन । सम्बन्धित अध्ययन क्षेत्रका २८ प्रतिशत राजवंशी आज पनि विशुद्ध कृषि पेशामा संलग्न छन भने कृषि र साना व्यापार व्यवसायमा १२ प्रतिशत अनि कृषि र मजदुरमा १४.८५ प्रतिशत संलग्न छन । राजवंशीहरु आफु सँग जे जति जमिन छ त्यसैमा मेहनेत गरी जीवन निर्वाह गर्ने स्वभावका हुन्छन । यिनीहरुको स्वभाव हेर्दा बढि मेहनेती देखिन्छ ।

राजवंशी बुढापाकाका अनुसार करिब ३/४ पुस्ता अघि यो क्षेत्रमा बस्ती बढि थियो । राजवंशीहरु त्यसबेला आफुलाई वर्षभरी पुग्ने खेतीपाती गर्दथे । खान लगाउन कुनै दुःख थिएन । जब नेपाल सरकारको औलो उन्मुलन कार्यक्रमले मलेरिया रोगको नियन्त्रण पश्चात पहाडी मुलका बासिन्दारु विस्तारै क्रमश : तराई तिर बसाई सर्न थाले (दाहाल, २०५६) । पूर्वी तराइका विभिन्न क्षेत्र झापा, मोरङ्गमा विभिन्न जात जातिको बसोबास बढ्न थाल्यो । तिनीहरुले राजवंशी जमिनको खेत कब्जामा पार्न थाले भनी राजवंशीहरु बताउछन । बस्ती दिनदिनै बढ्दै जान थाल्यो । हाम्रो आफुले कमाएको जग्गा खोसिन थाल्यो । यस्ता कारणले राजवंशीहरुको आर्थिक स्थितिमा ह्रास आउन थालेको उनीहरु बताउछन । यि विभिन्न कारण बाट राजवंशीहरुले जग्गा जमिन बेच्न थालेको बताउछन ।

वि.स. २०२१ सालको ऐतिहासिक भूमिसुधार कार्यक्रमले जग्गाको हदबन्दी सम्बन्धि नियम बनायो जसले गर्दा सयौं विगाहा जग्गा जमिनका राजवंशीहरु जमिन्दारबाट सामान्य जग्गाा धनि मात्र भएको कुरा बताउछन । उनीहरुका अनुसार अंशबन्डाका कारणले जग्गा खण्डीकरण हुदै गए । एवं प्रकारले भूमिविहिन राजवंशीहरुको जन्म भएको बताउछन ।

यसपछि राजवंशीहरुले पनि अब अन्य आदिबासी सतार, मेचे, धिमाल झैं अधिया ठेक्का गर्न थालेको कुरा बताउछन । अहिले पनि अन्य आदिबासी भन्दा यी जातिहरुको सामाजिक, आर्थिक, राजनैतिक स्थिति राम्रो र सवल भएको देख्न सकिन्छ । तसर्थ आर्थिक अवस्थामा को कमजोर छ र को बलियो छ भन्नका लागि जो कसैले आपनाएको पेशा, जग्गा जमिन, कृषि उत्पादन, पशुपालन, व्यायार व्यवसाय, श्रम, मजदुरी जस्ता पक्षमा चर्चा गर्न आवश्यक देखिन्छ ।

### ५.५.१ भू-स्वामित्वको वितरण :-

अध्ययनक्षेत्रका राजवंशी जातीमा भू-स्वामित्वको वितरण समानखालको पाइएन । शुरुवातको अबस्थामा प्राय: राजवंशीहरुको आफ्नो स्वामित्वमा जग्गा रहेको भएता पनि वर्तमानमा सबै घर परिवारमा जमिनको स्वामित्वको वितरण समान खालको पाइदैन । हाल यस क्षेत्रमा राजवंशीहरुमा धेरै आफ्नो घर बाहेक अन्य कृषि जन्य जग्गा जमिन नभएका राजवंशी परिवार पनि अध्ययनका क्रममा प्रशस्त भेटियो । यस क्षेत्रका राजवंशी समुदायका परिवार संख्या र तिनीहरुको स्वामित्वको जमिनको वितरण तलिका ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५**

**जमिनको स्वामित्वको विवरण**

| जग्गाको वितरण | घरपरिवार | प्रतिशत |
|---|---|---|
| १ धुरदेखि १ कठ्ठा सम्म | १९ | ३२.७५ |
| १ कठ्ठा देखि १० कठ्ठा सम्म | १८ | ३१.०३ |
| १० कठ्ठा देखि १ विगाहा सम्म | ६ | १०.३४ |
| १ विगाहा देखि ३ विगाहा सम्म | १३ | २२.४१ |
| ३ विगाहा देखि माथि सम्म | २ | ३.४४ |
| जम्मा | ५८ | १०० |

*श्रोत: कार्यक्षेत्र अध्ययन २०६८*

प्रस्तुत तालिका ५ का अनुसार अध्ययन क्षेत्रका राजवंशी समुदायमा १९ घरपरिवारमा खेती योग्य जमिन छैन । १९ घरपरिवार जग्गा विहिन हुनुलाई उनीहरुको प्राकृतिक स्रोत र साधनमा पहुँच केही कम जस्तो देखिन गएको छ । खेती गर्ने जमिन

नभएका राजवंशीहरुले वैदेशिक रोजगार, व्यापार व्यावसाय, मजदुर जस्ता काम गरेको पाइयो । यस क्षेत्रका राजवंशीहरुले अरुको जग्गा अधिया वा ठेक्का कमाइएको पाइएन । यसको कारण चाहि उनीहरु खेतीबाट भन्दा अन्य पेशा, व्यापार व्यावसाय, ज्यालामजुरी बाट नै राम्रो आम्दानी हने तथा खेती गर्न झन्झतिलो भएकाले बताए । अर्को तिर ३९ घरपरिवाको केही मात्रामा जग्गा भए पनि केहि घरपरिवार देखि बाहेकको ज्यादै थोरै जग्गा रहेको देखिन्छ । जसको कारणमा राजवंशीहरुले जग्गाको महत्व नबुझि क्रमिक रुपमा जग्गा जमिन बेची मोजमस्ती गर्ने गरेको र अंशबण्डाले जमिन टुक्रिदै जानाले यिनीहरु सँग जमिन कम हुदै गएको बताए । यसका साथै अनावश्यक खर्च गर्ने बानी, बचत गर्ने ज्ञानको कमीले गर्दा पनि जमिन विहिन हुदै गएको अवस्था देखियो ।

### ५.१.२ उत्पादनको स्थिति

प्रस्तुत अध्ययन क्षेत्रमा समतल र मलिलो माटो भएता पनि सिचाइको राम्रो व्यवस्था भने छैन । यहाँ खेती गर्नको लागि आकासे पानी र सामान्य कुलोको भर पर्नु पर्दछ । उचित मल, विउको राम्रो सुविधा र मलिलो माटो भएपनि सिचाइको राम्रो सुविधा नभएका कारण उत्पादन मध्यम खालको पाइन्छ । यस अध्ययन क्षेत्रको राजवंशी समुदायका उत्तरदाता सँग लिएको जानकारीको आधारमा यस क्षेत्रका राजवंशी घरपरिवारको उत्पादन स्थिति तालिका ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६**

**जमिनको स्वामित्वको विवरण**

| उत्पादन मनमा | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| धन खेती नभएको परिवार | २७ | ४६.५५ |
| १-२० मन सम्म | ११ | १८.९६ |
| २०-४० मन सम्म | ९ | १५.५१ |
| ४०-६० मन सम्म | ८ | १३.७९ |
| ६० मन भन्दा माथी | ३ | ५.१७ |
| जम्मा | ५८ | १०० |

*श्रोत: कार्यक्षेत्र अध्ययन २०६८*

तालिका ६ का अनुसार यस क्षेत्रमा धानखेती नभएका परिवार ४६.५५ प्रतिशत, १ देखि २० मन सम्म उत्पादन गर्ने १८.९६ प्रतिशत, २० देखि ४० मन सम्म उत्पादन गर्ने

१५.५१ प्रतिशत, ४० देखि ६० मन सम्म उत्पादन गर्ने परिवार १३.७९ प्रतिशत अनि ६० मन भन्दा माथि उत्पादन गर्ने ५.१७ प्रतिशत रहेको छ । यस खाद्यान्न उत्पादन भन्नाले धानलाई मुख्य रुपमा लिइएको छ ।

### ५.१.३ खाद्यान्नको पर्याप्तता

कुनै पनि समुदायको वास्तविक अवस्थालाई पहिचान गर्न उत्पादनको अवस्थाले निर्धारण गरेको हुन्छ । उत्पादनको अवस्था सवल छ भने त्यो समुदायलाई आफ्नो उत्पादनले खान पुग्छ अर्काको साहारा लिनु पर्ने हुँदैन । अध्ययन क्षेत्रका राजवंशीहरु खाद्यन्नका दृष्टिले कमजोर नै देखिन्छन । मुख्यत कृषिलाई मूख्य पेशाको रुपमा नअपनाएर वेदेशिक रोजगार, ज्याला-मजदुरी, व्यापारलाई आधार बनाउने हुदा उत्पादनले वर्ष भरी पुग्ने परिवार संख्या कम रहेको देखीन्छ । यसरी खाद्यान्न अपुग हुदा उनीहरु ज्याला-मजदुरी, व्यापार गरेर नपुग खाद्यन्न आपुर्ति गर्दछन । अध्ययन क्षेत्रमा गरिएको अध्ययनले राजवंशी जाति भित्र आफ्नै उत्पादनले  खान पुग्ने समयलाई तालिका ७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७**

**खाद्यन्नको पर्याप्तता**

| अवधि | घर संख्या | प्रतिशत |
|---|---|---|
| वर्षभरी आफ्नो उत्पादनले खान नपुग्ने परिवार | २७ | ४६.५५ |
| ३ महिना सम्म खान पुग्ने परिवार | ४ | ६.८९ |
| ३-६ महिना सम्म खान पुग्ने परिवार | ७ | १२.०६ |
| ६-९ महिना सम्म खान पुग्ने परिवार | ५ | ८.६२ |
| ९-१२ महिना सम्म खान पुग्ने परिवार | २ | ३.४४ |
| १२ महिना भन्दा बढी खान पुग्ने परिवार | १३ | २२.४१ |
| जम्मा | ५८ | १०० |

*श्रोत: कार्यक्षेत्र अध्ययन २०६८*

तालिका नं. ७ अनुसार जम्मा ५८ धरपरिवार मध्ये २७ धरपरिवारलाई आफ्नो उत्पादनले वर्ष भरी खान नपुग्ने देखिन्छ । आफ्नो उत्पादनले ३ महिना सम्म खान पुग्ने ४ घरपरिवार रहेका छन । त्यस्तै ६ महिना सम्म खान पुग्ने ७ घरपरिवार रहेका छन । त्यस्तै

गरी आफ्नो उत्पादनले महिना सम्म खान पुग्ने घरपरिवार ५ रहेका छन भने १२ महिना खान पुग्ने २ परिवार रहेका छन । आफ्नो उत्पादनले वर्ष भरी पुग्ने र केही उत्पादित समान बेच्ने घरपरिवार भने १३ घरपरिवार रहेका छन । राजवंशी समुदायमा आफ्नो उत्पादनले खान पुग्ने घरपरिवार कम पाइयो । यसका पछाडी विभिन्न कारणहरु रहेको पाइन्छ । अन्तर्वार्ताको क्रममा तुलरी राजवंशीले यस्तो हुनुको कारणहरुमा उनीहरुको स्रोत र साधनमा पहुँच कम हुन, परम्परागत कृषि र पशुपालन गर्नु, जग्गा-जमिनको महत्वलाई नबुझेर भएको जग्गा बेचेर मोजमस्ती गर्नु आदि रहेको बताउँछन ।

### ५.१.४ उत्पादन प्रकृया

यहाँ खेती गर्ने प्रक्रिया पुरातन नै कायम रहेको पाइन्छ । तर पनि समतल उब्जाउ जमिन, मल, विउ र किटनाशक औषधीको प्रयोग राम्ररी हुन पाए पनि सिचाइको राम्रो व्यवस्था नहुदा उव्जाउ सामान्य खालको हुन्छ । अध्ययन क्षेत्रमा राजवंशीहरु मेसिनको पानी प्रयोग गरेर तरकारी खेती गर्ने  र नजिकैको बजारमा लगेर बेचविखन गरि २/४ पैसा आर्जनको स्रोत बनाउने गरेको देखियो । खनजोतको लागि हलो, कोदालो, गोरु र आजकल प्रायः धेरै जसो राजवंशी परिवारले ट्याक्टरको प्रयोग गर्ने गरेको देखिन्छ । काम गर्ने सवालमा एक आपसमा (मेलापात) 'पर्म' जाने गरिन्छ । पहिलेको तुलनामा आजभोली कृषकहरुलाई जनचेतनाको विकासले गर्दा उत्पादनमा बृढि आउन थालेको पाइयो ।

### ५.१.५ पेशा

यस अधययन क्षेत्रका 'राजवंशी' समुदायका मानिसहरुको पेशागत हिसाबले हेर्दा मुख्य पेशा 'कृषि' नै भएता पनि यस पेशागत व्यावसायमा देखिएको समस्याको कारणले गर्दा र युवावर्गको कृषि पेशामा रुचि नभएको कारणले गर्दा हाल आएर राजवंशीहरु अन्य पेशा जस्तो व्यापार-व्यावसाय, जागीर, मजदुरी, वैदेशिक रोजगार आदि तर्फ आकर्षित हुन थालेका छन । यस क्षेत्रका राजवंशी समुदायका मानिसको पेशागत विवारण तालिका ८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८**

**लिङ्गका आधारमा राजवंशी जातिको पेशागत विवरण**

| पेशा | राजवंशी संख्या | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | महिला संख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत | जम्मा | |
| कृषिमा मात्र | ३१ | १७.७१ | १८ | १०.२८ | ४९ | २८ |
| साना व्यावसाय | १२ | ६.८५ | १० | ५.७१ | २२ | १२.५७ |
| सरकारी जागिर | - | - | २ | १.१४ | २ | १.१४ |
| मजदुरीमा | १९ | १०.८५ | १४ | ८ | ३३ | १८.८५ |
| कृषि तथा साना व्यापार | १२ | ६.८५ | ९ | ५.१४ | २१ | १२ |
| कृषि तथा मजदुर | १४ | ८ | १२ | ६.८५ | २६ | १४.८५ |
| वैदेशिक रोजगार | २ | १.१४ | २० | ११.४२ | २२ | १२.५७ |
| जम्मा | ९४ | ५१.४ | ८५ | ४८.५४ | १७५ | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन २०६८*

***नोट :*** *विद्यार्थीलाई पेशागत अवस्थामा समावेश गरिएको छैन ।*

तालिका नं. ८ का अनुसार राजवंशी समुदायको पेशागत विवरण हेर्दा सबै भन्दा बढि कृषिमा निर्भर रहेको पाइयो । जसमा पुरुष १०.२८ प्रतिशत र महिला १७.७१ प्रतिशत रहेका छन । साना व्यापार-व्यावसायमा पुरुष तर्फ ५.७१ प्रतिशत र महिला ६.८५ प्रतिशत रहेको पाइयो । सरकारी जातिरमा भने राजवंशी समुदायको प्रवेश एकदमै न्युन देखिन्छ जसमा पुरुष १.१४ प्रतिशत र महिलाको प्रतिशत शून्य रहेको छ । ज्याला-मजदुरीलाई पेशागत रुपमा अपनाउने पुरुष ८ प्रतिशत र महिला १०.८५ प्रतिशत देखिन्छ । कृषि तथा साना व्यापार दुवैलाई अपनाउने पुरुष र महिला क्रमश ५.१४ र ६.८५ प्रतिशत रहेका छन । यसैगरी कृषि तथा मजदुर पेशालाई अपनाउने पुरुष ६.८५ र महिला ८ प्रतिशत रहेको पाइयो । वैदेशिक रोजगारमा गएर आर्थिक अवस्था सुद्धत बनाउने पुरुष ११.४२ र महिला १.१४ प्रतिशत देखिन्छन ।

राजवंशी समुदायको आर्थिक अवस्था वि.स. २०२१ भन्दा अगाडी सवल र सुद्धित

भएतापनि भूमि सुधार ऐन लागु भएपछि भने विस्तारै आफ्नो स्वामित्वको जग्गा खोसिएको कारणले कमजोर हुँदै आएको र हाल विस्तारै शिक्षाको अवस्था प्रवल बन्दै गएको, जनचेतनाको अभिवृद्धि हुदैगएको ले आफुसँग भएको स्रोत र साधनहरु जस्तोः जग्गा जमिन सहि पहिचान र परिचालन गर्दै आएको पाइयो । अध्ययन क्षेत्रको ५८ घरपरिवारको सदस्यले १२.५७ प्रतिशतले वैदेशिक रोजगार, १२.५७ ले व्यपार-व्यावसाय, १.१४ प्रतिशतले सरकारी जागिर, १२ प्रतिशतले कृषि तथा साना व्यापार समेत गर्दै आएको अवस्थालाई सकरात्मक मान्न सकिन्छ भने अझै पनि परम्परागत तरिकाले खेती गर्नु, ज्याला मजदुरी नगरी जीविकोपार्जन हुन नसक्नु जस्ता नकरात्मक अवस्थाले गर्दा उनीहरुको आर्थिक अवस्था केहि न्युन रहेको पाइयो ।

### ५.१.६ पशुपालन

राजवंशी जातिमा पशुपालनलाई कृषि पेशाको अभिन्न अंङ्गको रुपमा लिइएको पाइयो । अध्ययनको क्रममा अध्ययन क्षेत्रका राजवंशी समुदायमा प्राय कम घरपरिवारले मात्र पशुपालन गरेको पाइयो । जसको कारण धेरै राजवंशी परिवारको आफ्नो घरबाहेक खेतीयोग्य खुल्ला जमिन नहुनु बताए । पशुपालनमा भैसी, राँगा, गोरु, गाई, बाखा, हाँस आदि पाल्ने गरको पाइयो । जसको प्रयोग दैनिक जिवनमा गर्ने । उदारणको लागि गाई भैसी बाट दुध, मलको लागि जसको प्रयोग दैनिक जिवनमा गर्न र बाँकी बजारमा बेची आवश्यक पर्ने सामान किन्ने बताए । यस्तै राँगा गोरु आफ्नो खेतबारी जोत्ने कार्यमा प्रयोग गर्ने बताए । त्यस्तै बाखा, हाँसलाई मासुको रुपमा प्रयोग गर्ने हुने र सानो ठाउँमा पनि पाल्न सकिने र आर्थिक रुपले थोरै लगानीले छिटो उत्पादन दिन सकिने हुनाले तिनीहरुको संख्या तुलनात्मक रुपमा बढि पाइयो । तालिका ९मा पशुपक्षिको प्रकार र तिनको संख्यालाई प्रस्तुत गरिएको छ ।

**तालिका ९**

**पशुपालनको विवरण**

| पशुपंक्षि | जम्मा | प्रतिशत |
|---|---|---|
| गाई | ३० | २० |

| | | |
|---|---|---|
| गोरु | २७ | १८ |
| बाखा | ४२ | २८ |
| हाँस | २२ | १४.६६ |
| भैसी | १३ | ८.६६ |
| जम्मा | १५० | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन २०६८*

माथिको तालिका अनुसार राजवंशी समुदायमा सबै भन्दा बढी बाखा पालन २८ प्रतिशत रहेको देखिन्छ । यसको कारण सानो ठाउँभए पनि हुने र खेतीपाती नहुँदा पनि पाल्न गाह्रो नहुने भएकोले बताए । भैसी सबै भन्दा कम ८.६६ प्रतिशत, राँगा १०.६६ प्रतिशत, गोरु १८ प्रतिशत, गाइ २० प्रतिशत र हाँस १४.६६ प्रतिशन रहेको पाईयो । यस समुदायमा कुखुरा पालन गरेको पाइएन । जसको कारणमा कुखुरा राजवंशीको कुल देवतालाई नचल्ने भएकोले अशुद्धको रुपमा लिने गरेको बताउछन् । धेरै जसो राजवंशीहरुको जग्गा कम भएकोले गर्दा पशुपालन गर्ने गरेको पाइएन र यस समुदायमा पशुपालनलाई व्यवसायिक स्वरुप दिइएको पनि देखिएन ।

## ५.२ राजवंशी जातिको परम्परागत पेशा

राजवंशी जातिको परम्परागत पेशाको सन्दर्भमा कृषि नै रहेको अध्ययनको क्रममा पाइयो । जस्तैः धान, सनपाट, गहुँ, तोरी, तरकारी र फलफुल आदि रहेको बताउछन । त्यस मध्ये पनि धान, सनपाट, गहुँ पहिले मूख्य बालीको रुपमा लिने गरेको अध्ययन क्षेत्रका राजवंशीहरुले बताए । उनीहरुका अनुसार पहिला-पहिला उनीहरु सँग प्रशस्त मात्रामा जमिन थियो र मूख्य पेशा पनि कृषि नै थियो । बुढापाका राजवंशीका अनुसार यहाँका मानिसले धेरै खेती गर्दथे र प्रशस्त मात्रामा कृषि उब्जनी गरी आफुलाई आवश्यक पर्ने अन्नवाली संचित गरी बाँकी आफ्ना आवश्यकता पुरा गर्ने बेचविखन गर्ने गरेको कुरा बताए ।

## ५.३ राजवंशी समुदायले आफ्नो परम्परागत पेशा छाड्नुका कारणहरु

राजवंशी जातिको परम्परागत पेशा कृषि नै हो । आज पनि राजवंशी जातिको मूख्य पेशाको रुपमा कृषि पेशा नै रहेको पाइन्छ । अध्ययन क्षेत्रका २८ प्रतिशत राजवंशीहरुको मूख्य पेशाको रुपमा आज पनि कृषि पेशा नै रहेको पाइयो । तर आज भोली आएर यो प्रक्रिया निरन्तर रुपमा परिवर्तन हुदै गएको देख्न सकिन्छ । राजवंशीहरु कृषिलाई मुख्य

पेशाको रुपमा नलिएर यसलाई सहायक पेशाको रुपमा अगाल्ने प्रचलन बढ्दो छ । उनीहरुको खेतीपाती भन्दा ज्याला मजदुरी, व्यापार-व्यावसाय, वैदेशिक रोजगार र नोकरीमा आकर्षण बढेको पाइन्छ । अध्ययन क्षेत्रका २८ प्रतिशत बाहेक अरुले कृषि बाहेक अन्य विभिन्न पेशा अगाल्दै आएको पाइन्छ । तसर्थ आ-आफ्नो परम्परागत पेशालाई छाडेर अन्य पेशामा समाबेस भएकाहरुलाई पेसा छोड्नाको कारण बारे सोधिएको प्रश्नको जवाफलाई हेर्दा निम्नानुसार देख्न सकिन्छ :-

**तालिका १०**

**परम्परागत पेशा छाड्नाका कारणहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| वि.स. २०२१ सालको भूमि सुधार ऐनको कारणले | ४१ | ३२.५३ |
| जमिनलाई बेचविखन गरेको कारणले | ३३ | २६.१९ |
| परिश्रमको तुलनामा आम्दानी कम हुनाले | २९ | २३.०१ |
| युवा वर्गले मन नपराएको कारणले | २३ | १८.२५ |
| जम्मा | १२६ | १०० |

*श्रोत : कार्यक्षेत्र अध्ययन २०६८*

राजवंशी समुदायले आफ्नो परम्परागत पेशालाई छाडेर अन्य पेशा प्रति किन आकर्षित भए ? यस परम्परागत पेशा प्रति देखिएको पेशागत समस्याको बारेमा सुचनादाताको भनाई अनुसार विश्लेष गर्ने प्रयत्न गरिएको छ । आफ्नो पेशा छाडेर अन्या पेशा अगाल्नु परेको कुरालाई झापा जिल्ला डाँगिवारी गाउँ विकास समिति, वडा नं. एक मा गरिएको सर्वेक्षण अनुसार उनीहरुको समस्यागत कुरा धेरै भएता पनि विशेषगरि निम्न प्रश्नको आधारमा पेशा छोड्नु परेको कुराहरुलाई आधार बनाई उनीहरुको समस्याको बारेमा पहिचान गर्ने प्रयत्न गरिएको छ । उक्त कुरा माथिका तालिका १० ले समेत प्रष्ट पारेको छ ।

### ५.३.१ वि.स. २०२१ सालको भूमि सुधार ऐनको कारणले :-

वि.स. २०२१ सालको भूमिसुधार ऐनको कारणले ३२.५३ प्रतिशत राजवंशीहरुलाई भूमि विहिन बनाएको अध्ययनको क्रममा पाइयो । अध्ययन क्षेत्रका राजवंशी लगायत अन्य बुढापाकाहरु जो त्यस स्थानमा निरन्तर रुपमा बसोबास गर्दै आएका छन, उनीहरुको अनुसार पनि २०२१ सालको भूमिसुधार ऐन लागु हुनु भन्दा अगाडी अहिलेका राजवंशीहरुका

बाबु बाजे सबैको केही न केही जग्गा जमिन रहेको नै बताउँछन । सयौ विगाहा जग्गा जमिनका राजवंशीहरु जमिन्दारबाट सामान्य जग्गा धनी भए भने कतिपय राजवंशीहरु जग्गा धनीबाट मोहिमा परिणत भएको बताउछन । जसका कारण पहिलेका जग्गा धनी राजवंशीहरु जग्गा विहिन भए पछि अन्य क्षेत्री, वाहुन तथा जग्गावाला राजवंशीहरुको खेती, अधिया, ठेक्कामा कमाउन थालेको बताउँछन ।

वर्तमान समयमा भने राजवंशीहरु आफ्नो जग्गा जमिन नभए पछि अरुको अधिया र ठेक्का गर्नु भन्दा ज्यालामजदुरी गर्ने, साना व्यापार तथा व्यावसाय गर्ने, वैदेशिक रोजगारमा जाने र विभिन्न रोजगारमा संलग्न हुदा नै बढि आम्दानी हुने भएकाले कृषि पेशा छाड्न थालेको बताउछन ।

### ५.३.२ जमिनलाई बेचविखन गरेको कारणले :-

राजवंशीहरु खानपिन र भोजभतेर गर्न गराउन सौखिन भएको पाइन्छ । तसर्थ अध्ययन क्षेत्रमा २६.१९ प्रतिशत राजवंशीहरुले भएको जग्गा जमिनलाई पहिलेनै बेचबिखन गरि मोजमस्ती गरेको पाइयो । स्थानीय बुढापाकाका अनुसार पहिला उनीहरु सामान्य दैनिक गुजारा चलाउन समेत भएको जग्गा जमिनलाई बेचि खर्च गरेको बताउछन । आफ्नो घरमा एउटा पाउना मात्र आउदा पनि खसि काटी भोज भतेर गर्ने, छोरा छोरीको विवाह तथा चाड पर्वमा समेत अनावश्यक खर्च गर्ने भएको हुदा भएका जग्गा जमिन बेचि खर्च गर्ने गरेको कुरा राजवंशी बुढापाकाहरु बताउछन । आजभोली यस्ता परिवार हरु प्रशस्त मात्रामा गाउँ घरमा देख्न सकिन्छन जो पहिले आफ्नो भएको सम्पत्ति, जग्गा बेचि मोजमस्ती गरेको कारण आजभोली आफ्नो पुर्खौलि पेशा कृषिलाई छाडेर अरुकोमा मजदुरी गर्ने, व्यापार व्यावसाय गर्ने, वैदेशिक रोजगारमा जाने गरेको देखिन्छ ।

त्यसकारणले गर्दा कतिपय राजवंशीले आफ्नो जग्गा जमिनलाई पहिलानै बेचविखन गरि मोजमस्ती गरको कारणले हाल भूमि विहिन हुनु परेको वा कृषि योग्य जमिन एकदमै कम भएको कारण त्यसबाट गुजारा नचल्ने हुँदा परम्परा पेशा छाड्न बाध्य भएको बताए ।

### ५.३.३ परिश्रमको तुलनामा आम्दानी कम हुनाले :-

अजभोली राजवंशीहरु खेतिको काम गर्न निकै श्रम लगाउनु पर्ने बताउछन । खेती गर्दा हिलो, झरी, वर्षा केही पनि भन्न नपाउने बताउछन । बालि नालि लगायो, मल, विउ, किटनासक औसधी भन्यो अन्त्यमा सिचाइको अभाव तथा मौसमको कारणले गर्दा अन्न

भन्डारण गर्ने बेला खेति खर्च र आम्दानी बराबर हुने र कहिले काही त खेती खर्च पनि नउठ्ने बताउछन । यसरी कृषि पेशाबाट राम्रो आम्दानी नभएको कारणले कृषि पेशा छोडेको कुरा २३.०१ प्रतिशत राजवंशीहरुले बताए ।

### ५.३.४ युवा वर्गले मन नपराएको कारणले :-

विशेषगरि राजवंशी समुदायका यूवापिढिहरुमा आफ्नो पुर्खौली पेशा कृषि प्रति रुचि नभएको कारणले पनि परम्परागत पेरा छाड्नु पर्ने बताउछन । राजवंशी युवा युवतीहरु कृषिको काम गर्न बढी झन्झतिलो हुने र त्यो भन्दा अन्य काम जस्तो चिया बगानमा चिया टिप्ने काम, घरबनाउने काम, राजमिस्त्रि, साना व्यापार-व्यावसाय गर्न नै मन पराउने हुदा कृषि पेशा छाडेको कुरा बताउछन । यसरी आफ्नो परम्परागत पेशा प्रति रुचि नभएको कारणले पेशा छाड्ने १८.२५ प्रतिशत देखियो ।

## ५.४ आर्थिक पक्षमा आएको परिवर्तनले पारेको प्रभाव

आर्थिक जगको स्वरुपमा नै समाज र सस्कृतिको स्वरुप निर्भर गर्दछ । आर्थिक तत्वले सामाजिक एवं सास्कृतिक परिवर्तनलाई ज्यादै प्रभावित पारेको हुन्छ । सामाजिक एवं सास्कृतिक परिवर्तन सँग आर्थिक अवस्थाको घनिष्ट सम्बन्ध हुन्छ । आर्थिक अवस्था परिवर्तन भएपछि सामाजिक संरचना, सम्बन्ध, संगठन, धर्म, विश्वास, आदर्श, रीतिरिवाज, राजनीति, कला, जीवनशैली आदि प्रभावित हुन्छन र तिनमा आवश्यक परिवर्तन देखा पर्दछ । मार्क्सवादी सिद्धान्तले भनेको आधार संरचनाले उपरी संरचनालाई निर्धारण गरेको हुन्छ भने जस्तै राजवंशी समुदायमा पनि उनिहरुको समयसँगै आर्थिक परिवर्तन हुदै जादा उनीहरुको परम्परागत रीतिरिवान, परम्परा, मान्यताहरु निरन्तररुपमा परिवर्तन हुदै जादैछ । जस्तो : राजवंशी समुदायमा हाल आएर डंगुवा, धन्जिया, घरढुकी, टानीए विवाह प्रथा हराउदै जादैछ भने प्रेम विवाह गर्ने प्रचलन बढ्दो रहेको पाइयो । धार्मिक चाडपर्व, विवाह, जन्म, मृत्यु जस्ता संस्कारगतकार्यमा खर्चमा कटौती हुन थालेको पाइन्छ । जसले गर्दा सामाजिक र सास्कृतिक परम्परामा परिवर्तन आएको छ भने कतिपय लोकसस्कृति क्रमश : लोप भएर गएका छन । आर्थिक ढाँचाको परिवर्तनले पुरै समाजमा परिवर्तन ल्याउछ । झापाका आदिवासी राजवंशीहरु प्राचिन समयदेखि नै कृषिमा निर्भर छन । यिनीहरुको मूख्य पेशा कृषि नै हो । अहिले पनि यिनीहरु धेरै कृषिमा निर्भर रहेको देखिन्छ । सयौ विगाहा जमिनको मालिक राजवंशीहरु अहिले मोहिको रुपमा र सुकुम्बासी जीवन यापन गर्न बाध्य

भएका छन । आर्थिक अवस्थाका कारण समाजमा यिनीहरुको स्थिति, रीतिरिवाज, जीवनशैली तथा विचारमा अमुल परिवर्तन अएको देखिन्छ । सयुक्त परिवारमा बस्न रुचाउने राजवंशी जाति अहिले जग्गा जमिनको कमि र आयस्रोतको कमिको कारण एकल परिवारमा बस्न थालेको बताउँछन । अध्ययन क्षेत्रको आधारमा राजवंशीहरुको संयुक्त परिवार १६ र एकल परिवार ४२ रहेको पाइयो । उपर्युक्त क्षेत्रमा खेतीपातिबाट वर्ष भरी खान पुग्ने परिवार एकदमै कम रहेको देखिन्छ । जसले गर्दा उनीहरु कोहि नोकरी गर्ने, कोहि मजदुरी गर्ने, कोहि वैदेशिक रोजगारी गर्ने, कसैले व्यापार व्यावसाय गर्ने गरेको पाइयो । आर्थिक कारणले गर्दा उनीहरुको परम्परागत रीतिरिवाज, मुल्य-मान्यता, सोचविचार, लोकचलन अथवा सम्पूर्ण सामाजिक संरचना परिवर्तन हुन्सक्छ । आर्थिक कारणले गर्दानै राजवंशी समुदायमा धेरै जग्गा जमिन भएको घनि मानिसलाई देवनीया भनिन्थ्यो भने अहिले जग्गा जमिन विहिन भएको अबस्थामा देवनीया को हैसियत मुल्य-मान्यता समाजमा गौण हुदै गएको देखिन्छ । यसरी राजवंशी समुदायमा आर्थिक परिवर्तन सँगै परम्परागत संस्कार, मुल्य-मान्यता क्रमिक रुपमा परिवर्तन हुदै गएको देखियो ।


# अध्याय छ
# विवाह

यस अध्यायमा राजवंशी जातिको विवाह गर्ने प्रक्रिया, विवाहको प्रकार, आर्थिक पक्षमा आएको परिवर्तनले विवाहमा आएको परिवर्तनको बारेमा व्याख्या र विश्लेषण गरिएको छ ।

## ६.१ विवाहको नियम


विवाहको आफ्नै नियम-कानूनहरु हुन्छन । जुन राजवंशी समाजमा पनि पाइन्छ । राजवंशी समुदायमा विवाहका आफ्नै प्रचलन मान्यता र संस्कार रहेको बताउँछन । महिला र पुरुष बीच बैवाहिक सम्बन्ध राख्ने सम्बन्धमा राजवंशीमा को सँग कसरी बैवाहि सम्बन्ध गर्ने र को सँग नगर्ने भन्ने सम्बन्धमा राजवंशी समुदायको आफ्नै प्रचलन र परम्परा रहेको कुरा बताउछन । राजवंशी जातिमा आफ्नै जातिभित्र विवाह गर्ने प्रचलन रहेको बताउछन । विवाह गर्दा केटा पक्ष र केटी पक्षका ठाकुर 'देवता' मिलाउनु पर्ने बताए । ठाकुर देवता भन्नाले आफ्ना पूर्व गुरु हुन भनि उनीहरु बताउँछन । आफ्ना १६ वटा गुरुहरु सँग मात्र विवाह हुने बताए । अरु सँग विवाह हुदैन । सगोत्री विवाह हुन्छ । राजवंशी जातिको विवाह प्रथामा कतिपय हिन्दु परम्पराका विधि विधान छन भने कहि आफ्नै जातिगत मौलिकता पाइने बताए । यस समुहमा विवाह सम्बन्ध जोड्दा हाड नाता जोगाएर विवाह गर्दछन । मामा चेली तथा फुपु चेली विवाह हुदैन । बाबु पट्टि सात पुस्ता र आमा पट्टि पाँच पुस्ता हुँदैन । यसैलाई उनीहरु हाड नाता मान्दछन । त्यस्तै गुरु बाबु सरह नै भएको हुदा सात पुस्ता र मीतका कुलमा तीन पुस्ता कटााएर विहे गर्नु पर्ने नियम भए पनि यि नियमलाई पूर्ण रुपले पालना गरको देखिदैन । त्यति नै हो जाने सम्म यिनीहरुमा हाडनातामा विवाह हुँदैन ।

## ६.२ राजवंशी समूदायमा बुबा पट्टि ७ पुस्ता र आमा पट्टि ५ पुस्ता सम्मा विवाह हुदैन जसलाई चार्ट १ र २ मा देखाइएको छ ।





चार्ट १ (बुवा पट्टिको सात पुस्ता सम्मको चार्ट)

चार्ट १ (बुबा पट्टिको साँत पुस्ता सम्मको चार्ट)



**चार्ट नं. २ (आमा पट्टिको पाँच पुस्ता सम्मको चार्ट)**




**६.३ राजवंशी समुदायको विवाह गर्ने प्रक्रिया :-**

राजवंशी जातिमा केटा केटीका कुरा मिलाउने मध्यस्थ गर्ने मानिसलाई 'करुवा' भनिन्छ । राजवंशी समुदायमा 'करुवा'को उच्च स्थान हने उनीहरुले बताए । किनकि कुनै पनि केटा केटीको विहे गराउन राजवंशी समुदायमा 'करुवा' अनिवार्य रुपमा चाहिने बताए । 'करुवा'ले कुनै पनि प्रकारको पारिश्रमिक अथवा पुरस्कार नलिने बताए । एउटा सामाजिक सेवा मात्र गर्दछन । बरबधु पक्षको करा मिलेको ठानेमा करुवाले दुवैको विवाह जुर्छ वा जुर्दैन भनेर पात्रो देखाउने काम गर्दछन । राशी मिलेन भने विवाह नहुने बताए । विवाह हुने भयो भने केटा र केटीको हेराहेर गर्ने प्रसंग आउछ र यसमा पनि 'करुवा'को भूमिकानै ठूलो हुने बताउछन । राजवंशी समुदायमा विवाह पूर्व गर्नु पर्ने केहि सामाजिक संस्कार हरु निम्न प्रकार छन :-

**६.३.१) सुभदेखा :-**

राजवंशीहरुको आफ्नो परम्परागत विधिअनुसार विवाह सम्पन्न गर्दा सर्वप्रथम यो सुभदेखा प्रचलन आउँछ। यस चलनमा छोरा या केटाको उमेर १६ वर्ष भन्दा माथि पुगेपछि

वर पट्टिकाले कन्या खोज्न थाल्नेकुरा बताए । उमेर पुगेकी १२/१३ वर्ष माथिकी र मनले खाने जस्तो खानदानमा केटीको पत्ता लागेपछि केटा पट्टिबाट एक जना मानिसलाई  करुवा (लमि) बनाएर कुन दिन केटी हेर्न केटीको घरमा जाने हो या आउनु पर्ने हो त्यसको सरसल्लाहका लागि केटीको घरमा पठाउछन । राजवंशी समाजमा केटीको सिलस्वभाव हेर्ने गरेको पाइन्छ । त्यो केटी केटाको घरको लागि अनुकुल हुन्छ वा हुदैन भन्ने जान्नका लागि केटा पट्टिबाट केटाको बुबा, हजुरबुबा, इष्त्रमित्र, लमि सहित गरेर चार पाँच जना आफन्तलाई लिएर कन्याको घरमा जाने गरेको बताए । यहाँ मिश्र (२०५७)ले भने झै विवाह गर्दा बेहुला र बेहुलीको नभएर परिवारका मुलि र नाता गोता एवं कुलका अन्य मुलिको भुमिका प्रवल रहने गरेको पाइयो ।  विवाहमा कुरा चलाउन जाँदा शनिबार र मंगलबार बाहेक अरुदिन जाने चलन रहेको बताउछन । किन कि शनिबार र मंगलबार जाँदा शुभ नहुने राजवंशिहरु बताउछन ।

त्यस दिन केटी पक्षले आएको पाउनालाई खुबै सम्मान गर्नु पर्छ । खानपिन पश्चात केटीलाई सिंगार पटार गराई सिरमा घुम्टो ओढाएर पानी भरिएको लोटा लिई पाउनाका अगाडी उभ्याइन्छ । त्यसपछि कन्याले लोटामा भरिएको पानी पाहुनाको सामुन्य घोप्ट्याएर ढोगिदिने बताए । यति गरिसकेपछि घरको आगनमा बस्नको लागि बनाएको ठाउँम कन्यालाई पूर्व दिशातिर फर्काएर राखिन्छ । पूर्व तिर फर्काएर राख्दा शुभहुने उनीहरु बताउछन । अनि पहिले कन्याको हातमा एक जोडी पान, सुपारी, पैसा केटाको बाबुले दिनुपर्छ । त्यसपछि साथमा गएकाहरुले पनि दिन्छन । यस अबसरमा पाहुना मध्येका बुढापाकाले केटीको हातको रेखा, निधारको रेखा हेर्दै केही प्रश्न पनि सोध्ने गरिन्छ । हात हेर्नुको अर्थ हातको रेका हेरी भाग्यको अनुमान गर्नु हो । यसपछि केटीले सबैलाई ढोगी दिन्छे । यो शुभदेखा कर्मको खास पक्ष के छ भने केटापक्ष बाट आउने पाहुनाहरु घरमा प्रस्थान गर्ने समय देखि लिएर फर्कने वेलासम्म र त्यो रातभरको अवधिमा दुवै पक्षतिर कुनै किसिमको अशुभ दृष्य देख्नु हुदैन, देखेमा विवाहको कुरा भङ्ग हनु जाने राजवंशी बुढापाकाहरु बताउछन यस्ता अशुभ घट्नाहरु हुन ।

१) विरालोले बाटो काट्नु ।

२) कोदालो बोकेको मान्छे जादै गरेको दख्नु ।

३) बाटोमा खाली गाग्रो देख्नु ।

४) बाटामा बाँस काट्दै गरेको वा काटेर राखेको बाँस देख्नु र

५) चोरी भएको, आगलागि भएको, मृत्यु भएको, कुटपिट भएको दृष्य देख्नु ।

यस्ता अशुभ घटनाहरुमा विचारै नगरी विवाह गर्दा नयाँ बरबधुको दाम्पत्य जीवन सुखी नहुने उनीहरु बताउछन । यस्ता दुर्घट्नाहरु दुवैतिर नघटेमा त्यस्तो विवाह शुभ हुन्छ भन्ने मान्यता रहेको पाईयो ।

### ६.३.२) दुल्हा तिल्खीबार/तिलक (केटा हेर्ने)

केटी तर्फकाले केटापट्टिको शुभदेखा खबर पाइसकेपछि यदि उनीहरु पनि केटा र केटाको घरको खानदान हेर्न चाहेको खण्डमा 'करुवा' द्वारा फलानो दिन हामी दुल्हा तिल्खामा आउछौं भनेर उसैबेला खबर पठाउने कुरा बताउछन । यस्ता प्रचलन हुनुमा सायद राजवंशी समुदाय कृषि पेशामा संलग्न भएर होला यस्ता सामन्तबादी युगका विशेषता देख्न सकिन्छ । जहाँ उत्पादन भौतिक आबश्यकता पुरा गर्नु र भएको सम्पत्तिलाई लामो समय लगाएर मोज मस्ती गर्ने प्रचलन हुँदा हाल सम्म पनि यस्ता अवशेष राजवंशी समाजमा देख्न सकिन्छ । केटाको घरको आगनमा बस्ने ठाउँ बनाएको हुन्छ । त्यहा पनि केटीलाई जस्तै केटालाई पनि पूर्वतर्फ नै फर्काएर राखिन्छ । केटालाई नयाँ धोती, कमिज, टाउकोमा पगरी, गलामा चाँदीको माला लागाइदिनुका साथै निधारमा रातो टिका लगाइने बताए । पाहुनाहरुपनि केटाको अगाडी बस्दछन । केटाको घर दियो बाली सजाउनु पर्दछ । केटिको बाबुले केटाको हातमा पानसुपारी राखिदिने बताउछन । केटीका बाबुले पैसा, लुगाफाटो र सुनचाँदी दिने प्रचलन रहेको पाइन्छ । केटीबाट आएका पाहुनाले टिका लगाउँदै आशिर्वाद दिन्छन । त्यस पछि केटाको हातको पैसा गनिन्छ । पैसा गन्दा त्यो रुपैयाँ विजोर भएको खण्डमा लमिले रकम थपि जोडी बनाइदिने बताउछन । त्यसपछि सवै पाहुनालाई ढोगी केटो घरभित्र जाने बताउछन । यस अबसरमा मानमर्यादाका लागि प्रत्यक पाहुनालाई धोती र सानालाई कपडा दिने चलन रहेको पाइन्छ । विदा हुने समयमा दुलाहाले गलामा गाम्चा भिरेर निहुरिएर दवै हातले सबैको खुट्टामा ढोगी विदा गर्ने बताउछन । त्यसपछि पाहुना घरफर्कने गर्दछन ।

भोलिपल्ट करुवा केटीको घरमा पुग्छन र केटीको बुबालाई के कस्तो भयो भनि कुरा गर्दछन । केटीको बुबाले सबै राम्रो छ भनि निधो दिएपछि कुरा पक्का (दरहगुवा) गर्ने निधो दिने बताउछन । दरहगुवाको दिन विवाहको मिति तोकिन्छ । केटाको बाबुलाई केटीको बाबुले अथवा अविभावकले विवाहको स्वीकृति सुचक पान सुपारी दिने बताए जसलाई राजवंशी भाषामा 'सुबेरपान' भन्ने गरेको बताउछन ।

### ६.३.३) पान कटानी :-

केटाकेटीको कुराकानी मिलेर जब सुवेरपान दिने काम हुन्छ । त्यसपछि मात्र विवाहका अरु कृयाकलाप क्रमशः आउदै जाने बताउछन । सुबेरपानको कार्य भएपछि बर पक्षकाले कन्या पक्षकालाई 'पान कटानी' गर्नका लागि हामी यस दिन आउदछन भनि लमी मार्फत खबर पठाउने बताउछन । उक्त दिन कन्या पक्षकाहरु तयार भइ बस्दछन । आफुले भनेको दिन बर पक्षकाहरु करुवा(लमि) सहित कन्या पक्षको घरमा गएर कन्या पक्षकालाई आफ्नो औकात हेरी तीन सय देखि नौ सय सम्म पान सुपारी दिने प्रचलन पाइन्छ । यो पानसुपारी कन्य पक्षका लागि पाहुना आउनुलाई (एगान खेचानी), निम्तोको लागि (सुभदेखानी) र ग्राम सेवाको लागि दिइने बताउछन । यदि केटि पक्षकाले पान सुपारी लिन नचाहेमा केटा पक्षकाले दिइरहनु पर्ने कुनै अनिवार्य नहुने बताउछन ।

### ६.३.४) दरगुवा/डालिखारा :-

पान कटानीको काम सकिएपछि दरगुवा विधि आउछु । राजवंशीहरु दरगुवालाई डालिखारा पनि भन्दछन । कसैकसैले पान कटानि कै दिन बर पक्षकाले कन्या पक्षकालाई दरगुवाको दिन तोक्ने गरेको बताउछन नत्र बर पक्षकाहरु सल्लाह गरेर फलानो दिन कन्याकोमा दरगुवाको लागि आउने भन्ने खबर करुवाद्वारा पठाउने बताए । राजवंशी समुदायको विवाह प्रथामा जबसम्म दरगुवाको विधि पुरा हुदैन तवसम्म विवाहको सम्बन्धमा त्यती पक्का नहुने बताए । तोकिएको निश्चित दिनमा बरपक्षका निश्चित तोकिएको संख्यामा कन्याको घरमा अतिथिको रुपमा जाने बताउछन । केटी पक्षकाहरु (पञ्च भलाद्मी) भेलाहुने बताउछन । यस अवसरमा करुवाले डालिखाराको पान सुपारी तयार गर्ने गरेको पाइन्छ । पान सुपारी तयार भए पछि खानपानको क्रम चल्छ अनि त्यसपछि बर पक्षका अतिथिलाई आँगनमा बसाइन्छ र कन्यालाई अतिथिको अगाडी राखिने बताउछन । यस पछि बर पक्षका बाट बरका बाबु या अविभावकले विवाहमा आफुले दिने सम्भव भए सम्म कपडा, गरगहना आदि त्यहि दिन दिने बताउछन । केटीका घरमा बरपक्षबाट त्यस दिन गएका अतिथिहरुले पनि आ-आफुले लगेको कोसेलीहरु दिने गरेको पाइन्छ । कन्यालाई दिएका सामान एक एक हिसाब दुवै पक्षकाले राख्ने बताउछन । कन्याका बाबु तथा अविभावकले यि विभिन्न चिजविजहरु अलिकता पनि यताउता नगरी जमानतको रुपमा राख्नुपर्ने बताउछन । किन कि यि सम्पूर्ण चिजविजहरु विवाह पछि केटाको घरमा जाने

हुन । उपरोक्त कामकुरो पुरा भएपछि बरपक्षका हरु घर फर्कन्छन । तुरुन्त विवाह गर्ने भए दरगुवाकै दिन कराल (लगन)  निश्चित गर्ने नभए करालीभार, सान्दोस आदि चलन बाँकी रहने बताउछन ।

### ६.३.५)  **करालीभार :-**

करालीभार भन्नाले विवाह गर्ने लगनको निधो गर्न केटापक्ष सरसामान सहित केटीको घरमा उपस्थित हुने विधिलाई बताउछन । उनीहरुका अनुसार यस विधिमा केटाका घरबाट कम्तिमा लमीसहित दश पन्ध्रजना मानिसहरु उपस्थित हुन्छन । यसरी जाँदा दहि, चिउरा, मिठाई, मालभोग केरा अथवा मधुवा केरा लैजानु पर्ने बताउछन । तर अठिया केरा लैजान नहुने बताउछन । माटोको घैलाको भारका साथै माछापनि सजाएर लैजाने प्रचलन पाइन्छ । यसरी विभिद कुरा सजाएर लैजाने भारलाइनै 'करालीभार' भनिने राजवंशीहरु बताउछन ।

हिजो आज यो चलन दरगुवाकै दिन पुरा गर्ने गरेको पाइन्छ । पहिला-पहिला र कसै कसैले अहिले पनि दरगुवा गरेर निकै समयपछि मात्र विवाह गर्ने मिति तोक्ने गरेको बताउछन । जवसम्म करालीभार हुदैन तवसम्म कन्यापक्षले बर पक्षको खवरलाई पर्खिरहनु पर्ने बताउछन । दरगुवा भए पछि राजवंशी विवाहको परिपाटी अनुसार कन्या र बरको आधा विवाह भैसकेको मान्य प्रचलन रहेको बताउछन । किनकि यदि यस बीचमा कन्याको मृत्यु भएमा बरले जुठो बार्नुपर्ने र बरको मृत्यु भएमा कन्या विधुवा सरहनै मान्ने प्रचलन राजवंशी समाजमा रहेको बताउछन । दरगुवा भैसकेको कन्याको अन्त विवाह गर्न नपाइने राजवंशीहरुको सामाजि नियम भएको बताउछन ।

करालीभारको परिपाटी पुरा भएपछि राजवंशी समुदायको विवाहमा आदिबास र भरभातको मुख्य प्रक्रिया बाँकी रहने बताउछन ।

### ६.३. ६) **सान्दोस (कोसेली) :-**

कन्याको सानो देखि पालन पोषन तथा हेरचाह गरेबापत बरपक्षबाट कन्या कि आमा अथवा अरु अविभावकलाई दिईने खानेकुराको कोसेलीलाई 'सान्दोस' भन्ने गरेको बताउछन । दरगुवाकै दिन पइच हरुले सान्दोस खुवाउने नखुवाउने भनि बर पक्ष समक्ष कुराकानी गर्दछन । केटा तर्फकाले खुवाउन चाहेमा भव्यरुपले ठाट्बाठ सँग एकदिन माछा,

मासु, मिठाई, दहि, आदि खाने कुरा लिएर कन्याको मा पाहुना आउने कुरा बताउछन । यो सान्दोस खुवाउनु बन्न लागेको कुटुम्बलाई आदर गर्नुहो भन्ने धारणा राजवंशी समाजमा रहेको बताउछन ।

**६.४ राजवंशी समुदायमा विवाह प्रथा र तिनमा आएको परिवर्तन :-**

राजवंशी जातिको विवाहको बारेमा विभिन्न विद्धानहरु बीच आ-आफ्नै मत रहेको पाइन्छ । श्रेष्ठ (२०६४) ले नौ प्रकारका विवाह उल्लेख गरेका छन भने घिमिरे (२०६७)ले सात प्रकारका विवाह उल्लेख गरेका छन । त्यस्तै गौतम र थापामगर (१९९४)ले पाँच प्रकारका विवाह उल्लेख गरेका छन । तर अध्ययन गरिएको क्षेत्रमा स्थानीय राजवंशीहरुले बताए अनुसार राजवंशी समाजमा निम्न आठ प्रकारका विवाह हुने बताउछन । तर अध्ययन क्षेत्रमा भने ति सबै प्रकारका विवाह प्रचलनमा रहेको भने पाइएन ।

१) फुल(मागि) विवाह २) धन्जिया विवाह ३) डाङ्गुवा विवाह ४) दामिए-दुमिए विवाह ५) घरढुकी विवाह ६) टानिए घरढुकी विवाह(जवरजस्ती विवाह) ७) समन विवाह ८) भागी ( प्रेम) विवाह ।

**१) मागि विवाह :-**

मागि विवाह अन्य जातिमा जस्तै राजवंशी जातिमा पनि राम्रो र बढि प्रचलनमा रहेको अध्ययनको क्रममा पाइयो । भिक्टर टर्नर(१९६७)ले विवाहलाई एउटा संस्कारको प्रकृया माने झै राजवंशी जातिमा विवाह गर्दा एउटा निश्चित प्रकृया पुरा गरिन्छ ।

विवाहको कुरा पक्का भएपछि केटा र केटी दुवै पक्षले पात्रो हेरी विवाहको शुभमुहुर्त निकाली विवाहको शुभारम्भ गर्दछन । विवाहको अघिल्लो हुने दिन आदिबास हुने बताउछन । यो दिन विवाहको पहिलो दिन मानिन्छ । आदिबास, बैराती गमन र भरभात राजवंशी जातिका विवाहका परिपातीका अटल रहिआएका दिनहरुहुन भनि बताउछन । आदिबासका दिन कन्याको घरमा आफ्ना सबै इष्टदेवि देवता आदिको पुजा आजा हुन्छ । टाढा टाढा बाट निम्तो मान्न इष्टमित्र, नाताकुटुम्बका मान्छेहरु, आइरहेका हुन्छन । यस दिन प्राय कन्याले आफ्नो मनपरेको साथीसँग मित लगाउने चलनपनि रहेको बताउछन । राजवंशी समुदायमा आदिबासकै दिनदेखि भोजभतेर धुमधामका साथ हुनेगरेको पाइन्छ । कन्याका दिदीहरुले यसै दिन कासा कुटा कुटेर कन्यालाई तेलमा मुछेर लगाइदिन्छन । कासा (एक प्रकारको बोजो विशेष) हो भनि उनिहरु बताउछन ।

बर पक्षपट्टि पनि आदिबासको दिन कन्यापक्षको जस्तै विधिविधानर

बातावरण हुने बताउछन । यस दिन मुख्यतया सत्यनारायणको पुजा, ग्रहशान्ति, आफ्ना कुलदेवता (कुलठाकुर) सदगुरुवा, रमाउत आदि कुलगुरुहरुको पुजाहुने गरेको बताउछन । कुलदेवताको पुजा अरु देवतासँगै गोसाँई ठाकुरले ठाकुरबारिमा धुमधाम गर्ने बताउछन । पुजाको अबसरमा कृतिनियाहरुको पनि उपस्थित हुने बताउछन । राती बरकी बजै अथवा ठूली आमाले कासा कुटा मुस्छिन र विवाहित दिदि, भाउजुहरुले, कासा कुटि बरको सम्पुर्ण शरीरमा दलिदिने बताउछन । कासा कुटा देह शुद्धताको लागि हो भन्ने यो समुदायमा धारणा रहेको पाइयो । यसै अबसरमा बरका भिनाजुहरु बहिनी ज्वाईहरुले नयाँ धोती लगाएर सानो देखि ठुलो सम्मले क्रमशः मारुवा खुद्न थाल्ने गरेको पाइन्छ । मारुवा खुदा भन्नुको ताप्पर्य खाल्डो खन्नु हो जहाँ पछि केराको एक घडी रोपिन्छ । यो कार्य आँगनमा हुने उनीहरु बताउछन । मारुवा खुदाको वेला बरका भिनाजुहरु तथा बहिनी ज्वाइलाई तिनका साली, जेठानी, अरु स्वास्नी मान्छेहरुले बेसार, रङ्ग, पानी, दहि आदी छ्यापिदिने तथा कालो मोसो दल्ने जिस्काउने गरेको रमाइलो दृष्य देख्न सकिन्छ । मारुवा खुदा भएपछि नावा ठाकुर (हजाम)ले बरलाई मारुवामा बसाएर कपाल नङ्ग काटेर शुद्ध गर्ने र त्यसपछि बरको शरिरमा विवाहित दिदि भाउजुले कासा कुदा दलिदिने बताउछन । यदि भोली बराती टाढा जानु पर्ने भए भोली विहान गर्नु पर्ने आममहलाउने विधि बरद्वारा पुरा गराइने बताउछन । आममहलाउनु भनेको राजवंशी समुदायमा आपलाई काचो धागोले पाच फन्का बेरेर आँपको विशेष पुजा गर्ने प्रचलन रहेको बताउछन । यसरी आँपको बोटको पुजा गर्नुमा उनीहरुले नयाँ बर बधुहरुको जिन्दगी पनि राम्ररी मौलाएर जाओस भनेर हो भन्ने

बताउछन । यो बैराती पुगेपछि कन्याको पक्षमा पनि कन्याले गर्ने गरेको पाइन्छ । आदिबासको राती बरले कुनै आफ्नो जाति समुदाय भित्रको साथीसंग धोती पानसुपारी सातासात गरी विभिन्न देवि देवता साक्षी राखेर मिस्टरको सम्बन्ध जोड्ने गरेको बताउछन । मिस्टर र मीतमा अलिकति अन्तर रहेको उनीहरु बताउछन । मीतले मीतको स्वास्नीको अनुहार हेर्नु हुदैन तर मिस्तरमा यस्तो कुनै नियम नरहेको उनीहरु बताउछन । आदिबासको भोलि पल्ट विवाहको जन्ति जाने दिनलाई बएरांती भनिन्छ । बएरांतिको दिन विवाह दुलाहालाई गोसाइ ठाकुरले आफ्नो कुलदेवताको स्थानमा लगेर कानमा मन्त्र फुकेर सुद्धगर्ने बताउछन । आममौलाउने कार्यबाँकी भए सो कार्य हन्छ र यसपछि दुलाहालाई कासा कुटा लगाएर पूर्णरुपले शुद्ध बताउछन । उपरोत्तक क्रियाकलाप पुराहुनासाथ बएरांती जानेसँगै बसेर भोज गर्ने गरेको पाइन्छ । भोजनमा दुलाहाले भने राती कन्यालाई सिदुर दान गर्नु

पर्ने भएकाले अन्न, नुन, तेल, बाहेक अरु खाने कुरा बताउछन । त्यसपछि दुलाहालाई शिरमा रातो रंगले रङ्गाएको फेटा लागाइदिने र धोती पनि रातै रंगको लागाउनु पर्ने बताए । दुलाहालाई सिंगारेपछि उसको हातमा सिङ्गो सुपारी रोपिएको छुरी दिइन्छ, त्यसलाई राजवंशीहरु जीवनछुरी भन्ने बताउछन । यो छुरी विवाहको विधि नसकिए सम्म दुलाहाको हातमा रहन्छ । त्यसपछि दुलाहा बेहुलीको घर तिर प्रस्थान गर्ने बताउछन । बाटोमा भेटिएका हिन्दु देविदेवताको स्थानमा दुलाहाले उत्रदै पूजा गर्दै जाने बताउछन । बएरांती दुलहीको गाउँमा पुगे पछि कन्या पक्षका केटीहरु अघिबाटै 'घाटु टेकेर' बस्छन र उनीहरुले पान सुपारी वा रुपैयाँ माग्ने गर्दछन । दुलाहा पट्टिकाले उनीहरुलाई यथासक्य चित्त बुझाएर अघि बढ्ने गरेको बताउछन । घाटु टेक्नु भन्नाले दुलाहाको पाल्की रोकेर अगाडी जान नदिनु हो भन्ने राजवंशीहरु बताउछन । बएरांती कन्याको घरको मुलगेटमा  पुगेपछि आइमाइको समुहहरुले विभिन्न व्यग्यात्मक गीत गाउने गर्दछन । यसो गर्नुको मुल ताम्पर्य विवाहबाट सम्बन्ध बाधिएपछि फेरी एक आपसमा आलोचना, गालिगलोज आदि व्यवहार गर्न कहिल्यै नपाइने हुँदा विवाहको सम्बन्ध अगाडीनै जति सक्दो सभ्य भाषामा गीतको माध्याम बाट जिस्काउने गरेको यिनीहरु बताउछन । यसपछि दुलाहालाई उनका भिनाजुले बोकेर अथिति बस्ने थाउँमा लगेर बसाउछन  र बएरांती पनि बस्दछन ।

अब विवाहको विधि प्रारम्भ हुन्छ सर्वप्रथम दुलाहा दुलहीले आ-आफ्नो घुम्टोलो आफ्नो अगाडी एक एक काइयो केरा छोपेर राख्ने बताउछन । दुलाहाका बडाबाबु वा काकाले दुलाहा दुलही दुबैको सिरमा मुकुट अथवा फूल लागाइदिन्ने बताउछन । दुलाहाले पानको पातमा सिन्दुर राखेर देब्रे हातको माझी औलाले दुलहीको सिउदो्मा सिन्दर लगाइदिने गर्दछन । त्यसपछि दुलाहाले चपाएको पान दुलहीलाई खुवाउने गरेको देखिन्छ । मन्डप भित्र दुलाहदुलहीले रमाइलो गर्नको लागि कौरी खेल्ने र एक अर्कालाई परालको डल्लो र चामलले झटारो हान्ने खेल पनि खेल्ने गरेको बताए । यसरी विवाह सम्पन्न भैसकेपछि भोली पल्ट विहान दुलही लिई जन्ति घर फिर्दछन । बएरांती घरमा आइपुगे पछि गेटमानै रोकिने गरेको देखिन्छ । दुलाहा दुलहीको पाल्की पनि त्यहि राखिन्छ । आमा बहिनीहरु कलशपानी र चाल्नी बाती लिएर त्यहा आउछन । चाल्नी बाती भन्नाले धान, दियो कलश, आमपत्ता, ऐना, काइयो , पान सुपारी राखिएको एउटा नाङ्लो हो । त्यसपछि आमाले छोरा बुहारीलाई चुमाउछिन (आशिर्वाद दिन्छीन) ।

भरभातको दिनको अन्तिम क्रममा पइंच (पञ्चभलाद्मी), टहलुवाहरु (विवाहको

काममा सहयोग गर्ने आफन्तहरु) र गाउँका इष्टमित्रहरुलाई भोज खुवाउने काम भएको देखिन्छ । यिनीहरुलाई बेहुलीले लालभात अलिकति पस्केर दिन्छीन त्सस्तै बेहुलाले दहि बाड्दै जान्छन, त्यसपछि मात्र अरु खाना दिने गरेको बताउछन । लालभात मासुले झोलले मुछिएको वा बेसार हालेर पकाइएको पहेलो भात हुन्छ, तर राजवंशीहरु यसै भातलाई लालभात अथावा हल्दिया भात भन्ने गरेको बताउछन । अन्तिम पल्टमा खाना खाने मान्छेहरुको जुठो बेहुलाले उठाएर फ्याक्ने प्रचलन रहेको देखिन्छ । यसै दिन बेलुका गोसाइ ठाकुर, कृतिनिया, हजामहरु सबै विदा हुने बताउछन ।

भरभातको दिनको अर्को दिन बेहुला बेहुलीलाई आँगनमा बसाएर टाउकोमा तेल लागाइदिने बताउछन । यो कार्य गर्नासाथा बेहुलालाई बेहुलाको भिनाजु र बेहुलीलाई बेहुलाका दिदी या भाउजुले बोकेर नुहाइदिन लैजाने बताउछन । यस क्रमलाई बास्या स्नात भन्ने गरेको उनीहरु बताउछन । त्यसपछि आँगनमा बसाएर बेहुलीकै घरमा विवाहको रात भएका कर्महरु जस्तो कौडी, पासा खेलाउने जस्ताकाम क्रमश दोहोऱ्याएर गर्ने गरेको बताउछन । भइसकेको कर्मलाई बेहुलाको घरमा पुन दोहोऱ्याउने भएकोले बास्या बैहा अर्थात बासि विहे भनिने प्रचलन रहेको बताउछन । यसपछि घरबासको क्रम आउछ । घरबास भनेको बेहुला र बेहुलीलाई एउटै कोठामा सुत्न दिने कुरा हो । घरबास दिइसकेपछि दुलहीको मन घरमा बसोस भनेर पूजा गर्ने प्रचलन रहेको राजवंशी बताउछन । आदिबासको दिनलाई पहिलो दिन मानेर आठौं दिनलाई अठुबारी भनिने चलन रहेको छ । त्यस दिन कालि माता, देविको सेवा हुने गरेको देख्न सकिन्छ । विवाहमा आउन नभ्याएका आफन्त यस दिन आउने र दुलाहा दुलहीलाई आशिर्वात दिने प्रचलन रहेको पनि देख्न सकिन्छ । यसै दिन दुलहीको माइती पक्षबाट दुलहीलाई लान भनेर केही पाहुना आउछन र आठबरीको भोलीपल्ट लिएर फर्कने बताउछन ।

दुलही माइत गएको केहि दिनपछि यसरीनै दुलाहा पक्षकाहरले दुलहीको माइतमा गइ दुलहीलाई फर्काएर ल्याउने गरेको बताउछन । यो नियमलाई साङ्गीमाङ्ना भनिन्छ । त्यसपछि साउने पानी पहाडेहरुले छलेजस्तै राजवंशी समुदायमा भने भदौरे महिना छल्ने गरेको बताउछन ।

### मागी विवाहमा आएको परिवर्तन

मागी विवाह आमा-बाबुको सहमतीमा गरिने र राजवंशी समुदायमा मान्यता प्राप्त विवाह हो भनी राजवंशीहरु बताउछन । मागि विवाहमा आएको परिवर्तनबारे स्थानीय

राजवंशी समुदायका कल बहादुर राजवीका अनुसार २/३ दशक अगाडी राजवंशी समुदाय सँग जग्गा जमिन प्रशस्त मात्रा थियो । हामीहरु आफ्नो जग्गामा खेती गरी प्रसस्त मात्रामा अन्न उत्पादन गर्दथ्यौ । यो उत्पादन गरेको अन्न आफुलाई चाहेको जति संचित गरी बाँकी बिक्रि गर्ने गर्दथ्यौ । यस्तो अन्नहरु विभिन्न उत्सव जस्तैः विवाह, चाडपर्वमा भोज, भतेर, रमाइलो गरेर खर्च गर्दथे । जसले गर्दा विवाह गर्दा लामो समय ३ महिना भन्दा बढि समय लाग्दथ्यो । यस्तो लामो दिन लगाएर गर्नुमा प्रशस्त मात्रामा अन्न हुनु र विवाहमा आफन्त बोलाएर भोज भतेर गरेर रमाइलो गर्नु हुन्थ्यो । तर पहाडी भेगबाट तराइमा ब्राम्हण, क्षेत्री, राई, लिम्बुको आगमन हुन थालेपछि राजवंशीहरुले कमाएको जग्गा यी ब्राम्हण, क्षेत्री, राई, लिम्बुले कानुनी रुपमा आफ्नो बनाउन थाले र विस्तारै आफ्नो जग्गा गुमाउन पुगेको
बताए । सयै विगाहाका जग्गा धनी हामी सँग थोरै मात्र जमिन रहन पुग्यो र कतिपय त जमिन विहिन भएको बताउछन । अहिले हामी सँग जग्गा जमिन थोरै सँग मात्र छ । प्राय जग्गा विहिन नै छौ भनी बताए । अहिले हामीसंग प्रशस्त मात्रामा जग्गा जमिन नभएको र आर्थिक रुपमा कमजोर भएकाले गर्दा २/३ दिनमा नै विवाह सम्पन्न हुने बताए ।

२/३ दशक अगाडी विवाहमा जन्ति महिलालाई नलाने गरेको तर हाल आएर महिला पनि जन्ति जान थालेको बताउछन । त्यस्तै विवाहमा पाल्की लिएर जाने चलन अनिवार्य रहेको तर हाल आएर बस, गाडी लिएर जाने चलन भएको पाइन्छ । पहिला विवाह गर्दा केटा-केटी हेराहेर गरी मन पराउन वा नपराउने र सबै कुरा अभिभावकको हातमा हुन्थ्यो । तर हाल त्यो परिवर्तन भइ केटा-केटीको मन्जुरी पनि लिने गरेको बताउछन । त्यस्तै विवाहका हुने अनावश्यक खर्च हाल आएर कम हुन थालेको उहाँले बताउनु भयो ।

**२. धोन्जिया विवाह :**

यस्तो विवाह पश्चात केटा नै केटी घरमा आजीवन घरजम गरी बस्नु पर्ने हुन्छ । यस्तो विवाह आमा-बाबुको सन्तानको रुपमा एउटै मात्र छोरी हुनु र घरको काम धन्दा हेरीदिने कोही नहुने अवस्थामा छोरीलाई विवाह गरी दिएर पराई कहाँ पठाउनु भन्दा एउटा टुहुरो, सुशील, इमान्दार केटा खोजी विवाह गरी दिइ घरमा घरज्वाई आजीवन राख्ने गर्छन । त्यस्तो विवाह गर्ने केटालाई धन्जिया भनिने बताए । तर हाल आएर यस्तो विवाह राजवंशी समाजमा कम हुने गरेको स्थानिय राजवंशीहरुले बताए । पहिले यस्ता विवाह प्रचलनमा हुनुमा राजवंशीहरुमा प्रशस्त मात्रामा खेतीपाती हुनु र बर्तमानमा यि प्रचलन हराउनुलाई हाल राजवंशी समुदाय कृषि पेशाबाट विस्तारै हराउदै जानु र युवा वर्गहरुमा पूँजिवादी

प्रर्णाली गर्दा उत्पादनको आयाममा घरपरिवार बाट क्रमश हटाउदै विशिष्टिकृत कलकारखना र अन्य कार्यलयहरुको सृटि भएका कारण श्रमिकहरुलाई लामो अवधिको लागि वा दैनिक रुपमा निश्चित समयको लागि घरपरिवारबाट स्थान्तरण गर्ने पद्धति बसालेको पाइन्छ । जसका कारण यस्ता प्रकारका विवाहको ठाउँमा प्रेम विवाहले प्रतिस्थापन गरेको पाइन्छ । जसबात स्पष्ट हुन्छ कि राजवंशी जातिको आर्थिक पक्षमा आएको परिवर्तनले उनीहरुको सामाजिक पक्ष जस्तो विवाहमा परिवर्तन आएको प्रत्यक्ष देख्न सकिन्छ । साथै विशिष्ट आर्थिक पक्ष भित्र विशिष्ट वैवाहिक स्वरुपहरु हुन्छन भन्ने कुरा राजवंशी समुदायमा देख्न सकिन्छ ।

### ३. डाङ्गुवा विवाह

विधवा विवाहलाई राजवंशी समुदायमा मान्यता दिएको बताए । डाङ्गुवा विवाह भनेको एउटी विधवा स्त्रीले कुनै एउटा पुरुषलाई पतिका रुपमा वरण गरि घरमा ल्याएर राखिने प्रथालाई भन्छि । यस्तो पुरुष विधुर अविवाहित केटा पनि हुनसक्छ । डाङ्गुवा भित्राउने दिन घरमा गाउँका आफन्तलाई बोलाइन्छ । विधवा स्त्रीले सबैको अगाडी डाङ्गुवाको खुट्टामा एक लोटा पानी खन्याएर डाङ्गुवालाई सुत्ने कोठामा भित्राएने बताए । यसरी घर भित्रिने बेला उपस्थित एक जनाले लठ्ठी (डाङ) ले छानोमा हिर्कानु पर्ने हुन्छ । छानोमा लठ्ठीले हिर्काएर लोग्ने भित्राउनु परेकाले नै यस्तै पुरुषलाई डाङ्गुवा भनिने बताए । राजवंशी भाषामा डाङ भनेको लठ्ठी हो । हाल यस्तो प्रकारको प्रथालाई समाजमा हेय दृष्टिले गर्ने गरेको देखिन्छ तर पनि यदि कसैले यस्तो प्रकारको विवाह गरेमा समाजको तर्फबाट कुनै प्रकारको प्रतक्रिया नआउने बरु मौन स्वीकृति नै जनाउने स्थानिय व्यक्तिले बताए । उनीहरुका अनुसार यस्तो विवाहबाट जन्मेका सन्तानले समाजमा अरु सरह नै मान्यता पाउछन । यो विवाहलाई सामाजिक मान्यता दिए पनि युवाहरुले विधवा विवाह गर्न नमान्ने र केटीले विवाह गर्ने भएकाले यो विवाहको प्रचलन यस समाजमा हट्दै जन थालेको यहाँमा राजवंशीहरुले बताउ । विधवालाई केटाले मन नपराउने र समाजमा हेलित हुने डरले विधवालाई पुनः अर्को विवाह गर्न अप्ठयारो परेको कुरा यहाँका बुढापाकाहरु बताउछन । यो हुनुमा यो समाज पितृसत्तात्मक भएकाले हो भनी भन्न सकिन्छ । यदि विधवा र विधुर छन भने उनीहरुको विवाह गर्न केहि सजिलो हुने बताए । यो प्रचलन हाल अध्ययन क्षेत्रका राजवंशी समाजमा रहेको पाइएन तर छिमेकी गाउँमा यस्तो विवाह भएको कुरा उत्तरदाता ले बताए ।

### ४) दामिए-दुमिए विवाह

केटा वा केटी पक्षमा तत्काल विवाह गर्ने क्षमता नभएको अवस्थामा दुवै पक्षको सहमतिमा केटा पक्षका आफ्नो दुइ-चार जना आफन्तहरुलाई साथ लिइ केटीको घरमा जान्छन र त्यहाँका समाज र पोइज (पञ्च)हरुलाई बोलाइ तिनीहरुलाई गच्छे अनुसार खानपान गराई केटी घरमा लिएर आउछन र त्यसै दिन देखी तिनिहरु लोग्ने स्वास्नीको रुपमा रहेन बताए पछि विवाह गर्ने पैसा व्यवस्था भएपछि विवाह गर्ने गर्दछन । यस्तो स्थितिमा कहिलेकाही छोरा छोरीको आमाबुबा भइसकेपछि पनि विवाह गरेको पाइन्छ । यस्ता छोराछोरीले आफ्ना आमाबुबाका विवाह हेर्न पाउदैनन । कहिलेकाही त छोराछोरीको विवाहको विधिमा आमाबुबाले विवाह गरेको पनि पाइन्छ । यस्तो हुनुको कारण आमाबुबाले विवाह नगरे सम्म छोरा वा छोरीको विवाहमा आमाबाबुको हैसियतल गर्नु पर्ने कर्ममा सहभागी हुन नपाइने हुनाले बताउछन। यस्तो प्रकारको विवाह हाल यिनीहरुमा गर्ने गरेको पाइदैन । तर कसैले गरिहाले पनि समाजले मान्यता प्रदान गर्ने गरेको बताउछन । अध्ययनको क्रममा यस्तो विवाह पनि अध्ययन क्षेत्रमा पाइयो ।

### ५) घरढुनी  विवाह

स्थानीय बुढापाकाले बताउ अनुसार एउटी केटीले एउटा केटालाई मन पराएर उसलाई आफ्नो पति बनाउने इच्छा गरि भने केटीले त्यसु केटाको घरमा गएर केटा सुत्ने केठामा पस्न जान्छिन । यस्तो प्रक्रियालाई घरढुकी भनिन्छ । यसरी केटाका घरमा पसी भने केटाको अविभावकले समाज बोलाउछन र समाजले ती दुवै जनालाई सोधपुछगरी पतिपत्नीका रुपमा बस्न स्वीकृति प्रदान गर्दछन । तर केटाले केटीलाई राख्न अस्वीकार गरेमा केटीपक्षलाई बोलाएर केटी जिम्मा लगाइन्छ ।

यस्तो विवाह गरेमा केटीलाई अहिलेका युवाहरुले अस्वीकार गर्ने, अपहेलना गर्ने, घरबाट जवरजस्ती निकाल्ने जस्ता कारणले गर्दा यस्तो विवाह गर्न कम हुदै गएको बताए । यो विवाहको प्रकार राजवंशी समाजमा निरन्तर रुपमा हट्दै जादैछ । यस्ता विवाह राजवंशी समुदायबाट क्रमश हट्दै जानुमा शिक्षाको विकास, चेतानामा आएको अविवृद्धि र रोजगारीको खोजीमा घरपरिवार बाट बाहिर बस्ने प्रचलन बढ्दा हुदा आफ्नो बैवाहिक साथीको चयन पनि आफैले नै गरेको पाइन्छ । यस सन्दर्भमा स्थानीय राजवंशी युवाहरुको भनाई “जबरजस्ती पनि विवाह हुन्छ र विवाह गर्न त मन र भावना पो मिल्नु पर्छ त ।”

### ६. टानिए घरढुरी विवाह -जबरजस्ती विवाह)

यो विवाह सामाजिक मान्यता विपरित जवरजस्ती गरिने विवाह हो । यसमा केटाले केटीलाई मन पराएर आफ्नो केहि साथीलाई साथ लिएर मौका छोपी केटीलाई जबरजस्ती घिसारेर आफ्नो घर लगी सिन्दुर लगाइदिने बताउछन । यस अवस्थाममा केटीको इच्छा नहुदानहुदै पनि केटाको पत्नीका रुपमा बस्नु पर्ने हुन्छ । यस्तो अवस्थाम केटी पक्षले केटाको विरुद्ध कतै पनि उजुरबाजुर गर्दैनन पछि समाज बसी दुवै पक्षलाई राखी मेल मिलापगरी दिने गरिन्छ । पछि केटाले केटीलाई सामाजिक रीति अनुसार विवाह गर्ने बताउछन । यो विवाहमा पुरुषको स्थान उच्च रहेको पाइन्छ । यो विवाहमा महिलाको स्थान निम्न स्तरको भएको हुनाले र हाल आएर व्यक्तिगत स्वतन्त्रता बढ्नुका साथै प्रेम विवाहको प्रचलनले गर्दा यस्ता विवाह लोप हुदै गएको हुन सक्छ । यो विवाह हिंसात्मक र जवरजस्ती खालको भएकाले यो क्रमश हट्दै गएको बताउँछन । बुढापाका राजवंशहिरुका अनुसार आज भन्दा १५/२० ्वर्ष पहिला यस्तो विवाह प्रचलनमा रहेको थियो तर आजभोली हराउदै गएको बताउछन । अध्ययन क्षेत्रका तुलसी राजवंशीका अनुसार यो चलन हराउनुमा कानुनी रुपमा दण्डनिय, समामजिक रुपमा नराम्रो हो भनि बताउछन । यस्तो विवाह अध्ययनको क्रममा अध्ययन क्षेत्रमा पाइएन ।

### ७) समन विवाह

यो समन विवाह पनि विधवा विवाह नै हो तर यो डाङ्गुवा विवाह भन्दा केही फरक पाइन्छ । यो विधवालई केही इष्टमित्र सहित बेहुला बाहेक बेहुलीको घरमा गएर बेहुली लिएर आउने प्रक्रियालाई समन विवाह भनिने बताउछन । जसमा विधवाका छोरा, छोरी छन भने पनि बेहुली सँगै लिएर आउने गरिन्छ । हाल आएर युवायुवतीहरु यस्तो विवाह गर्न नरुचाउनुमा सामाजिक मानप्रतिष्ठाको डरले र विवाह गर्नु अगावै एक अर्कालाई मनपराएर विवाह गर्ने प्रचलन हुँदा राजवंशी समाजबाट यस्तो विवाह हट्दै गएको हो भनि राजवंशीहरु बताउछन । तर पनि यो विवाहलाई राजवंशी समाजले स्वीकृति दिएको शिक्षक राम बहादुर राजवंशीले बताए ।

### ८) भागी विवाह

भागी विवाहलाई राजवंशी समुदायमा स्वीकार्य भएको कुरा यहाँका राजवंशीहरुले बताए । यसमा केटा र केटी दुवैमा माया पिरती गासिएको हुन्छ । पछि कुनै दिन मौका

छोपी दुवै जना घरबाट भागी कुनै आफ्नो हितैसी कहा लुक्न जान्छन । केटीको अविभावकले केटीको खोजी गरी पत्ता लगाई केटाको अविभावकलाई समाजको रोहवरमा केटी जिम्मा लगाउने बताउछन । तर कोही कोही केटीलाई केटाबाट छुटाएर अन्तै विवाह गरिदिने गरेको समाजमा देख्न सकिन्छ । यस्तो पोइल जाने मा अरु नै जातका कटा, केटी पनि हुन सक्छन । यस्तोमा केटाले यदि आफु भन्दा तल्लो जातको केटि भगाएर ल्याएमा घर पस्न नदिने वा समाजले घृणाको दृष्टिल् हेर्ने गर्छन भने आफु भन्दा उच्च जातको केटी ल्याएमा भने सामाजिक मान्यता पाउने गरेको पाइन्छ । यसरी अन्तरजातिय केटा र केटीले विवाह गरे भने राजवंशी समाजमा समाजका भद्र भलाद्मी, ल्याएर केटीलाई आफ्नो रीति अनुसार आफ्नो कुलमा चढाइने बताउछन । र त्यो बेला बेहुला-बेहुलीको हातबाट सबै गाउँले र पञ्चभलाद्मीले खाना खानु पर्ने बताए । यदि सानो जातकी केटी भगाएर ल्याएको छ भने पञ्च भलाद्मी र गाउँलेले केटा र केटीको हातबाट खाना खाएपछि घरका आमा-बाबुले पनि खाना खाने बताउछन । उता केटीले तल्लो जातको केटासँग विवाह गरेमा अपहेलित र तल्लो स्तरमा राखेर माइत आउन नदिने तर उच्च जातको केटा सँग विवाह गरेमा समाजले पनि उच्च र राम्रो नजरले हेर्ने हुदा माइतीले ज्वाइ स्वीकार्ने गरेको पाइन्छ ।
हालआएर सामाजिक परिवर्तनले गर्दा समाजमा जात भात भनेको केहिपनि होईन भन्ने सामाजिक मान्यताको विकास, साथै कानुन को पनि जात भात को आधारमा भेदभाव गर्न नपाईने निती अनुसार र यूवा वर्गमा पनि प्रेम विवाह प्रति बद्दो झुकाव हुदा कतिपय अवस्थामा नचाहादा नचाहदै यस्तो खालको अन्तरजातिय विवाह पनि समाजले स्वीकारर्नु पर्ने कुरा राजवंशी समुदायका बुढापाका हरुले बताए । यस्तो प्रकारको विवाह प्रसस्त मात्रामा हुने गरेको पाईयो ।

प्रेम विवाह बढनुको कारणमा शहर विस्तारलाई पनि राजबंशीहरुले एक मान्ने गरेको पाईयो । शहर विस्तार हुन थाले पछि त्यहाका राजवंशी युवा-युवतिहरु काम गर्न बाहिर जान थाले, उनीहरु वीच काममा जाने शिलशिलामा गफगाफ हुन थाल्यो । यसले उनीहरुमा एक अर्का प्रति आकषित हुन थाले । यसले गर्दा प्रेम विवाह बढेर गएको बताउँछन । साथै वाबु-बाजेहरुको १०/१२ वर्षको उमेरमा विवाह हुन्थ्यो तर अहिले आएर केटा-केटाको उमेर १८/२० वर्ष भएपछि विवाह गर्नुले पनि अहिलेका यूवा-यूवतिहरु प्रेमविवाह तिर आकर्षित भएको बताउछन ।

## ६.५ कार्यक्षेत्र अध्ययनमा निम्न प्रकारको विवाह निम्न जनाले गरिएको पाईयो

**तालिका ११**

**विवाहको प्रकार**

| विवाहको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| फूल विवाह | ५९ | ८०.८२ |
| धन्जिया विवाह | – | |
| डाङ्गुवा विवाह | – | |
| दामिए-दुमिए विवाह | २ | २.७३ |
| घरढुकी विवाह | – | |
| टानिए घरढुी विवाह | – | |
| समन विवाह | – | |
| भागी विवाह | १२ | १६.४३ |
| जम्मा | ७३ | १०० |

स्रोतः कार्यक्षेत्र अध्ययन २०६८

यस कार्य क्षेत्र अध्ययनमा मागी विवाह ५९ वटा, दामिए-दुमिए २ वटा र भागी विवाह १२ वटा भएको पाइयो । यसवाट के स्पष्ट हुन्छ भने राजवंशी समुदायमा विवाहको स्वरुपमा निरन्तर र रुममा परिवर्तन भइरहेको पाइन्छ ।

## ६.६ राजवैशी समुदायको विवाहका अन्य पक्षमा आएको परिवर्तन

### ६.६.१ जीवनसाथी छनौट गर्ने प्रक्रियामा आएको परिवर्तन

आजभोली विवाह गर्दा जीवनसाथी छनोट गर्ने प्रक्रियामा परिवर्तन आएको कुरा यहाँका राजवंशी बुढापाकाले बताए । बुढापाकाका अनुसार उनीहरुको विवाह गर्दा केटा-केटी छान्न पाइने थिएन । बाबुले वा परिवारका सदस्यले छानेको केटा वा केटीलाइ नै विवाह गर्नु पर्दथ्यो । यति सम्म कि केटा-केटीले एक अर्कालाई हेर्न सम्म पाउदैनथे । बाबु-आमाले रोजेको केटा-केटी सँग विवाह गर्नु पर्दथ्यो । तर हाल आएर यस्तो परम्परा हराएर गएको बुढा-पाका, युवा-युवतीहरुले बताए । अहिले आएर केटा-केटी भेटघाट गराउने, मन परे नपरेको सोध्ने, यदि दुवै राजी भएमा मात्र विवाहको कुरा अधि बढाउने र विवाह गर्ने बताए । यस बाट के बुझ्न सकिन्छ भने पहिले राजवंशी समुदायको मुख्य पेशा कृषि भएको

हुँदा छोराको विवाह गरेर  घरमा कामगर्न सक्ने बुहारी ल्याउन बुहारी रोज्ने प्रचलन थियो भने हालआएर छोराले आफ्नो जीवन साथी आफ्नो लागि योग्य छ वा छैन भने श्रीमती रोज्ने प्रचलन छ । अझ झन आजभोली युवा-युवतीहरु शिक्षा र रोजगारका क्रममा घर वाहिर वस्ने प्रचलन बढेको हुदा (मिश्र २०५७) ले भने झै यस्तो स्थितिमा 'नयाँ' पद्धतिको सृजना भयो –प्रेम विवाहको । उनीहरु विवाह अघि नै एक-अर्कालाई मन परापर गरिसकेका हुन्छन र उनीहरुको विवाह एक आपसमा हुने बताए । यो परिवर्तन आउनुको कारण बाह्य संस्कृतिको प्रभाव, विश्वव्यापीकरण, आधुनिकरण, चेतनाको बिकासले गर्दा हो भन्न सकिन्छ ।

### ६.६.२  विवाहको स्वरुपमा आएको परिवर्तन

राजवंशी बुढापाकाका अनुसार राजवंशी समुदायमा ८ प्रकारका विवाह पाइने बताए जसको चर्चा आगाडी गरिएको छ । ती सबै प्रकारको विवाहलाई राजवंशी समुदायले स्वीकारे वा स्वीकृति दिएको पाइन्छ । आज भन्दा १५/२० वर्ष अधि सम्म यि विभिन्न प्रकारका विवाह राजवंशी समाजमा राम्ररी देख्न पाइन्थ्यो । तर हाल आएर यस्ता परम्परागत विवाह निरन्तररुपमा परिवर्तन आएको बताए । धन्जिया विवाह, डाङ्गुवा विवाह, दामिए-दामिए विवाह, घरढुकी विवाह, टानिए घरढुकी विवाह र समन विवाह जस्ता विवाहका स्वरुप विस्तारै परिवर्तन हुँदै गएको पाइन्छ । यी विवाहका प्रकारमा सामन्तीवादी समाजका अवशेष थिए । किनकि यस्ता विवाहमा विवाह गर्ने बेहुला र बेहुलीको आफ्नो खुसी नभएर कुनै विवाह आफन्त, कुलघरनाको लागी थिए भने कुनै विवाह जबरजस्ती खालका थिए जहाँ व्यक्तिगत स्वतन्त्रता गौण बन्न पुगेको देख्न सकिन्छ । तसर्थ यस्ता विवाहका प्रकारमा निरन्तर परिवर्तन आउदै गरेको पाइन्छ । हाल आएर  राजवंशी समुदायमा प्रचचित विवाह मागी विवाह नै हो । यस बाहेक युवा-युवतीहरुले रुचाएको विवाहको स्वरुप चाही प्रेम विवाह (भागी विवाह) लाई मान्न सकिन्छ ।

### ६.६.३ दाइजो प्रथामा आएको परिवर्तन

राजवंशी समुदायमा केहि वर्ष पहिला विवाह गर्दा दाइजो दिने प्रचलन नरहेको तर आज भोलीका विवाहमा यो प्रथा प्रचलनमा आएको कुरा राजवंशीहरु बताउछन । जस्तोः कुनै केटा-केटीको विवाह गर्नु छ र केटा चाहि केटी भन्दा राम्रो, जागिरे, पढेलेखेको र कुल

खान्धान पनि केटीको भन्दा राम्रो छ भने केटीको तर्फबाट केटालाई दाइजो दिनु पर्दछ । यस्तो दाइजो दिने सर-सामानमा मोटरसाइकल, गरगहना, लुगाफाटा, गाइ, फर्निचरका सामान, रुपैयाँ पैसा, जग्गा जमिन जस्ता कुरा पर्दछन । यस्तो परिवर्तन आउनुमा बदलिदो परिवेश, छोरीको घरव्यवहारमा सहयोग मिलोस भनेर र छोराले चाहि अंश पनि पाउने तर छोरीले चाहि दाइजो पनि नपाउने भनेर बताउछन ।

### ६.६.४ चुमना प्रथा

राजवंशी समुदायमा कन्याको विवाहमा वर पक्षबाट कन्या पक्षलाई कन्याको भरणपोषण गरे बापत प्रदान गरिने एक प्रकारको रकमलाई 'चुमना' भनिन्छ । विवाहको समय निश्चित भएपछि वर पक्षले समाजबाट निश्चित भएको रकम कन्या पक्षलाई प्रदान गर्दछन । चुमताको रीत यति नै रकम तिर्नु पर्छ भन्ने छैन । राजवंशी समुदायमा 'चुमना प्रथा' प्रचलित छ तर आजकल यो प्रथा क्रमश हराउदै गएको देख्न सकिन्छ । यसको विरोधमा आन्दोलन नै भयो । राजवंशी समुदायमा विवाह गर्दा 'चुमना' नलिने र महिलाले पेटानी मात्र लगाएर नबस्ने आफ्नो इज्जत आफै जोगाउने भनेर डाँगिबारी गाउ विकास समिति वडा नं. १ निवासी स्वर्गिय श्री हंस नारायण राजवंशीको सक्रिय नेत्रित्वमा झापा जिल्लाको राजगढमा विवाह गर्दा 'चुमना' लिएको प्रसङ्गमा 'चुमना' लिने परिवार माथि सामाजिक कारवाही भएको थियो भनेर उहाँका छोरा राजु राजवंशीले बताए । त्यसपछि विस्तारै 'चुमना' प्रथा परिवर्तन हुदै गयो ।

चुमनाको रकम निश्चित गर्दा केटीको कुल, रुप र स्वभावलाई पनि ध्यानमा राखिएको बताए । वास्तावमा चुमना भोज, भतेरमा खर्च गर्न दिने रकम हो । सो रकम कन्यापक्षका लागि आर्थिक सहयोग स्वरुप दिइने रकम हो । सो रकम कन्यापक्षका लगि आर्थिक सहयोग स्वरुप दिन गरिएको बताए । विवाहको समयमा कन्यापक्षले गर्ने सेवा तथा सत्कार, भोजभतेरमा कुनै कमी नआओस भनी सो रकम दिने गरिएको बताए । यसरी चुमनाबाट व्यक्तिगत रुपमा कन्याको परिवारमा कुन फाइदा देखिदैन । बरु यसबाट विवाह भोजभतेरमा कुनै कुराको कमी हुन पाउदैन । राजवंशी समाजमा 'चुमना' प्रथालाई छोरी बेच्ने प्रथाको रुपमा लिन थालेपछि यो प्रथाको सामाजिक विरोध हुन थालेको र त्यसपछि विस्तारै यो प्रथा हराउदै गएको बताउछन ।

तर यस चुमना प्रथाको सन्दर्भमा कुरा गर्दा अध्ययन क्षेत्रका राजवंशी समुदायका हर्ताकर्ता मानिने टोम राजवंशीका अनुसार चुमना प्रथा हटेको छैन यो प्रथा परिमार्जन मात्र

भएको हो भनि बताउछन । उहाँका अनुसार आजभोली छोरीको आमा-बुबाले छोरीको विवाह गर्दा पैसा लिएमा छोरी बेचे सरह हुन्छ भन्ने मान्यता अनुसार धेरै पैसा चाहि लिन छाडेर आफ्नो परम्परा चाहीं जोगाउन पर्छ भनेर डालीमा नगद रु १०५ राख्ने चलन चाही छ तसर्थ यो 'चुमना प्रथा' पुरै हटेर गएको चाही भन्न मिल्दैन भनेर बताउनु भयो ।

# अध्याय ७

## सारांश र निष्कर्ष

### ७.१ सारांश

प्रस्तुत सोध पत्रलाई जम्म सात अध्यायमा विभाजन गरी अध्ययन गरिएको छ । अध्यय एकमा अध्ययनको पष्ठभूमि, समस्याको कथन, उद्देश्य र महत्वको बारेमा चर्चा गरिएको छ । अध्याय दुइमा पूर्व साहित्यको समीक्षा गर्ने क्रममा माक्सवादको अवधारणा, नेपालमा जनजाती सम्बन्धी अध्ययन, विवाह र आर्थिक पक्ष बिचको सम्बन्ध, राजवंशी जातिको उत्पती र राजवंशी जातिको विवाह संस्कार बारेमा व्याख्या गरिएको छ । अध्याय तीनमा अनुसन्धानको विधिको बारेमा उल्लेख गरिएको छ । अध्यया चारमा अध्ययन क्षेत्रको सामाजिक तथा साँस्कृतिक अवस्थाको बारेमा चर्चा गर्रिको छ । अध्याय पाँचमा अध्ययन क्षेत्रका राजवंशी जातिको आर्थिक अवस्थाका बारेमा व्याख्या गरिएको छ । अध्याय छ मा राजवंशी जातीको विवाहको नियम, प्रकक्रिया, प्रकार र परिवर्तनका बारेमा व्याख्या र विश्लेषण गरिएको छ र अन्तिम अध्ययययष्मा सारांश  र निष्कर्ष राखिएको छ ।

यस शोधपत्र डाँगीवारी गाँउ विकास समिति वडा नं. एक मा बसोबास गर्दै आएका राजवंशी जातिहरुको आर्थिक अबस्था र त्यसमा आएको परिवर्तनले विवाहमा आएको परिवर्तनका बारेमा व्याख्या र विश्लेषण गरिएको छ । अध्ययनको सरलताको लागि राजवंशी जातिको बसोबास रहेका वडाहरु मध्येबाट वडा नं. १ लाई मात्र अध्ययन क्षेत्रको केन्द्र मानिएको छ । यसै वडामा जनगणना विधिको प्रयोग गरि सबै घरको घरधुरी सर्वेक्षण गरिएको छ । घरधुरी सर्वेक्षण, समुह छलफल, अवलोकन र मुख्य सुचनादातासँगको अन्तरवार्ता जस्ता पद्धतिहरु अपनाइ आवश्यक सूचना तथा तथ्याङ्क संकलन गरिएको छ ।

ऐतिहासिक व्याख्या अनुसार पहिले 'कोच' भनेर चिनिने यो जातिको आफ्नै भाषा, संस्कृति, परम्परा, रहनसहन छ । राजवंशी जाति वि.स. शुरु हुनु भन्दा एक हजार वर्ष अगाडी बाट भारतको विभिन्न स्थानहरुबाट विस्तारै-विस्तारै नेपाल पसेको अनुमान गर्न सकिन्छ ।

शारीरिक बनावतमा राजवंशीलाई झट्ट हेर्दा कता कता आर्यहरुसँग मेल खान्छन तापनि यिनीहरुको शारीरिक बनावटमा अनार्यको रुप रङ्गसंग समता राख्ने विशेषता पनि पाइन्छ । राजवंशीहरु सादा, सरल, परिश्रमी र मिलनसार प्रकृतिका देखिन्छ । भोज, भतेर र

भनोरन्जनमा एकदम रमाउने खालको यिनीहरुको स्वभाव देखिन्छ ।

राजवंशी जातिमा निम्न प्रकारका विवाह पद्धति प्रचलित रहेको कुरा यहाँका राजवंशी बुढापाकाहरुले बताए ।

१) फुल (मागी) विवाह

२) धन्जिया विवाह

३) डाङ्गुवा विवाह

४) दामिए-दुमिए विवाह

५) घरढुकी विवाह

६) टानिए (जबरजस्ती) विवाह

७) समन विवाह

८) मागी विवाह

मागी विवाहमा ठूला-वडा, मान्यजनसंग सर सल्लाह गरी केटी मागेर गरिने विवाहलाई मागी विवाह भन्दछन । यो विवाहमा केटा-केटीलाई एक आपसमा हेराहेर गराउने, मन परापर गरेपछि विवाहको तयारी अघि बढाउने कुरा बताउछन । राजवंशी समुदायमा केटाको लागि केटी खोज्ने काम 'करुवा' ले गर्ने परम्परा रहेको बताए । करुवाले पहिला को कसको छोरा वा छोरीको विवाह गर्ने बेला भएको छ त्यसको विचार गर्ने बताउछन । करुवाले नै कसको छोरी माग्न जाने हो विचार गरे पछि केटाका बाबु, दाजु लगायत आफन्त केटी हेर्न जाने र केटी मन परेपछि विवाहको कुरा अघि बढाउने बताए । विवाह अगाडी शुभदेखा, दुल्ला तिल्खीवार वा केटा हेर्ने, पानकटानी, दरगुवा, करालीभार, सान्दोस जस्ता कार्यष्ठ सम्पन्न गर्नुपर्ने बताए । विवाहको दिन केटा केटीमा बरात सहित गई विवाह गरि केटि लिएर आउने बताए । कटीकोमा भोज खाने, नाँच गान गरे्र रमाइलो गर्ने बताए । त्यसपछि केटाकोमा लिएर आउने र त्यहा पनि भोज गर्ने र रमाइलो गरी विवाह सम्पन्न गर्ने बताउछन । राजवंशी समुदायमा पहिला दाइजो दिने प्रचलन दिएन बरु केटी पक्षकालाई 'चुमना' दस्तुर दिने रहेको र हाल त्यो प्रचलन हराउदै गएको बुढापाकाहरु बताउछन तर हाल आएर केटी भन्दा केटा राम्रो, पढे, लेखेको र कुल खानदानको भएमा दाइजो दिने प्रचलन पनि रहेको बताउछन ।

राजवंशी समुदायको अर्को विवाह धोन्जिया विवाह हो । यो विवाहमा विवाह पश्चात केटाले नै आजीवन केटीको घरमा बस्नु पर्ने बताए । यस्तो विवाहमा केटी एक्ली भएमा

केटीको दाजु भाई कोही नभएमा घर ज्वाई राख्ने प्रचलन राजवंशी समुदायमा रहेको बताए । तर अजभोली यो प्रथा हराउदै गएको यहाँका राजवंशीहरुले बताए । कार्यक्षेत्र अध्ययनमा यस्तो प्रकारको विवाह नरहेको पाइयो ।

डाङ्गुवा विवाह राजवंशी समुदायको अर्को विवाह हो । यस्तो विवाहमा पहिलाको लोग्ने मरेमा र विधवाले कुनै केटासँग विवाह गर्न चाहेको खण्डमा यस्तो विवाह स्वीकार्य हुने बुढापाकाहरुले बताउछन ।

दामिए दुभिए विवाह राजवंशी समुदायमा रहेको कुरा यहाँका राजवंशीहरुले बताए । यस्तो विवाह केटा वा केटी दुवै पक्षमा तत्काल विवाह गर्न नसक्ने भएमा दुवै पक्ष सहमतीमा केटीको घरमा गएर गच्छे अनुसार खानपान गराई केटी घरमा लिएर आउने विवाहलाई दामिए-दुमिए विवाह भनिन्छ । यस्तो विवाह पनि अध्ययन क्षेत्रमा पाइयो ।

घरढुकी विवाह अथावा केटीको इच्छा अनुसार विवाहमा केटीले कुनै केटा मन पराएकी छ भने उसको घरमा जवरजस्ती पस्ने बताउछन । यसरी केटी केटाको घरमा पसी भने केटाको अभिभावकले समाज बोलाउछन र समाजले ती दुवैलाई सोधी पति पत्नीको रुपमा बस्न स्वीकृति प्रदान गर्ने बताउछन । तर केटाले अस्वीकार गरेमा केटी पक्षलाई बोलाएर केटी जिम्मा लगाउने बतावउछन ।

टानिए घरढुकी वा जबरजस्ती विवाह जसमा केटाले कुनै केटी मन पराएको छ भने कुनै पनि ठाउँबाट उसलाई उठाएर जवरजस्ती केटाको घर लगेर विवाह गर्ने प्रक्रियालाइ बताउछन । यस्तो विवाहमा केटीको इच्छा नहुदा नहुदै पनि केटा सँग बस्नु पर्ने हुन्छ ।

समन विवाह यदि कुनै पहिला विधावा  भएमा उसलाई केटाको बाबु, दाबु, भाई तथा इष्टमित्र सहित गएर विवाह गरी घरमा ल्याउने परम्परा रहेको यहाँका राजवंशीहरुले बताए । यस्तो विवाहले राववंशी समुदायमा मान्यता पाएको बुढापाकाहरुले बताउछन । यो विवाह अध्ययन क्षेत्रमा पाइएन ।

प्रेम विवाह राजवंशी समुदायमा रहेको कुरा यहाँका राजवंशीहरुले बताए । केटा र केटीले एक आपसमा मन परापर गरेपछि मागेर वा ढूलाबडाको सल्लाह अनुसार यो विवाह गर्ने गरेको बताए । प्रेम विवाह कार्यक्षेत्र अध्ययनमा प्रशस्त मात्रामा रहेको पाइयो ।

समयको परिवर्तन सँगै राजवंशी समुदायको विवाहमा परिवर्तन आउदै गएको छ भन्न सकिने अवस्था छ । जसको मूख्य कारण उत्पादन प्रर्णालीमा आएको परिवर्तनले हो भन्न सकिन्छ । समयको परिवर्तन सँगै राजवंशी समुदायको हरेक व्यावहारमा परिवर्तन

आउदै गएको पाइयो ।

पहिला राजवंशीहरुको विवाह सानै उमेरमा गर्ने चलन थियो । यो उमेरमा परिवर्तन आएको बताए । अहिले उमेर पुगे पछि केटा केटी परिपक्क भएपछि मात्र विवाह गरिदिने प्रचलन रहेको बताए । या परिवर्तन आउनुको कारण्मा आर्थिक पक्षमा आएको परिवर्तनलाई नै मान्न सकिन्छ ।

पहिला पहिला केटा-केटी एक आपसमा भेटघाट, हेराहेर गर्न दिइने व्यवस्था थिएन तर हाल आएर यो प्रचलन हटेर केटा-केटीलाई एक आपसमा भेटघाट गराउने, मन परे नपरेको सोधेर विवाहको कुरा अघि बढाउने प्रचलन रहेको बताए । त्यति मात्र नभई केटा-केटी एक अर्काले आफै मन परापर भई विवाह गर्ने प्रचलन पनि बढेको बताउछन । या पनि परिवर्तनको एउटा महत्वपूण पक्ष हो ।

विवाह गर्दा राजवंशी समुदायमा २-३ महिना सम्म लाग्दथ्यो भने अहिले २-३ दिनमा सक्ने बताए । यसमा पनि परिवर्तन आएको छ । भोज भतेरमा पहिला बढी खर्च हुने गर्दथ्यो तर आजभोली कम खर्च हुने बताए ।

विवाहको स्वरुपमा पनि परिवर्तन आएको छ । पहिला फुल (मागी) विवाह, धन्जिया विवाह, डाङ्गुवा विवाह, दामिए-दुमिए विवाह, घरढुकी विवाह, टानिए (जबरजस्ती) विवाह, समन विवाह, भागी विवाह जस्ता विवहका स्वरुप समाजमा पाइन्थ्यो । तर हाल आएर त्यसमा परिवर्तन भएको बताउछन । हाल राजवंशी समुदायमा मागी विवाह र भागी विवाह बाहेक अन्य विवाहका प्रकारमा परिवर्तन भएको बताउछन । हाल पनि राजवंशी समुदायमा मान्यता प्राप्त विवाह मागी नै भए पनि यूवा वर्गले रुचाएको विवाह चाहीं प्रेम(भागी) विवाह नै भएको बताउछन ।

झापा जिल्ला, डाँगीबारी गाउँ विकास समिति वडा नं. १ का राजवंशीको आर्थिक अवस्था कमजोर रहेको छ । यिनीहरु आफ्नो दैनिक जीवन ज्यालादारी, मजदुरी, कृषिमा बिताउने र त्यसबाट आएका पैसाबाट आफ्नो दैनिक घर व्यावहार चलाउने बताए । यहाँका राजवंशीहरुले हाँस, बाख्रा, भैसी, गोरु, गाई पनि पाल्ने गरेको बताए । यी सामाग्रीको प्रयोग आफूले दैनिक जिवनमा गर्ने र बाँकी रहेको बजारमा लगि बेच्ने र आवश्यक सामाग्री किनी आवश्यकता पुरा गर्ने बताए ।

## ७.२ निष्कर्ष

यो अनुसन्धान मार्क्सवादी दृष्टिकोणबाट गरिएको छ । त्यसैले राजवंशी जातिको विवाहलाई बुझ्न पनि मार्क्सवादी दृष्टिकोणबाट बुझ्नु पर्ने हुन्छ । किन कि कुनै पनि ठाउँको विवाहलाई बुझ्न सर्वप्रथम त्यहाको उत्पादन प्रर्णालीलाई बुझ्नु पर्ने हुन्छ । खास खालको उत्पादन प्रर्णाली अर्थात आर्थिक अवस्था अनुसार विवाहको स्वरुप निर्धारण हुन्छ भन्ने मार्क्सवादी सिद्धान्तको मान्यता रहेको हुन्छ । आजको विश्व पूँजीवादी उत्पादनबाट कुनै पनि समाज अलग रहन सकेको देखिदैन । त्यसैले झापा जिल्लाका राजवंशीहरु पनि पुजिवादी उत्पादनबाट अलग रहन सक्दैनन् । केहि वर्ष अघि सम्म तराइका जमिन्दारका रुपमा रहेका राजवंशीहरु आज जमिन विहिन हुदै गएका छन । जीविकोपार्जनका लागी खेतीपाती भन्दा अन्य आर्थिक पक्षहरु जस्तै ज्यालादारी, वैदेशिक रोजगार, व्यापार-व्यावसाय आदीमा निर्भर बन्दै गएका छन । यसरी उनीहरुका उत्पादन को स्वरुपमा परिवर्तन सँगै तिनीहरुको सामाजिक, सास्कृतिक पक्ष जस्तै विवाहमा पनि परिवर्तन आएको हुन सक्छ र छ पनि । जस्तैः-उनीहरुको विवाह गर्ने उमेर, जीवन साथी छनोट गर्ने पद्धति, विवाहको स्वरुप आदी पक्षहरु परिवर्तन भएको देखिन्छ । त्यसैले यो अनुसन्धान यिनै विषयबस्तुलाई विस्तृत रुपमा केलाउने प्रयास गरिएको छ । अझ भन्ने हो भने यो अनुसन्धान झापा जिल्ला, डाँगिवारी गाउँ विकास समिति, वडा नं. १ मा बसोबास गर्ने राजवंशी समुदायको आर्थिक पक्षमा  आएको परिवर्तनले उनीहरुको विवाहमा पारेको प्रभावको बारेमा व्याख्या र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

यो अनुसन्धानमा झापा जील्ला, डाँगीबारी गाउँ विकास समिति वडा नं. १ का राजवंशीको विवाह पद्धतिमा आएको परिवर्तनको बारेमा अध्ययन गरिएको छ । जसमा मूख्य उद्देश्य राजवंशीजातिको आर्थिक पक्ष र त्यसमा आएको परिवर्तनले विवाहमा पारेको प्रभावको बारेमा विश्लेषण गर्ने रहेको छ । जस अनुसार डाँगीबारी गाउँ विकास समिति का राजवंशीको परम्परागत पेशा कृषि थियो र विवाहका स्वरुप पनि त्यहि अनुरुपको पाइयो । तर हाल आएर राजवंशीहरु कृषि पेशामा मात्र संलग्न नभई विभिन्न व्यापार, व्यावसार र मजदुरीमा संलग्न हुदै जादा पहिलाका विवाहका स्वरुप पनि परिवर्तन भई हाल अध्ययन क्षेत्रमा मागी र प्रेम विवाह बाहेक अन्य विवाहका स्वरुपहरु जस्तै :- धन्जिया विवाह, डाङ्गुवा विवाह, दामिए-दुमिए विवाह, घरढुकी विवाह, टानिए (जबरजस्ती)विवाह, समन

विवाहका स्वरुपहरु प्रायः हराएर गएको पाइयो । त्यस्तै जिवन साथी छनौट गर्ने प्रकृयामा पहिले श्रीमान वा श्रीमती छान्नुको ठाउमा परिवारको लागि बुहारी छान्ने  प्रचलन थियो भने हाल घरको लागि बुहारी नभएर आफ्नो लागि श्रीमती छान्ने प्रचलन बढेको पाइन्छ । यसै गरी विवाह गर्ने उमेरमा पहिले १६ वर्ष पुगेका केटा र १३/१४ वर्ष भन्दा माथिका केटीसंग विवाह गर्ने प्रचलन भए पनि हाल १६ देखि १८ वर्ष उमेर पुगेका युवा-युवती बीच विवाह गर्ने गरेको पाइयो । त्यस्तै दाइजो प्रथामा पनि परिवर्तन आएको पाइन्छ । पहिला विवाह गर्दा दाइजो दिनुको सट्टा उल्टै केटा तर्फ बाट 'चुमना' दस्तुर तिर्नु पर्थ्यो तर हाल त्यो  चुमना प्रथा हराउदै गएको पाइन्छ भने दाइजो प्रथा चाही यदि केटा केटी भन्दा शिक्षित, राम्रो कुल खान्दानको तथा जागिरे भए दाइजो दिने प्रचलन पाइन्छ । जसको मुख्य कारक तत्व आर्थिक पक्षमा आएको परिवर्तनलाई नै मान्नु पर्ने हुन्छ ।

## सन्दर्भसूचि


आचार्य, बलराम, २०६४, *सामाजिक संस्था र प्रक्रियाको समाज शास्त्रीय विश्लेषण,* नेशनल बुक सेन्टर, भोटाहिटी काठमाडौं ।

एंगेल्स, फ्रेडरिख, १९८६, *परिवार, निजी स्वामित्व र राज्यको उत्पति* प्रगती पुस्तक सदन, डिल्लीबजार, काठमाडौं ।

धिमिरे, विष्णुविमु ,२०६७, *झापा दिग्दर्शन राजवंशी जाति : एक प्रसङ्ग* पेज नं. ५५५-५७१ ओरिएन्टल पव्लिकेशन काठमाडौं, नेपाल ।

चौधरी, महेश, २०६४, *नेपालको तराई तथा यसको भूमिपुत्रहरु* नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

जिल्ला परिचय, झापा, २०५८, झापाः जिल्ला विकास समिति ।

तथ्याङ्क विभाग, २०५८, तथ्याङ्क विभाग कार्यालय, काठमाडौं ।

दाहाल, डिल्लीराम, १९७९, धिमाल लोक जिवन अध्ययन, रोयल नेपाल एकेडेमी काठमाडौं ।

दाहाल, डिल्लीराम, (सम्पादक), (२०५६), *नेपालका केही पिछडिएका जातिहरुको सामाजिक आर्थिक अध्ययन,* काठमाडौं : नेपाल र एसियाली जनुसन्धान केन्द्र ।

पन्त, शास्त्रदत्त २०४१, *झापाका आदिबासी,* साझा प्रकाशन काठमाडौं ।

विष्ट, डोर बहादुर, २०५५, *सवैजातीको फूलबारी* साझा प्रकाशन काठमाडौं, नेपाल ।

श्रेष्ठ, केशवकुमार, २०६४, *राजवंशी जातिको सामाजिक संरचना* शोधप्रवन्ध- विद्यावारिधि, त्रिभुवन विश्वविद्यालय, कीर्तिपूर ।

मार्क्स-एंगेल्स, १९८६, *कम्युनिष्ट पाटीको घोषणापत्र* प्रगती पुस्तक सदन, डिल्लीबजार, काठमाडौं ।

मिश्र, चैतन्य, २०६२, *पूजीबाद र नेपाल,* मूल्याङ्कन प्रकाशन गृह प्रा. लि. काठमाडौं, नेपाल

मिश्र, चैतन्य, २०५७, *विवाहको अर्थ र राजनिती,* मूल्याङ्कन ८५ (चैत्र):२३:२५

बज्राचार्य, रमेश, २०५१, *राजवंशी जाति गौरवमय इतिहास बोकेर पनि वर्तमानमा ओझेल पर्दै आएका छन,* मधुपर्क ।

सुनज, काफ्ले, २०५७, *राजवंशी महिलाहरुको सामाजिक, आर्थिक एंव सास्कृतिक अवस्था* :एक समाजशास्त्रीय अध्ययन झापा जिल्ला हल्दीबारी गा.वि.स, समाजशास्त्र/मानवशास्त्र विभाग त्रिभुवन विश्वविद्यालय, त्रिचन्द्र क्याम्पस घण्टाघर,

काठमाडौं ।
श्रेष्ठ, स्वयम्भूलाल, २०३२, *राजवंशीहरुका देव र ओझा, हाम्रो गरिमा- निबन्धसङ्ग्रह),* आलोक प्रकाशन, झापा ।

Brower, B., 1991, *Sherpa of Khumbu: People, Livestock, and Landscape.*Delhi: Oxford University Press

Bista, Dor Bahadur 1967, *People of Nepal. Kathmandu:*Ministry of Information and Broadcasting, HMG, Nepal.

Dahal D., 2008, *Research In Anthropology/Sosiology In Nepal: Yesterday & Today.,* Tribhuvan University Prithiwi Narayan Campus Department of Sociology/Anthrolopogy Pokhara.

Fricke T. E., 1986, *Himalayan Households: Tamang Demography and Domestic Process*. Ann Arbor: UMI Research Press.

Furer-Haimendorf, C. Von 1964. *The Sherpas of Nepal.* London: John Murray.

Gautam R. & A. Thapa-Magar, *Tribal Enthrography of Nepal*,Vol I, Book faith India.

Hitchcock, J. T., 1966, *The Magars of Banyan Hill.* New York: Holt, Rinehart and Winston.

Holmberg, D. 2007, "Egalitarian Society, Tamang/Black Smith Relation from Tamang Perpective", in *Occasional Papers in Sociology and Anthropology,* 10:91-120.

Macfarlane, A., 1976, *Resources and Population:A Study of the Gurungs of Nepal Cambridge:* Cambridge University Press.

Molnar A., 1981, "*Economic Strateges And Economic Constraints: Case of The Kham Magar of North West Nepal.", In Asian Highland Societies: An Anthropological Perspective*, New Delhi.

Morgan, 1988, *High Points in Anthropology,* Page no. 29-32, New York, Alfred A. KNOPF. (eds), Bohannan Paul and Mark Glazer,

Nepali, G.S. 1965, *The Newar : An Ethno-Sociological Study of Himalayan Communoty.,* Bombay Asia Publishing House.

Nepali,Gopal Singh.1966.*The Newars.*Bombay.Asia Publishibng House.

Ortner S. B. , 1978, *Sherpa Through Their Ritual:* Cambridge University Press:New York.

Ritzer, G., 2000, *Sociological Theory*, Mc Grow-Hill International Edition, New York.

Rai, N. K. 1985 *The Peoples of the Stones: The Chepangs of Central Nepal.* Kirtipur CNAS

Rajaure, D. 1981, *The Tharus of Sukuwar.*Kirtipur:CEDA

Regmi R., 1971. "Purbi Nepalka Dhimalharu(Dhimals of Eastern Nepal)". *Ancient Nepa.l ,p.19-50*

Sharma, P. R., 1997., Caste, Social Mobility and Sanskritization : A Study of Nepal's Old Legal Code. Kailash(4).

Stevens, Stanley F., 1996, *Claiming the High Ground: Sherpa Subsistane and Enviromental change in the highest Himalayan,* Motilal Babarasidas New Delhi.

Turner, Victor, 1967. The Forest of Sympols : Aspects Ndembu Rituals, Ithaca : Cornell University Press.

# परिशिष्ट १
## घरधुरी सर्वेक्षण

| सि. न. | सदस्यको नाम | घरमुली सँगको सम्वन्ध | हालको उमेर | विवाहको उमेर | लिङ्ग | रोजगार | जग्गा | शैक्षिक योग्यता | विवाहको रुवरुप | बाबुको पेशा | | पेशा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | मुख्य | सहायक | मुख्य | सहायक |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

१) तपाईको परिवारको स्वामित्वमा रहेको जमिन कति छ ?

| विवरण | कठ्ठा |
|---|---|
| खेत | |
| बारी | |

२) तपाइको आफ्नो उत्पादनको तपाईलाई कति महिना खान पुग्छ ?

..................................................................................................................

पुग्दैन भने कसरी धान्नु हुन्छ ?

..................................................................................................................

३) तपाईले पाल्नु भएको पशु पंक्षीको विवरण ।

| नाम | संख्या | नाम | संख्या | नाम | संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## परिशिष्ट. २

### अन्तर्वार्ताको प्रश्नावली विवरण

१) तपाईको जातिमा विवाह कति प्रकारको रहेको छे ?

..........................................................................................................

२) तपाइको जग्गा कति छ ?

..........................................................................................................

३) तपाइको मुल्य आयश्रोत के हो ?

..........................................................................................................

४) विवाहमा पहिला भन्दा अहिले केहि परिवर्तन आएको छ ? छ भने कस्तो र किन ?

..........................................................................................................

५) विवाहमा परिवर्तन आउनुको कारण के के छन ?

..........................................................................................................

६) मागी विवाहमा केटी माग्दा के गरिन्छ ?

..........................................................................................................

७) केटी माग्दा को मार्फत र कसरी कुरा चलाइन्छ ?

..........................................................................................................

८) विवाह कति दिनमा कसरी सम्पन्न गरिन्छ ?

..........................................................................................................

९) तपाइहरुको सबभन्दा प्रचलित विवाह कुन हो ?

..........................................................................................................

१०) समाजमा मागी विवाहलाई कसरी हेर्दछ ? किन ?

..........................................................................................................

११) मागि विवाहमा केटाकेटीको इच्छा हुनुपर्दछ की पर्दैन ? मुख्य हात कस्को हुन्छ ?

..........................................................................................................

१२) दुलही फर्काउन को-को जानु पर्दछ ?

..........................................................................................................

१३) विवाह पछि घरज्वाई बस्ते चलन छ कि आफ्नै घरमा बस्ने चलन छ ?

............................................................................................................

१४) विवाह सम्पन्न भएको कसरी थाहा हुन्छ ? त्यसपछी के-के गरिन्छ ?

............................................................................................................

१५) तपाईको समाजमा जबरजस्ती(तानेर) विवाह गरिन्छ कि गरिदैन ?

............................................................................................................

१६) जवरजस्ती विवाह कसरी गरिन्छ ? कस्तो अवस्थामा गरिन्छ ? केटी पक्षले वा केटाले नमाने के गरिन्छ ?

............................................................................................................

१७) अन्तरजातिय विवाहमा केटा-केटीले कस्तो सजाय भोग्नु पर्दछ ? किन ?

............................................................................................................

१८) तपाईको समाजमा विधवा विवाह गर्ने चलन छ कि छैन ?

............................................................................................................

१९) तपाईको समाजमा विधवा विवाहलाई समाजले कसरी हेर्दछ ?

............................................................................................................

२०) विवाहको प्रक्रियालाई कसरी अपनाएको छ ?

## परिशिष्ट –३

## राजवंशी – नेपाली शब्दावलीहरु

| राजवंशी | | नेपाली |
|---|---|---|
| आई | – | आमा |
| संग | – | साथी |
| बाउ | – | बुबा |
| आँख | – | चुलो |
| टेबुल | – | टेबल |
| आसन् | – | आउनुस् |
| जाव | – | जानुस् |
| दादी | – | हजुरआमा |
| दादो | – | हजुरबुबा |
| मुथा | – | टाउको |
| ठेङ | – | खुट्टा |
| जाम्मा | – | सर्ट |
| झला | – | झोला |
| नियाहली | – | सिरक |
| सितान् | – | सिरानी |
| बाटी | – | बटुका |
| डोल | – | बाल्टिन् |
| कर्छुला | – | पन्यू |
| तुइ | – | त/तिमी |
| तम्हा | – | तपाई |
| गेछा | – | बत्ती/कुनी |
| ऐङ्गना | – | आँगन |
| भातार | – | श्रीमान |

| | | |
|---|---|---|
| मगी | – | बुढी |
| कईना | - | बेहुली |
| दुल्हा | - | बेहुलो |

## परिशिष्ट-४

### फोटोहरु



**चित्र १.** राजवंशी जातिको विवाहमा बेहुला, बेहुली



**चित्र २.** राजवंशी जातिको विवाहमा वेहुला पाल्कीमा बस्दै



**चित्र ३.** शोधकर्ता अध्ययनक्षेत्रका राजवंशी समुदायसँग




**चित्र ४.** शोधकर्ता अध्ययनक्षेत्रका राजवंशी समुदायसँग



**चित्र ५.** राजवंशी जातिको कुल देवताको मन्दिर



**चित्र ६.** राजवंशी जातिको ग्राम देवताको मन्दिर



**चित्र ७.** राजवंशी महिला खाना बनाउदै



**चित्र ६.** राजवंशी समुदायका बालबालिकाहरु